लेखापरीक्षण प्रतिवेदन

गोकर्णेश्वर नगरपालिका, काठमाडौँ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

गोकर्णेश्वर नगरपालिका, काठमाडौँ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/189

मिति : २०८३-१-३०

श्रीमान् प्रमुखज्यू,
गोकर्णेश्वर नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय, काठमाडौँ ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/189

श्रीमान् प्रमुखज्यू,

गोकर्णेश्वर नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, काठमाडौं ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको रायः

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथाटिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितकोप्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय र व्ययतर्फ रु. ३ अर्ब ४७ करोड २२ हजारको लेखापरीक्षण गरिएको छ । नगरपालिकाको लेखापरीक्षणबाट रु. ९ करोड ९८ लाख ५२ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. ४ करोड ४५ लाख ८४ हजार फर्स्यौट भई प्रतिक्रियाबाट थप बेरुजु रु. २ करोड ४५ लाख २८ हजार कायम भएको छ । जसमध्ये असुल गर्नुपर्ने रु. ८१ लाख ३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ९८ लाख ७२ हजार, नियमित गर्नुपर्ने रु. ४ करोड ७३ लाख १५ हजार र पेश्की बाँकी रु. ४५ लाख ६ हजार गरी जम्मा रु. ७ करोड ९७ लाख ९६ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. ४५ करोड ५३ लाख ४६ हजार मध्ये रु. ८ करोड २२ लाख ६२ हजार फर्स्यौट भई यस वर्षको थप रु. ७ करोड ९७ लाख ९६ हजार समेत हालसम्म अद्यावधिक बेरुजू रु. ४५ करोड २८ लाख ८० हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएकोछैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारीलेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्यप्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामीस्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेकाछौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन रसोको कार्यान्वयन, अनुदान वितरण तथाअनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही रयथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रणप्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तताप्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्यहो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ।लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारीलेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्यप्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षणगरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्तालेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएकासबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीयविवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएकाजालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु					
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने				पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
१०१	१८३	९,९८,५२,३५२	०	७४	४,४५,८४,४६९	२,४५,२८,५६५	१०१	१०९	७,९७,९६,४४८	८१,०३,३३८	४,७३,१४,५९२	१,९८,७१,६४३	०	०	६,७१,८६,२३५	४५,०६,८७५

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
काठमाडौं	४५,५३,४६,६८२	०	८,२२,६२,६४८	३७,३०,८४,०३४	०	७,९७,९६,४४८	४५,२८,८०,४८२

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	३८.३	विभिन्न बैठक भत्ता भुक्तानी	७५,४८०
२	२०८१/८२	५८.१ र ५८.२	योजना अनुगमनमा खाना, खाजा भत्ता	१,६२,३३४
३	२०८१/८२	२१	भुक्तानीमा कर	२,९९,५७१
४	२०८१/८२	१८	दरबन्दी भन्दा बढी कर्मचारी	३,२४,०४,८०४
५	२०८१/८२	१९	दरबन्दी बेगरका कर्मचारी	१,१६,४२,२८०
६	२०८०/८१	८५	स्थानीय तह पाठ्यपुस्तक लेखन	२,३९,७००
७	२०८०/८१	४९	स्तरवृद्धि तथा बढुवा पश्चात ग्रेड	३,५१,२५८
८	२०८०/८१	७४	सहभागी भत्ता	१,३०,९००
९	२०८०/८१	५०	शिक्षा तर्फ	१५,४८,९८७

१०	२०८०/८१	४८	भर्पाइ बेगरको खर्च	७२,२५०
११	२०८०/८१	62	बिल भर्पाई	८,३४,०००
१२	२०८०/८१	६८	प्रशिक्षण भत्ता	११,५६०
१३	२०८०/८१	८९	पेश्की	१,०८,५८,७६८
१४	२०८०/८१	८३	धरौटी फिर्ता	३,४३,१७३
१५	२०८०/८१	४१	खानेपानी पाइप	३,०५,९७०
१६	२०८०/८१	१९	कर रकम	४२,२९५
१७	२०८०/८१	१९	कर रकम	२८,७६९
१८	२०८०/८१	६९	उपचार खर्च रकम	१,५२,९७३
१९	२०८०/८१	५८	उद्यम विकास सहजकर्ता	८,७५,४५२
२०	२०८०/८१	५६	अन्य निकायको खर्च	६०,३८,२०१
२१	२०८०/८१	२४	अन्य निकायको खर्च	११,१५,२४१
२२	२०८०/८१	३२	अनुगमन भत्ता	११,०५०
२३	२०७९/८०	९	रिटेन्सन मनी	१,७६,१९६
२४	२०७९/८०	५८	अग्रीम कर	१२,८७९
२५	२०७८/७९	७५	वडा सचिवको नाममा रकम दाखिला	१२,२१,०५६
२६	२०७८/७९	१२	पेश्की बाँकी	२,३२,७९,०००
२७	२०७८/७९	८४	नाफामूलक संस्थालाई अनुदान	१३,००,०००
२८	२०७८/७९	३६	खाजा खर्च	११,१५,७२२
२९	२०७७/७८	६८	सोझै खरिद	५४,४०,०६६
३०	२०७७/७८	११०	सब कन्ट्र्याक	८२,२६,०००
३१	२०७७/७८	१२८	बेसको कार्य गरी छाडेको	३,०५,०११
३२	२०७७/७८	७	नमुना विद्यालयलाई कार्यसम्पादन अनुदान	१,५०,००,०००
३३	२०७७/७८	१२६	क्लबलाई बजेट	१३,००,०००
३४	२०७७/७८	५६	कर कट्टी नगरेको	५,००४
३५	२०७७/७८	१२३	उपभोक्ता समितिले सब कन्ट्याकबाट कार्य	१९,१३,१६७
३६	२०७७/७८	५३	अन्य कर्मचारीलाई न्यायिक समिति बैठक भत्ता	८,०००
जम्मा				१२,६८,४७,११७

गोकर्णेश्वर नगरपालिका

(८०३३५४०३३००)

गोकर्णेश्वर नगरपालिका , काठमाडौं

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागीता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल ५८.५० वर्ग किलोमिटर तथा १४९३६६ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।१०।०४ देखि २०८२।१०।२७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - कार्यालयको आय र व्यय तर्फ गरी रु. ३ अर्ब ४७ करोड २२ हजार १०५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

२.१ **एकीकृत वित्तीय विवरण :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र

व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

प्राप्तितर्फ		भुक्तानीतर्फ	
विवरण	रकम	विवरण	रकम
सुरु मौज्दात		**चालु खर्च**	
क) संचित कोष मौज्दात	१००६६३१५३.७१	१. पालिका तर्फ	५४७३२४१२७.७८
ख) धरौटी	१७०३४०१५.७१	२. संघीय सशर्त	२३९०४८९८०.३५
ग) मर्मत संभार कोष	१२६९५३०७.	३. संघीय विशेष	
घ) कर्मचारी कल्याण कोष	११४६६२६७.	४. प्रदेश सशर्त	८०९८६२२.
ङ) विपद् व्यवस्थापन कोष	२२३१२०७.६५	५. प्रदेश विशेष	
च) विविध खाता अल्या	१८२२३८००.७५	**पुँजीगत खर्च**	
छ) विभाज्य कोष अल्या	१६१४५०७५.	१. पालिका तर्फ	४९१७४५९११.९५
यस वर्षको आय		२. संघीय सशर्त	३८८७२३९९.
१.आन्तरिक आय		३. संघीय विशेष	
क) आन्तरिक श्रोत	३४१८५४२८७.९८	४. संघीय समपुरक	१०३७७७७३.
ख) जिससबाट प्राप्त	०.	५. प्रदेश सशर्त	१७६१८४९९.
ग) सडक बोर्ड	०.	६. प्रदेश विशेष	३८३२४९५.
२. वित्तीय हस्तान्तरण (संघ)		७. प्रदेश समपुरक	२६०७१७२१.
क) वित्तीय समानीकरण अनुदान	२३२९७८६४०.	**अन्तर सरकारी अख्तियारी (संघ)**	
ख) सशर्तअनुदान	३२२०७१०००.	१. सामाजिक सुरक्षा तथा संरक्षण	१५४४२७४२८.
ग) समपुरक अनुदान	१०३७७७७३.	२. पर्यटन पूर्वाधार विकास आयोजना	२५०००००.
राजश्व बाडफाँड	१३१९९०२५३.२१	३. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१४२८०६८०.१
च) रोयल्टी	९४६९१९.	४. एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	४२३२०७०८.
३. वित्तीय हस्तान्तरण (प्रदेश)			
क) वित्तीय समानीकरण अनुदान	२७२६५०००.	**अन्तर सरकारी अख्तियारी (प्रदेश)**	
ख) सशर्त अनुदान	२९२६८०००.		
ग) विशेष अनुदान	३९५००००.	**ऋण फिर्ता(साँवा)**	
घ) समपुरक अनुदान	२६९०६०००.	**ऋणको ब्याज भुक्तानी**	
ग) वाडंफाडंवाट प्राप्त हुने सवारी साधन कर	५१६३५५०६.५१	**विपत व्यवस्थापन कोष खर्च**	१६०७६२८०.
ङ) घरजग्गा रजिष्ट्रेशन दस्तुर	२२५९६४२७२.	**मर्मत संभार कोष खर्च**	१२६९५३०७.
४. अन्तर सरकारी अख्तियारी (संघ)		**विविध खाताको खर्च**	४७५६६७९६.७६
सामाजिक सुरक्षा तथा संरक्षण	१५४४२७४२८.	**धरौटी फिर्ता**	२८५९६९९.
पर्यटन पूर्वाधार विकास आयोजना	२५०००००.	**विभाज्य कोषबाट भएको खर्च**	२४२४४१००.
स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१४२८०६८०.१	**गैरसरकारी संस्थाबाट सञ्चालित योजना**	
एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	४२३२०७०८.	**अन्य सहयोगमा सञ्चालित योजना**	
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)	०.	**अन्य खर्च भएमा**	
		अनुदान फिर्ता	

६. ऋण/ वित्तीय व्यवस्था	०.	१. संघ तर्फ	
७. धरौटी आय	६३२१३२६.	क) सशर्त अनुदान	४४२६५५५५.६५
८. कार्यसञ्चालन कोष आय		ख) विशेष अनुदान	०.
कर्मचारी कल्याण कोष	२००००००.	ग) समपुरक अनुदान	०.
विविध खाता आम्दानी	५५२६५६४०.५५	२. प्रदेश तर्फ	
विपदव्यवस्थापन कोष आम्दानी	१३८४७९१२.	क) सशर्त अनुदान	३५५०८७९
९. विभाज्य कोषको आय	१०१३८००९.	ख) विशेष अनुदान	११७५०५
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना		ग) समपुरक अनुदान	८३४२७९
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना		**अन्तिम मौज्दात**	
१२. अन्य आय भएमा		क) संचितकोष खाता	८७६२९८४९.४८
CGAS तर्फको धरौटी आय	१४६७८५२.	ख) धरौटी खाता	२१९६३४९४.७१
१३. स्थानीय राजस्व बाँडफाँड	१३५१५१५१.८	ग) मर्मत संभार कोष	०.
		घ) कर्मचारी कल्याण कोष	१३४६६२६७.
		ङ) विपत व्यवस्थापन कोष	२८३९.६५
		च) विविध खाताको वांकी	२५९२०००४.५४
		विभाज्य कोष बाँकी	
		क) दहत्तर वहत्तर	२०३८९८४.
		ख) विज्ञापन कर	०.
जम्मा	१८९९७५११८५.९७	जम्मा	१८९९७५११८५.९७

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आयव्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान गर्नुपर्दछ।वर्षान्तमा स्रेस्ताअनुसार रु.१३,७५,५५,१७२.३८ रहेको देखिएकोमा बैंकअनुसार रु. १५,१०,२१,४३९.४० मौज्दात रहेको विवरण पेस भएको छ । स्रेस्ताभन्दा बैंकमा रु. १,३४,६६,२६७ बढी रहेको कारण यकिन गरी हिसाब मिलान विवरण तयार गर्नुपर्दछ ।

२.३ **फरक हिसाब**

गत वर्षको जिम्मेवारी - एकीकृत वित्तीय प्रतिवेदनअनुसार गत वर्षको जिम्मेवारी रु. १७ करोड ८४ लाख ५८ हजार ८२६ रहेकोमा म.ले.प.फा.नं. २७० मा रु. १६ करोड ६९ लाख ९२ हजार ५५९ जिम्मेवारी रही रु. १ करोड १४ लाख ६६ हजार २६७ फरक परेको देखिन्छ । फरक परेको सम्बन्धमा नगरपालिकाले हिसाब यकिन गरी प्रमाण पेस गर्नुपर्दछ ।

कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी - यस नगरपालिकाको सञ्चित कोष व्यवस्थापन प्रणालीअनुसार वित्तीय विवरणको टिप्पणी ६.२ (नगद र बैक मौज्दात) मा बैंक तथा नगद मौज्दात रु. १३,७५,५७,८१२.८१/- देखिएकोमा टिप्पणी ६.३ (स्रेस्ता तथा बैक मौज्दातको विवरण) मा रु. १३,७५,५५,१७२.३८/- बैंक तथा स्रेस्ताअनुसार देखिएको छ । फरक रकम रु. २,६४०.४३/- कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी देखिएकोले नगरपालिकाले उक्त रकम दाखिला गरी हिसाब मिलान गरेको प्रमाण पेस गर्नुपर्दछ ।

२.४ **अन्तर सरकारी अख्तियारी** – पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको

प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) तयार गर्नुपर्छ । नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसारको वित्तीय विवरण तयार गर्नको लागि पालिकाले अन्तरसरकारी अख्तियारीको कारोवार सुत्रको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) सम्बन्धित अनुसूची - १४ मा प्रविष्ट गर्नुपर्नेमा सो गरेको पाइएन । सुत्रबाट तयार भएको वित्तीय प्रतिवेदनमा अन्तर सरकारी अख्तियारीबाट प्राप्त सामाजिक सुरक्षाको रु. १५,४४,२७,४२८/-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १,४२,८०,६८०/-, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ४,२३,२०,७०८/- र पर्यटन पूर्वाधार विकास आयोजनाको रु. २५,००,०००/- समेत जम्मा रु. २१,३५,२८,८१६.१०/- समावेश नभएकोले पालिकाको उक्त प्रतिवेदनले पालिकाको यथार्थ वित्तीय अवस्था चित्रण गरेको छैन ।

२.५ **वित्तीय प्रगति विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा पालिकाले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी सङ्घीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष सञ्चित कोषको चौमासिक/त्रैमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन । अनुगमन व्यवस्थालाई प्रभावकारी बनाउन तथा वित्तीय प्रतिवेदनलाई पारदर्शी बनाउन कानुन बमोजिमका विवरणहरू तालुक निकायमा पठाउनु पर्दछ ।

२.६ **बजेट तुलना विवरण** - स्थानीय तहको सञ्चित कोषको एकीकृत वित्तीय विवरणको लागि म.ले.प.फा.नं. २७०-१ देखि २७०-७ रहेको छ र सोको प्रस्टीकरणको लागि लेखानीति तथा टिप्पणीहरु एवम् अनुसूचीहरु तयार गरी प्रतिवेदन गर्नुपर्दछ । पालिकाले सुरु तथा अन्तिम बजेटबीचको परिवर्तन तथा बजेट भित्रकै पुन:बाँडफाँड (Reallocation) को कारण खुलाई सारभूत फरकको व्याख्या परस्पर सन्दर्भ (Cross reference) को रूपमा टिप्पणीमा खुलासा गरेको पाइएन । नगरपालिकाको बजेट तुलनात्मक विवरण (म.ले.प.फा.नं. २७०-०४) देहायबमोजिम रहेको देखिन्छ । (रकम रु. हजारमा)

विवरण	चालु आ.व.			गत आ.व.		
	सुरु बजेट/ अनुमान	अन्तिम कायम बजेट/ अनुमान	यथार्थ प्राप्ति / भुक्तानी	सुरु बजेट/ अनुमान	अन्तिम कायम बजेट/ अनुमान	यथार्थ प्राप्ति / भुक्तानी
क. आयतर्फ						
११००० कर	९४१६३५	९४१६३५	५७३६४२	७६०७४१	७६०७४१	५५३४६२
१३००० अनुदान						
संघीय सरकार	५८८५०६	५८८५०६	५२११६२	५३७६००	५३७६००	४९७०८६
प्रदेश सरकार	९१५३३	७०३७३	८२८८६	६७६६८	६७६६८	५२८६७
जनसहभागिता	०	०	०	१००००	१००००	३७०६
१४००० अन्य राजस्व	१९४१००	१९४१००	१८८६१९	१९३१००	१९३१००	१११४५८
१५००० विविध प्राप्ति	१०००	१०००	३६४८	१०००	१०००	०
जम्मा	१८१६७७४	१७९५६१४	१३६९९५७	१५७०१०९	१५७०१०९	१२१८५८०
ख. व्ययतर्फ						
३ चालु	९४८९६४	९४८९६४	७९४४७२	९३८८३८	९०१७१८	७८९१६८
२१००० पारिश्रमिक / सुविधा	३८३७४९	३८३७४९	३१७७११	३३८१५२	३२३१५२	३०६१००
२२००० मालसामान तथा सेवाको उपयोग	४२१०७३	४२१३७३	३५९८०७	४९४६११	४६८६९१	३८५४६१
२५००० सहायता (Subsidy)	९२१८९	९२१८९	७३९३२	४८६८९	६६६८९	५९०२९
२६००० अनुदान	२५००	२५००	२५००	१८००	१८००	१५००
२७००० सामाजिक सुरक्षा	३४१५३	३४१५३	२८४५४	३१५८६	२५३८६	२४०८७
२८००० अन्य खर्च	१५३००	१५०००	१२०६७	२४०००	१६०००	१२९९०
४ पूंजीगत	८८६८१०	८८६८१०	५८८५१९	७१६७७१	७५८४९१	४१९४२४
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	८८६८१०	८८६८१०	५८८५१९	७१६७७१	७५८४९१	४१९४२४
५ वित्तीय	१०००	१०००	०	०	०	०
३२००० वित्तीय सम्पत्ति	१०००	१०००	०	०	०	०
जम्मा	१८३६७७४	१८३६७७४	१३८२९९१	१६५५६०९	१६६०२०९	१२०८५९२
बचत (न्युन) रकम (क - ख)	-२००००	-४११६०	-१३०३३	-८५५००	-९०१००	९९८८

२.७ **विभाज्य कोष** - विभाज्य कोषको वार्षिक विवरणअनुसार यस वर्ष उक्त कोषमा प्राप्त आम्दानी रु. २,७८,८०,१३५/- मध्ये सङ्घीय सञ्चित कोषमा रु. ३३,१५,८९८/- प्रदेश सञ्चित कोषमा रु. ९०,१०,१०१/- र स्थानीय तहको सञ्चित कोषमा रु. १,३५,१५,१५२/- बाँडफाँट गरी रु. २०,३८,९८४/- बाँडफाट गर्न बाँकी रहेको देखिन्छ । वर्षान्तमा यस कोषमा रहेको रकम सम्बन्धित कोषमा बाँडफाँट गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.८ **अनुदान फिर्ता** - विनियोजन ऐन, २०८१ को दफा ६ (१०) मा सङ्घीय सरकारबाट हस्तान्तरित सशर्त, समपूरक र विशेष अनुदानको रकम खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सोही आर्थिक वर्षको असार मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत सङ्घीय सञ्चित कोषमा र बागमती प्रदेशको प्रदेश विनियोजन ऐन, २०८१ को दफा ६ (१०) मा प्रदेश सरकारबाट हस्तान्तरि सशर्त, समपूरक र विशेष अनुदानको रकम खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सोही आर्थिक वर्षको असार मसान्तभित्र सम्बन्धित स्थानीय तहले प्रदेश लेखा एकाइ कार्यालय वा प्रदेश लेखा नियन्त्रक

कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले मिति २०८२।०३।३१ मा सङ्घीय सञ्चित कोषमा रु. ४,४२,६५,५५५.६५/- र प्रदेश सञ्चित कोषमा रु. ४५,०२,६६३.००/- गरी जम्मा ४,८७,६८,२१८.६५/- अनुदान फिर्ता गरेको देखिन्छ ।

३ आन्तरिक आय

३.१ **आय अनुमान** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ९२ करोड ५६ लाख ३४ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. ३८ करोड ४३ लाख ७० हजार अर्थात् अनुमानको ४१.५२ प्रतिशत आय प्राप्त गरेको छ ।न्यून आय प्राप्तिका कारण र आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिनुपर्दछ ।

३.२ **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट रु. १ अर्ब ३ करोड ४३ लाख ५५ हजार प्राप्त गरेकोमा आन्तरिक आय रु. ३८ करोड ४३ लाख ७० हजार को तुलनामा आन्तरिक आयको हिस्सा ३७.१६ प्रतिशत रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३.३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । (रकम रु. हजारमा)

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	२२४६३४	४५०८५	२०.०७
घरजग्गा वहाल कर	२०००००	१०३४६९	५१.७३
व्यवसाय कर	८००००	३९२०	४.९

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित आय यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

३.४ **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३९ लाख २० हजार ।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३.५ **निकासी कर** – स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा २ घ को (६) तथा गोकर्णेश्वर नगरपालिकाको आर्थिक ऐन,२०८१ को दफा १८ को अनुसूची - १४ मा गोकर्णेश्वर नगरपालिका क्षेत्र भित्र बालुवा र माटो लिई गुड्ने सवारी साधनलाई बालुवा प्रतिघन फिट रु ९, र माटो प्रतिघन फिट रु. २.५० का दरले निकासी कर लिने व्यवस्था रहेको छ । पालिकाले आ व २०८१।८२ को लागि बालुवा,माटो लिई गुड्ने सवारी साधनहरुबाट निकासी शुल्क दस्तुर संकलनको आन्तरिक आय सम्वन्धी शिलबन्दी बोलपत्र आव्हान गरी ३ वटा वोलपत्र परेकोमा अधिकतम् अंक रु. ८४.७६,१३०। कबोल गर्ने Robi Construction and Suppliers सँग सम्झौता गरी उक्त बोलपत्रदाताबाट रकम प्राप्त गरी राजश्व बाँडफाँट भएको देखिन्छ ।

३.६ **दर्ता नभएका फर्महरु** - गोकर्णेश्वर नगरपालिकाले जारी गरेको आर्थिक ऐन, २०८१ अनुसार व्यवसाय सञ्चालन गर्ने फर्म वा कम्पनीले पालिकामा फर्मदर्ता गरेर मात्र व्यवसायिक कारोबार गर्ने व्यवस्था छ । यस नगरपालिकाको कार्य क्षेत्र भित्र स्थापना भई व्यवसायिक कारोबार गरेका पालिकाले गत विगत वर्षमा पनि अनुगमन गरी लेखापरीक्षण प्रतिवेदनमा समेत उल्लेख भएकोमा वर्डलिंक प्रा.लि., क्लासिक टेक प्रा.लि., सुविशु (इन्टरनेट), नेपाल टेलिकम केबल,

भायो नेट, Dish home, श्री फाइवर लिंक प्रा.लि., श्री मेटा लिंक प्रा.लि., श्री वेब सर्फर, नेपाल , CG नेट, होम कम्यूनिकेशन लगायतका १० इन्टरनेट सेवा प्रदायक संस्थाहरु यो आर्थिक वर्षमा समेत पालिकामा दर्ता भई कारोबार सञ्चालन गरेको तथा लाग्ने करहरु यकिन गरी संकलन गरेको पाईएन । पालिकाले सञ्चालन मितिको आधारमा आवश्यक करहरु यकिन गरी असुल गर्नुपर्दछ ।

३.७ **सम्पत्ति कर** – गोकर्णेश्वर नगरपालिकाको आर्थिक ऐन,२०८१ को दफा – ३ मा गोकर्णेश्वर नगरपालिका भित्र रहेका व्यक्ति तथा संस्थाको नाममा दर्ता भएका र दर्ता हुन वाँकी रहेका जग्गाहरुमा निर्माण भएका भवन वा संरचना र निर्मित घर भवन वा संरचनाको जग्गामा अनुसूची – २ बमोजिम सम्पत्ति कर लगाई असुल उपर गरिने व्यवस्था रहेको छ । साथै यस आर्थिक वर्षमा कर भूक्तानी नभई वक्यौता रहेको अवस्थामा उक्त करमा १५ प्रतिशत जरिवाना लाग्ने समेत व्यवस्था रहेको छ ।यस नगरपालिका भित्र रहेको नेपाल मेडिकल कलेज प्रा.लि. को सम्पत्ति कर गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत उल्लेख भएकोमा उक्त रकम दाखिला भएको देखिएन । साथै यस आर्थिक वर्षको उक्त प्रा. लि को पालिकाबाट मुल्यांकन भएको सम्पत्ति कर रु. ६५ लाख ४ हजार २५७ दाखिला भएको देखिदैन । उक्त रकममा १५ प्रतिशतले हुने जरिवाना सहित जम्मा रु. ७५ लाख ४ हजार ६७३ रुपैया असुल गरी सञ्चित कोषमा दाखिला हुनुपर्ने देखिएको रू.

असुल गर्नुपर्ने	७५,०४,६७३

३.८ **व्यवसाय नविकरण** - गोकर्णेश्वर नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा ३, ४ र ५ मा सम्पत्ति कर,घर जग्गा वहाल करको व्यवस्था रहेको छ । पालिकाले दिएको विवरण अनुसार यस आर्थिक वर्षमा निम्नानुसारका करदाताको नवीकरणको अवस्था देहाय बमोजिम देखिएको छ । पालिकाले नवीकरण नगर्ने करदाताहरुको कर यकिन गरी कर रकम संकलनमा थप पहल गर्नुपर्ने देखिन्छ ।

क्र स	करको किसिम	जम्मा करदाता	कर तिरेको संख्या	कर नतिर्ने करदाताको संख्या	कर नतिर्ने करदाताको प्रतिशत
१	घर जग्गा बहाल कर	२७६५९	१७६०४	१००५५	३६.३५
२	व्यवसाय कर	८६१०	८२८६	५१२	५.९४
३	वहाल कर	९२३५	८४२३	९१९	९.९५
४	जम्मा	४५५०४	३४३१३	११४८६	२५.२४

४ बजेट नीति तथा कार्यक्रम

४.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम पालिकामा आयको प्रक्षेपण र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गरी फाल्गुन महिनाभित्र आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत बजेट प्रक्षेपण गर्नुपर्ने, प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई बजेट सीमा उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले सो समयमा विषयगत शाखा तथा वडा समितिलाई बजेटको सीमा उपलब्ध गराएको छ । बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण गर्दा पालिकाले थप दुई वर्षको बजेट प्रक्षेपण गरेको पाइएन । ऐनमा व्यवस्था भएअनुसार आय तथा बजेट प्रक्षेपण गरी स्थानीय तहको बजेट चक्रलाई प्रभावकारी बनाउनुपर्दछ ।

४.२ **बजेट तथा कार्यक्रम तर्जुमा समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा पालिकामा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने, बजेट सीमा निर्धारण समितिले दिएको बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्ने र योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रमबीच आपसी तादम्यता तथा परिपूरकता कायम गर्नुपर्ने उल्लेख छ । ऐनमा व्यवस्था भएअनुसार समितिले स्थानीय तहको आवश्यकताअनुरूप कार्यक्रमको प्राथमिकीकरण गरेको पाइएन । बजेटको सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४.३ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । साथै दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने

अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकामा नगर उपप्रमुखबाट मिति २०८१।०३।०७ मा रु. १,८३,६७,७४,०००।- को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।१४ मा सभाबाट पारित भएको पाइयो । यसैगरी नगर प्रमुखले मिति २०८१।०३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । बजेट पेस तथा पारितको प्रक्रिया कानुनले तोकेको समयसीमाभित्र सम्पन्न भएको देखिन्छ भने अख्तियारी दिने कार्य तोकेको अवधिभन्दा ढिलो भएको पाइयो । समयमै बजेट खर्च गर्ने अख्तियारी प्रदान गरी बजेट चक्रलाई प्रभावकारी बनाउनुपर्दछ ।

४.४ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । नगरपालिकाले मिति २०८१।०९।२९ को १४ औँ नगरसभाको निर्यणमार्फत विभिन्न ५५ योजनाबाट रु. ४ करोड ७४ लाख ६६ हजार पुँजीगत बजेट घटाएर रकमान्तर गरी खर्च गरेको छ । कार्यपालिकाको निर्णयबाट गरिएको रकमान्तरको विवरण प्राप्त भएन । यसरी पटक-पटकको निर्णय मार्फत योजनामा बजेट रकमान्तर गर्ने कार्यमा नियन्त्रण गरी बजेटमा समावेश भएका स्वीकृत योजना तथा कार्यक्रम सञ्चालन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

४.५ **अवण्डा वजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट तथा कार्यक्रम प्राथमिकीकरण गरी आय/व्यय अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष देहाय अनुसार रु. ३७ करोड ०४ लाख अवण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेको छ । यो वर्ष पालिकाको बजेट खर्च रु. १ अर्व ३८ करोड २९ लाख भएकोमा अवण्डा वजेट शिर्षकबाट मात्र रू. १३ करोड ०६ लाख अथवा ९.४४ प्रतिशत खर्च गरेको छ । अवण्डा रकम नगरपालिका प्रमुखको तोक आदेश तथा कार्यपालिकाको पटक पटकको निर्णयबाट योजनाहरुमा बाँडफाँड गरी खर्च भएको देखिन्छ । यस्तो परिपाटीले विनियोजन दक्षता कमजोर देखिने तथा वित्तीय अनुशासनको पालना नहुने अवस्था रहने हुँदा अवण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । पालिकाले अबण्डा बाट गरेको खर्चको विवरण निम्नानुसार रहेको छ ।

क्र स	शिर्षक	बजेट रकम	योजना संख्या	खर्च रकम
१	विपद व्यवस्थापन नगरपालिका पुँजीगत शिर्षकबाट	५००००००	२५	४६७४५२५
२	विपद व्यवस्थापन कोष	८४०००००	५१	८३९९४८३
३	सि सि क्यामरा खरिद	५००००००	६	४८९३०३६
४	नगर प्रमुख कार्यक्रम	१७५०००००	१४१	१७४९४०४५
५	नगर उप-प्रमुख कार्यक्रम	९००००००	८४	७९०३८३५
६	भैपरी आउने पुँजीगत खर्च	१००००००००	२९	७८०८७८२
७	सडक बत्ती हाइमाष्ट	५००००००	५	४८३२५५६
८	भुक्तानी दायित्व पुँजिगत	२००००००००	१५६	७२२०२५४२
९	भुक्तानी दायित्व चालु	४००००००००	९	१५२४९०००
११	नगर प्रमुख कार्यक्रम चालु	१००००००००	८८	१००००००००
११	नगर प्रमुख कार्यक्रम चालु	७५००००००	४७	७४९४०४५।०
१३	नगर उपप्रमुख चालु	५००००००	३३	३९०७५५८
१४	नगर उपप्रमुख चालु	४००००००	४३	३९९६२७७

५ **नीति तथा कार्यक्रमको कार्यान्वयन**

गोकर्णेश्वर नगरपालिको आर्थिक वर्ष २०८१।८२ को नीति तथा कार्यक्रममा भएका केहि विषयहरु जस्तै वडा नं १, २, ३ मा खानेपानीको व्यवस्था गरी एक घर एक धाराको अभियान, बागमतीमा मिसिने सहायक नदिहरुमा मापदण्ड अनुसार करिडोर निर्माण, विगतमा नगरपालिकाबाट कृषि अनुदान प्राप्त गरेका व्यक्ति, समूह र संघ संस्थाहरुको विवरण वडास्तरमा नै अभिलेखिकरण गर्ने कार्य, नगर क्षेत्रको फोहोरमैलाको लागि कार्यविधि बनाई उच्चतम् प्रविधिको प्रयोग, विभिन्न जातजातिको धर्म, संस्कृति, भेषभूषा मौलिक बाजागाजा, कला र परम्परालाई जगेर्ना गर्न सहिद पार्कमा संङ्ग्रालय स्थापना,

औधोगिक वातावरण निर्माण गर्न वार्षिक रुपमा औधोगिक महोत्सवको आयोजना, लिलाम बिक्री गर्नुपर्ने जिन्सी सामानहरुको खरिद प्रक्रिया बमोजिम उचित व्यवस्थापन गर्ने लगायतका नीतिहरु कार्यान्वियन भएको पाईएन । नगरपालिकाले घोषणा गरेका नीति तथा कार्यक्रमहरुको कार्यान्वियन हुनुपर्दछ ।

६ त्रैमासिक खर्च तथा क्षेत्रगत खर्च

६.१ **त्रैमासिक खर्च** - सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०८१ को दफा ४ मा आयोजना कार्यान्वियन गर्दा वार्षिक कार्ययोजना बनाई कार्यान्वियन गर्नुपर्ने र त्रैमासिक अवधिभित्र न्यूनतम दश प्रतिशत र त्यसपछि विनियोजनभन्दा कम नहुने गरी प्रत्येक महिना न्यूनतम दश प्रतिशतका दरले असार मसान्तभित्र शतप्रतिशत नतिजा हासिल हुने गरी कार्ययोजना बनाउनुपर्ने उल्लेख छ । आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति निम्न बमोजिम छ ।

त्रैमासिक/खर्च	चालु	पुँजीगत	जम्मा	खर्च प्रतिशत
प्रथम त्रैमासिक	१४०३००५५२	३७९३७४४८	१७८२३८०००	१२.८९
दोस्रो त्रैमासिक	१६८५५०७४३	६३७५४४०२	२३२३०५१४५	१६.८०
तेस्रो त्रैमासिक	१८४२७१२७१	१५४२५७४९९	३३८५२८७७०	२४.४८
चौथो त्रैमासिक	३०१३४९१६४	३३२५६९४५०	६३३९१८६१४	४५.८४
आषाढ महिनाको	१९६८६९७४६	२०८३०७८५१	४०५१७७५९७	२९.३०
जम्मा खर्च	७९४४७१७३०	५८८५१८७९९	१३८२९९०५२९	१००.००

उपर्युक्त विवरण अनुसार चालु र पुँजीगत शीर्षकमा बार्षिक खर्च रु. १,३८,२९,९०,५२९/- रहेकोमा त्रैमासिक रूपमा खर्चको प्रतिशत क्रमश: १२.८९, १६.८०, २४.४८, ४५.८४ रहेको देखिन्छ भने आषाढ महिनाको मात्र खर्च कुल खर्चको तुलनामा २९.३० प्रतिशत रहेको छ । खर्चको प्रवृत्ति हेर्दा अन्तिम त्रैमासिक र आषाढ महिनामा बढेको देखिन्छ । सन्तुलित खर्च व्यवस्थापन नहुँदा वर्षको अन्तमा योजना कार्यान्वियनको चाप बढी भई प्रभावकारी अनुगमन तथा मूल्याङ्कन हुँदैन जसले गर्दा कार्यको गुणस्तरमा असर पार्दछ । आर्थिक वर्षको सुरुदेखिनै योजना बनाई प्रभाकारी कार्यान्वियनमार्फत सन्तुलित खर्च व्यवस्थापनमा जोड दिनुपर्दछ ।

६.२ क्षेत्रगत बजेट र खर्चको स्थिति - स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.सं.	विवरण	बजेट	खर्च	बजेट । खर्च प्रतिशतमा	बजेट । श्रोत प्रतिशतमा
१	आर्थिक विकास	२,८६,३२,०००	२,२०,००,४६५	७६.८३	१.५५
२	सामाजिक विकास	५८,३४,८८,०००	४९,५९,०६,९९५	८४.९९	३१.७६
३	पूर्वाधार विकास	७८,३१,६०,०००	५१,५४,४०,७५२	६५.८१	४२.६३
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	४,१८,३०,०००	३,४५,३५,६७०	८२.५६	२.२७
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	३९,९६,६४,०००	३१,५१,०६,६४७	७८.८४	२१.७५
	जम्मा	१,८३,६७,७४,०००	१,३८,२९,९०,५२९	७५.२९	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट रु. १,८३,६७,७४,०००/- मध्ये रु. १,३८,२९,९०,५२९/- खर्च गरेकोमा समग्र खर्चको तुलनामा क्षेत्रगत रूपमा पूर्वाधार विकासमा सबैभन्दा बढी ४२.६३ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी २.२७ प्रतिशत खर्च रहेको छ । स्थानीय तहको एकीकृत, समानुपातिक र दीगो विकासको लागि क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी सन्तुलित रूपमा बजेट खर्च गर्नुपर्दछ । पालिकाले वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा बजेट विनियोजन गरेको देखिएन । क्षेत्रगत रूपमा सन्तुलित बजेट विनियोजन गरी कार्यान्वियन गर्नुपर्दछ ।

७ **कानुन निर्माण र न्यायिक समिति**

कानून निर्माणको अवस्था - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकालाई आफ्नो एकल अधिकार अन्तर्गत आवश्यक कानून तर्जुमा गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा ऐन, नियमावली, निर्देशिका, मापदण्ड, कार्यविधि तथा नर्म्ससहित जम्मा ११ कानून बनाएको विवरण पेश गरेको छ । ऐनबाट प्रदत्त अधिकार प्रयोग गरी नियमावली तर्जुमा गर्ने तथा नियमावलीको अधीनमा रही निर्देशिका, मापदण्ड, कार्यविधि आदिको तर्जुमा गर्नुपर्ने प्रावधान रहेको छ । पालिकाले ऐन तथा नियमावली निर्माण नगरी निर्देशिका, मापदण्ड, कार्यविधिको निर्माण गरेको देखिन्छ ।

न्यायिक समितिको कार्य सम्पादन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरिको छ । सो व्यवस्थाअनुसार न्यायिक समितिले आफू समक्ष पेस भएको विवादहरू मेलमिलापबाट वा कानूनी प्रक्रियामार्फत कारबाही गर्नुपर्दछ । मेलमिलाप प्रकृतिका विवाद दर्ता भएको मितिले ३ महिनाभित्र टुङ्गो लगाउँनुपर्ने कानूनी व्यवस्था छ । लेखापरीक्षणको क्रममा मुद्दा फर्स्योटको विवरण प्राप्त भएन ।

८ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली लागू गरेको नपाइएकोले आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ रूपमा कार्यान्वियन भएको पाइएन । यस सम्बन्धमा देखिएका केही बेहोरा देहायबमोजिम रहेका छन् ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार पालिकाले एक आर्थिक वर्ष भित्र भएको बजेट तथा शीर्षकको अनुगमन तथा मूल्याङ्कन गरी भौतिक तथा वित्तीय नतिजाको प्रतिवेदन तयार नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी तरिकाले खर्च गरेको,

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता तथा PAMS मा तथ्याङ्क अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न सङ्घ संस्थालाई वितरण गरेको तथा वडा कार्यालयमा रहेका जिन्सी सामानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरको,

• पालिकाले यसवर्ष विभिन्न उपभोक्ता समिति मार्फत विभिन्न योजनाहरु सञ्चालन गरी खर्च लेखेकोमा मान्यता प्राप्त हुने गरी ती समितिहरुको दर्ता नगरेको,

• सञ्चालित योजनाको सूचना पाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना नभएको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा २८ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

• बागमती प्रदेशको स्थानीय सेवा सञ्चालन ऐन, २०७९ वमोजिम कर्मचारीहरूको कार्य विवरण वनाई लागू नगरेको ।

पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रचलित नियमानुसार प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

९ **तलबी प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ र बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९ को उपदफा ५ मा प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले मिति २०८१/०९/२९ गतेको १४ औँ नगरसभाबाट नगरपालिकाको स्थानीय तर्फका ७८ जना र स्वास्थ्य तर्फका ५८ जना गरी जम्मा १३६ जना कर्मचारीको तलबी प्रतिवेदन पारित गरेको छ । यसरी आर्थिक वर्षको सुरुमा नै तलबी प्रतिवेदन पारित गर्नुपर्नेमा आर्थिक वर्षको बीचमा तलबी प्रतिवेदन पारित गरेको देखियो ।

१० **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। त्यस्तै दफा ३ मा उपदफा २ बमोजिम आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने उल्लेख गरेको छ। पालिकाको यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण अन्तरसरकारी अख्तियारीको कोष तथा लेखा नियन्त्रक कार्यालय, बबरमहलबाट गराएको छ भने पालिका तर्फको आन्तरिक लेखापरीक्षण पालिकाका आन्तरिक लेखापरीक्षण शाखाबाट गराएको छ। कानूनमा भएको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षणमा औल्याइएका कैफियतलाई अन्तिम लेखापरीक्षण हुन अगावै सम्परीक्षण गराएको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ।

११ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ५ मा स्थानीय तहमा स्थानीय सेवा संगठन संरचना वा दरबन्दी सिर्जना गर्न तथा त्यस्तो संगठन वा दरबन्दी पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धीत स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा समिति गठन गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने, सर्वेक्षण गर्दा दरबन्दी सिर्जना वा पुनरावलोकन वा हेरफेर गर्नुपर्ने देखिए सोको कारण र औचित्य खुलाई स्वीकृतिका लागि नगर कार्यपालिकामा प्रतिवेदन पेस गर्नुपर्ने, पेस गरिएको दरबन्दी आवश्यकता र औचित्य समेतको आधारमा नगरसभाले प्रस्ताव स्वीकृत गर्न सक्ने व्यवस्था छ। त्यस्तै दफा ७ मा माथि उल्लिखित प्रकृया बमोजिम दरबन्दी स्वीकृत भएपछि स्थानीय सेवाको पदहरूको सेवा, समूह, उपसमूह तथा तहसमेत खुल्ने गरी संगठन संरचना स्वीकृत गर्ने वा पद सिर्जना गर्ने निर्णय भएको मितिले १ महिनाभित्र प्रदेश किताबखानामा पददर्ता गराउनुपर्ने र प्रदेश किताबखानाबाट पददर्ताको जानकारी प्राप्त भएपछि मात्र त्यस्तो पदमा पदपूर्ति गर्न सकिने व्यवस्था छ। पालिकाले वङ्ला ईन्जिनियरिङ्ग एण्ड डेभ्लपरबाट पालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी गोकर्णेश्वर नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८० तयार गरेको छ । यसरी तयार भएको प्रतिवेदनमा नगरपालिका तर्फ १३३ जना, स्वास्थ्य संस्थातर्फ ९५ जना, सेवा करारबाट लिइने कर्मचारी तर्फ ५९ जना र नगर अस्पतालको आन्तरिक स्रोतबाट सेवा सुविधा पाउने गरी करारमा नियुक्त गर्न सकिने ७५ जना गरी कुल ३६२ जना कर्मचारीको दरबन्दी स्वीकृत गरेको देखियो । स्वीकृत भएको दरबन्दीलाई मिति २०८०/०३/२० गतेको ११ औँ नगरसभाबाट पारित गरेकोमा प्रदेश किताबखानामा पददर्ताका लागि लेखापरीक्षण अवधी सम्म पनि पठाएको देखिएन । साथै पालिकाबाट स्थायी पदमा पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगमा माग आकृति फारम पठाएको देखिएन । जसले स्थायी पदमा करार सेवा मार्फत पदपूर्ति गरेको पाइयो । पालिकाले ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ ।

१२ **करार कर्मचारी**

बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ९ को उपदफा १३ र १४ मा कार्यालयले स्वीकृत दरबन्दी भित्र परेका पदहरु कम्प्युटर अपरेटर, सहायक कम्प्युटर अपरेटर, सवारी चालक, इलेक्ट्रिसियन, कार्यालय सहयोगी, चौकीदार, स्वीपर, पलम्बर, माली, सरसफाई कर्मचारी लगायतमा सम्झौता गरी करारमा राखी सेवा लिन पाउने व्यवस्था गरेको छ। कार्यालयले यस वर्ष करार सेवामा करार सेवा शुल्क शिर्षकमा रु. ६,५०,००,०००/- बजेट विनियोजन गरी रु. ५,६४,००,०००/- खर्च गरेको छ। ऐनमा तोकिएका बाहेकका स्थायी मार्फत पदपूर्ती गर्नुपर्ने ईन्जिनियर, भेटेरिनरी चिकित्सक, कृषि अधिकृत, सव ईन्जिनियर, सहायक पाचौँ, सहायक चौथौँ, असिस्टेन्ट सव ईन्जिनियर, अमिन, प्राविधिक चौथौँ भेटेरिनरी तर्फ, ल्याब टेक्निसियन लगायतमा दरवन्दी भित्रका ३३ पदमा पनि करार सेवा मार्फत पदपूर्ति गरी रु. १,५७,१७,७४०/- खर्च गरेको देखियो । कार्यालयले प्रदेश लोकसेवामा आवश्यक पदका लागि समयमै माग आकृति फारम पठाइ समयमै करार सेवामा रहेका पदमा स्थायी पदपूर्ति गर्नुपर्ने देखिन्छ।

१३ **फोहोरमैला व्यवस्थापन**

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ ले फोहोरलाई स्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रशोधित तथा विसर्जन गरी व्यवस्थित र प्रभावकारी तवरले प्रवन्ध गर्ने व्यवस्था गरेको छ । यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ ले फोहोरमैला व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई तोकेको छ ।यस नगरपालिकाको फोहोरमैला व्यवस्थापन सम्वन्धमा देखिएका बेहोरा निम्नानुसार रहेका छन् ।

(क) आ.व. २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रम मा नगरक्षेत्रका फोहोरमैलाको उचित व्यवस्थापनको लागि कार्यविधि वनाई उच्चतम् प्रविधिको प्रयोग मार्फत सफा नगर बनाउने नीति रहेकोमा उक्त कार्यविधि वनेको देखिदैन । पालिकाले लिएको नीतिको कार्यान्वियन हुनुपर्दछ ।

(ख) मिति २०७८ साल भाद्र १ गते हिटा हेभि मेसिनरी एण्ड रिसाईकल प्रा.लि र गोकर्णेश्वर नगरपालिका सँग गोकर्णेश्वर नगरपालिका क्षेत्र भित्रका फोहोरमैला दीर्घकालिन रुपमा संकलन र व्यवस्थापन गरी नगरपालिका क्षेत्रलाई प्रदुषण रहित अत्याधुनिक इन्सिनेटर मेसिनबाट फोहोरलाई जलाएर व्यवस्थापन गर्न हिटा हेभि मेसिनरी एण्ड रिसाईकल प्रा.लिले फोहोरमैला उत्सर्जकहरुबाट फोहोरमैला संकलन गर्दा सम्बन्धित वडाको समन्वयका सम्बन्धमा फोहोरमंला बापत मासिक शुल्क जनाई प्रमाणित हुने सदस्यता कार्ड बनाई वितरण गर्नुपर्ने, सदस्यता कार्ड होल्डरहरुको विवरण पालिकालाई पेश गर्नुपर्ने, पालिकाको क्षेत्राधिकार भित्र पर्ने सम्पूर्ण व्यक्तिगत घर, संघ संस्था र सार्वजनिक स्थल लगायतका स्थानहरुबाट फोहोरमैला संकलन तथा व्यवस्थापन गरे वापत प्रति परिवार प्रति महिना रु.३५०/- का दरले फोहोरमैला शुल्क लगाई संकलन गर्नुपर्ने र उद्योग, कलकारखाना, होटल, रेष्टुरेन्ट, हस्पिटल, स्कुल, सपिङ मल, मासु पसल, मुख्य सडक लाइनका पसल, अफिस, व्यवसायीक स्थल लगायतबाट फोहोरमैला शुल्क संकलन गर्दा प्रति महिना लाग्ने शुल्कको दररेट प्रा.लिले अध्ययनका साथ पालिकालाई पेश गरी पालिकाको लिखित स्वीकृती पश्चात उक्त क्षेत्रबाट फोहोरमैला शुल्क संकलन गर्ने र उक्त संकलित जम्मा रकमको १० प्रतिशत दरले हुन आउने रकम पालिकालाई राजस्व बापत संकलन भएको महिना समाप्ती पछिको पहिलो हप्ता भित्रमा संकलन सिट प्रमाणित सहित अनिवार्य रुपमा बुझाउनुपर्ने, फोहोरमैला शुल्क हेरफेर गर्नुपर्ने भएमा दुवै पक्षको आपसी सहमतीमा गरिने, पालिका क्षेत्रभित्रका मठ मन्दिर, पाटी पौवा, सार्वजनिक धारा, पानी पधेरो, नदि नाला लगायत सार्वजनिक स्थलहरुको फोहोर मैला निशुल्क व्यवस्थापन गर्ने जिम्मेवारी प्रा.लिकै हुने लगायतका सम्झौताका १५ वटा शर्तहरु सहित २५ वर्षको लागि सम्झौता भएको देखिन्छ । उक्त सम्झौतामा उल्लेख भएअनुसारका कुनै पनि शर्तहरु कार्यान्वियन भएको देखिदैन । सम्झौतामा भएका शर्तहरु कार्यान्वियन गर्नुपर्दछ ।

(ग) पालिकाको फोहोरमैला व्यवस्थापन गर्न निजी तथा गै.स.स. क्षेत्रका ५ वटा विभिन्न फर्महरुले क्षेत्र तोकि कार्य गरेको जानकारी लेखापरीक्षणको क्रममा दिएको भएता पनि त्यस सम्वन्धी विवरण माग गर्दा उपलव्ध हुन सकेको छैन । यसरी ५ वटा संस्थाबाट फोहोरमैला व्यवस्थापन गर्दा पालिकाले वर्षेनी आय ठेक्काबाट हुनुपर्ने रोयल्टी गुमाएको देखिन्छ भने फोहोरमैला व्यवस्थापनबाट प्राप्त राजश्वको मूल्य अभिवृद्धि कर नेपाल सरकारलाई वुझाएको वा नवुझाएको सम्वन्धमा जानकारी प्राप्त हुन सकेन । फोहोरमैला व्यवस्थापन गर्न आय ठेक्का प्रकृयामा जाने तथा त्यसबाट राजस्व संकलन गर्ने कार्यमा पालिकाले विशेष पहल गर्नुपर्ने देखिएको छ ।

(घ) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ अनुसार प्रतिस्पर्धा सिमित नहुने गरी बोलपत्र माध्यमबाट मितव्ययी खरिद प्रणाली अवलम्बन गर्नुपर्ने व्यवस्था छ।यसैगरी गोकर्णेश्वर नगरपालिकाको सार्वजनिक खरिद नियमावली,२०७६ को नियम ९५ वमोजिम दश लाखसम्म सोझै खरिद गर्न सकिने र सो भन्दा बढीको खरिद गर्दा सिलवन्दी दरभाउ र बोलपत्रबाट गर्नुपर्ने व्यवस्था छ । नगरपालिका तथा विभिन्न वडाले सरसफाई कर्मचारीको लागि विभिन्न मितिका बिलको र सम्झौताको आधारमा कल्याण एड्भान्स क्लिनिङ्ग कम्पनी प्रा.ली. लाई रु २७,११,४८०। भूक्तानी भएको देखिन्छ । ऐनमा भएको व्यवस्था वमोजिम प्रतिस्पर्धात्मक खरिद प्रक्रियालाई नगरपालिकाले अवलम्वन गर्नुपर्दछ ।

१४ सम्पत्ति व्यवस्थापन

यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम छन् ।

(क) सम्पत्ति हस्तान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

(ख) सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिका तथा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत यकिन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नुपर्दछ ।

(ग) जिन्सी सम्पत्तिको सुरक्षा - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानूनले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तिको लेखाङ्कन प्रतिवेदन संरक्षण र उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हुने व्यवस्था छ । मिति २०७६/०२/१५ मा महालेखा परीक्षक कार्यालयबाट स्वीकृत सम्पत्तिको सकेत (Chart of Account) को आधारमा सम्पत्तिको लेखाङ्कन तयार हुने र स्वीकृत म.ले.प. फारामअनुसार सम्पत्ति लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । मिति २०७७ श्रावण महिना देखि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS लागू गरेको छ । पालिकाले कम्तिमा वार्षिक रूपमा एक पटक भौतिक परीक्षण गर्नुपर्नेमा नगरेको, आवधिक रूपमा गरेको जिन्सी सामानको भौतिक परीक्षण प्रतिवेदन बमोजिम लिलामी प्रकृया शुरु नगरेको, कर्मचारी सरुवा हुँदा जारी हुने रमानापत्र भण्डार शाखाबाट जारी हुने भण्डार स्वीकृतिपत्र प्राप्त गरे पछि मात्र हुनुपर्नेमा सो नगरेको, पालिकाले वैदेशिक सहयोगबाट प्राप्त गरेको वा कुनै ठेक्का सम्झौता अनुसार प्राप्त सम्पत्ति कार्यालयको अभिलेखमा अद्यावधिक रुपमा अभिलेख गरेको पाइएन । नगरपालिकाले सवै म.ले.प. फारामहरू प्रयोगमा ल्याई हालसम्मको जिन्सी आम्दानी तथा खर्चलाई PAMS प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ ।

(घ) मालसामानको गुणस्तर - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने निरीक्षण वा परीक्षण गर्ने निकाय अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम प्रतिशत स्पेसिफिकेशन निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

(ङ) संरचना तथा कार्यालय गाभिएको अवस्थामा सम्पत्ति व्यवस्थापन - हाल स्थानीय तहहरू विगतका गाउँ विकास समितिहरु गाभिएर बनेका हुन् । त्यसै गरी आधारभुत प्राथमिक र माध्यमिक विद्यालयहरुको विद्यार्थी शिक्षक अनुपात घटी भएको अवस्थामा एक अर्कामा गाभिने व्यवस्था छ । त्यसै गरी अन्य किसिमका निर्मित संरचना विगतमा साविकका जिल्ला विकास समिति, जिल्ला प्राविधिक कार्यालय एवं अन्य सङ्घ संस्थाले निर्माण गरेका विद्यालय, कार्यालय लगायतका सार्वजनिक प्रयोजनका भवन, फर्निचर तथा अन्य मेसिनरी औजार लगायतका सामग्री उक्त भवनहरु लगायतका संरचना विस्थापन गर्दा, भत्काउँदा वा तोकिएको वाहेक अन्य प्रयोजनको लागि प्रयोग गर्न दिँदा, भौतिक रूपमा नष्ट गरिएको अवस्थामा पुन प्रयोग गर्ने सकिने प्रकृतिका मालसामान तथा मेसिनरी औजारहरुको लगत राख्ने, अर्को स्थानमा प्रयोग गरेको भए सो स्थानको निर्माण लागतमा परेको प्रभाव विश्लेषण गर्ने, अनुगमन गरी मूल्याङ्कनसहितको प्रतिवेदन तयार गर्नुपर्नेमा पालिकाले त्यसको प्रतिवेदन तयार गरेको छैन । यसले गर्दा सार्वजनिक खर्चबाट निर्मित संरचनाको अवस्था त्यसको प्रयोग एवं भौतिक रुपमा नस्ट गरेको वा भत्काएको र त्यसको सामग्री अन्य प्रयोजनमा उपयोग भएका छन् वा छैनन् भनी यकिन गर्न सकिएन ।

१५ जिन्सी मालसामानको व्यवस्थापन

१५.१ **जिन्सी मालसामानको व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लिखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र नियम १०६(१) मा लिलाम गर्नुपर्ने भनी ठहर्याएको मालसामान जिन्सी निरिक्षण प्रतिवेदन प्राप्त भएको मितिले १ महिना भित्र लिलाम विक्रिको प्रकृया सुरु गर्नुपर्ने व्यवस्था रहेको छ। महालेखा नियन्त्रकको कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको बेहोरा निम्नानुसार छः

• कार्यालयले खरिद गरेका सामग्रीहरुको (खर्च भएर जाने र खर्च भएर नजाने) माग फारम, खरिद आदेश र जिन्सी दाखिला सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS मा नगरी Manual मा गरेको छ।

• यसरी Manual प्रणाली मार्फत सामाग्रीको दाखिला गरे पनि नियमानुसार जिन्सी दाखिला प्रतिवेदन नं, जिन्सी खाता पाना नं, जिन्सी वर्गिकरण नं उल्लेख नगरेका कारण खरिद भएका खप्ने र नखप्ने जिन्सी सामग्रीको अवस्था यकिन गर्न सकिएन। साथै हस्तान्तरण गरिएका सामग्रीहरु पनि म्यानुअल हस्तान्तरण फारमबाट हस्तान्तरण गरिएको पाइयो । जसमा कतिपय हस्तान्तरण फारममा सामग्री बुझेर लग्ने कार्यालय, संस्था, व्यक्तिको विवरण समेत खुलेको देखिएन । जसले हस्तान्तरण गरिएका सामग्रीको अवस्था यकिन गर्न सकिने आधार भएन ।

• विभिन्न समिति, समूह, क्लब, विद्यालय, संस्था, वडा कार्यालय, स्वास्थ्य चौकी, अस्पताल, स्वास्थ्य केन्द्र लगायतलाई हस्तान्तरण गरिएका सामग्रीको उक्त समिति, समूह, क्लब, विद्यालय, संस्था, वडा कार्यालय, स्वास्थ्य चौकी, अस्पताल, स्वास्थ्य केन्द्रले आफ्नो जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश भएको देखिएन । जसले मालसामानको सुरक्षा र प्रयोगको अवस्था यकिन गर्न सकिएन ।

• खर्च भएर नजाने जिन्सी खातामा खरिद भएर जिन्सी दाखिला भएका सामग्रीको अवस्था खुल्ने गरी राखिएको छैन ।

• कार्यालयले शाखागत र वडागत जिन्सी खाता बनाएकोमा स्वास्थ्यसंस्थागत र अस्पतालगत रुपमा वितरण भएका सामग्रीको भने खाता बनाएको छैन । यसरी स्वास्थ्य संस्था र अस्पतालका लागि खरिद भएको सामग्री सोझै हस्तान्तरण गरेको पाइयो । हस्तान्तरण भएको सामग्रीको सम्बन्धित स्वास्थ्य चौकी र अस्पतालले जिन्सी दाखिला गरेको प्रमाण पेश गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। कार्यालयले यस वर्ष म्यानुअलमा जिन्सी निरिक्षण गरेपनि पाम्स मार्फत जिन्सी निरिक्षण गरेको छैन। जिन्सी निरिक्षण गरेकोमा जिन्सी खाता अनुसारको बाकी मौज्दात मात्र राखेको पाइयो। जिन्सीको स्पेशिफिकेशन, भौतिक परीक्षण गर्दा भिडे नभिडेको, चालु हालतमा रहे नरहेको, सामानको अवस्था (मर्मत गर्नुपर्ने, लिलाम गर्नुपर्ने, मिन्हा गर्नुपर्ने र संरक्षण गर्नुपर्ने), कुल परिमाण लगायतका बेहोरामा केही उल्लेख गरेका पाइएन । जसले जिन्सी निरीक्षण प्रतिवेदनलाई यकिन गर्न सकिएन ।

• कार्यालयबाट लेखापरीक्षणका क्रममा खर्च भएर जाने र खर्च भएर नजाने जिन्सी सामग्रीको खाता माग गर्दा नखप्ने सामग्रीको खाता पेश भएन। साथै खर्च भएर जाने प्रकृतिका सामग्रीको स्रेस्तामा राखिएको दाखिला प्रतिवेदनमा एउटा फर्मको एउटा बिलबाट खरिद भएका सबै सामग्रीहरु एउटै जिन्सी खाता पाना नं मा दाखिला गरेको पाइयो । यसरी जिन्सी सामग्री दाखिलाको आधारभुत सिद्धान्तको प्रयोग कार्यालयले गरेको देखिएन।

• कार्यालयले ईन्धन र मर्मतका लागि पनि नियमानुसार PAMS को प्रयोग गरेको छैन।

• सोझै खरिद भएका मालसामानको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ बमोजिम लागत अनुमान तयार गर्नुपर्नेमा सो नगरी ३ वटाको कोटेशन राखी सबैभन्दा घटी कबोल गर्नेसँग सामान खरिद गरेको देखियो।

• नगरपालिकाका पहिलो कार्यकालका जनप्रतिनिधिले पालिकाबाट लिएका खप्ने जिन्सी मालसामानलाई आफ्नो कार्यकाल सकिए पश्चात नियमानुसार बरबुझारथ गरेको पाइएन ।

• नगरपालिका घोषणा हुनुभन्दा अगाडीका कार्यकारीले प्रयोग गरेको खप्ने जिन्सी मालसामानलाई पनि बोर्ड बैठकले मिनाहा गरी लगत कट्टा गरेको पाइयो ।

यसरी कार्यालयले आफू मातहतका सम्पूर्ण निकायको जिन्सीलाई एकिकृत गरी Public Assets Management System (PAMS) मा खप्ने र नखप्ने सम्पूर्णको गत विगत देखिका सबै विवरण अध्यावधिक गर्ने, हस्तान्तरण भएका सामग्रीको पनि नियमानुसार पाम्स मार्फत हस्तान्तरण र सम्बन्धितले दाखिला गर्नुपर्ने साथै ईन्धन, मर्मत र जिन्सी निरीक्षणलाई पनि पाम्स मार्फत गरी जिन्सीलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ।

१५.२ **विद्यालय, क्लब र संघसंस्थाको जिन्सी दाखिला** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ देखि १०२ मा भएको व्यवस्था बमोजिम खरिद गरिएका मालसामानहरु ७ दिन भित्र मुल्य र स्पेशिफिकेशन खुलाई जिन्सी दाखिला गरी लगत अध्यावधिक गर्नुपर्ने व्यवस्था छ । साथै गैरसरकारी संस्था, सामाजिक संस्था, विद्यालय वा अन्य निकायलाई सार्वजनिक हित प्रवर्द्धनको उद्देश्यले आवश्यक सामाग्री खरिद गरी सम्बन्धित निकायलाई हस्तान्तरण गरेमा सम्बन्धित निकायले ऐन र नियमावलीमा भएको व्यवस्थाको पालना गरी प्राप्त सामाग्रीको दाखिला गरेको प्रमाण अनिवार्य पेश गर्नुपर्दछ । कार्यालयले सोही दाखिला फारमको रुजु गरी लगत कट्टा गर्नुपर्दछ। पालिकाको जिन्सी निरीक्षण प्रतिवेदनमा देहाय बमोजिमका क्लब, समूह र विद्यालयले देहाय बमोजिमका खर्च भएर नजाने सामग्री रकम नखुलाई हस्तान्तरण गरी दिएको देखियो ।

क्र. सं	समूह, क्लब र विद्यालय	सामग्रीको विवरण
१	भगवती युवा क्लब गो. न . पा ९	टेबल टेनिस बोर्ड १ थान, नेट ५ थान , बल ८ थान , Trade Mill १ थान , Exercise Cycle १ थान र Yoga Mat २५ थान
२	ऋषेश्वर महादेव मन्दिर गो. न . पा २	प्लाष्टिक कुर्सी ४५ थान, स्पिकर २ सेट , अफिस टेबल १ थान , स्टिल दराज १ थान
३	सुन्ताखान युवा केलब गो. न . पा ३	हार्मोनियम, तबला पित्तलको , बासुरी र झ्याली १ / १ थान
४	बराहकर्णेश्वर मन्दिर व्यवस्थापन समिति गो. न . पा १	हार्मोनियम बिना १ थान, तबला सेट २ थान , झ्याली २ थान , ठुलो मादल १ थान , खैजडी २ थान
५	वैदिक ज्ञानकुञ्ज नेपाल गो. न . पा ६	8 inch misture with amp १ थान , 100 watt speaker २ थान , mike ४ थान र speaker stand २ थान
६	आत्तरखेल युवा क्लब गो. न . पा ८	ल्यापटप २ थान
७	बालविकास मा. वि आलापोट	फाइबर डेक्सबेन्च १३ थान
८	नेपाल अपाङ्ग संघ शाखा काठमाडौँ	डेक्सटप कम्प्युटर १ थान
९	छहारी महिला नेवा समुह गो. न . पा ८	कलर प्रिन्टर १ थान, अफिस टेबल २ थान , रिभल्भिङ कुर्ची १ थान र स्टिल दराज १ थान
१०	छहारी महिला नेवा समुह गो. न . पा ९	डेक्सटप कम्प्युटर १ थान
११	ईश्वरी आ. वि गो . न . पा १	Hikvision interactive board 75 inch १ थान र Trolly stand १ थान

नमुना परीक्षण गरिएका देहायका भौचरमा विभिन्न विद्यालय, समिति र संघसंस्थाले पालिकाबाट प्राप्त गरेको अनुदानबाट खरिद गरेका सामाग्रीहरुको दाखिला नगरेको, जिन्सी दाखिला गरेतापनि Manual दाखिला पेश गरेको, जिन्सी खाता पाना नं र मिति उल्लेख नगरेको, सहायक जिन्सी खातामा नचढाएको देखिएकोले प्रमाण पेश गर्नुपर्ने रु.

गो. भौ . नं र मिति	विद्यालय र संघसंस्थाको नाम	खरिद भएको फर्मको नाम	सामाग्रीको विवरण	रकम
१३३- ०८१ / ०६ / १०	श्री कृष्ण कुटी राधाकृष्ण मन्दिर संरक्षण समिति १	N.S.P. इन्फोसिस	हार्मोनियम, तबला , चियर लगायत	९९९७७
१३४- ०८१ / ०६ / १०	ढुङ्गेधारा तथा पानी ट्याङ्की संरक्षण टोल सुधार समिति ९	शुभ लाभ सर्जिकल हाउस एण्ड ट्रेडिङ्ग	माइक, हार्मोनियम लगायत	१६४४१५
१३६- ०८१ / ०६ / १०	गोकर्णेश्वर मिसन स्माइल	डिजिटल रिहाब प्रा. लि	वाकी टकी, फाइर एक्टिङ्ग्युर , सेफ्टी बेल्ट लगायत	१९९९५३
जम्मा				४६४३४५

प्रमाण पेश नगरेको	४,६४,३४५

१५.३ **लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमानको व्यवस्था गरिएको छ। सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धीत मालसामानको स्पेशिफिकेशनको अधिनमा रही तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले कार्यालयका लागि आवश्यक मालसामानको सोझै खरिद गर्दा नियमावलीमा भएको व्यवस्था बमोजिम लागत अनुमान तयार गरेको छैन। तीन वटा फर्मको कोटेशन राखी सबैभन्दा घटी कबोल गर्नेसँग सामान खरिद गरेको देखियो। यसरी नियमावलीमा भएको व्यवस्थाको पालना गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। केही उदाहरणहरु देहाय बमोजिम रहेका छन्।

गो. भौ . नं / मिति	फर्म/सप्लायर्सको नाम	सामग्रीको विवरण	रकम
७७- ०८१ / ०६ / ०७	बसाहा इन्टरप्राइजेज (बिल नं ००८ - ०८१ / ०५ / ३०)	स्टेशनरी सामग्री खरिद	९९६६६०
१२९- ०८१ / ०६ / १०	डान्स ट्रेडर्स (बिल नं ०१८ , ०१९ , ०२० - २०८१ / ०६ / ०६)	मसलन्द सामग्री खरिद	९६७८१६
७८- ०८१ / ०६ / ०७	शुभ लाभ सर्जिकल हाउस एण्ड ट्रेडिङ्ग (बिल नं ००२ - ०८१ / ०५ / २४)	त्रिपाल खरिद	४९७९२३
२२४३- ०८२ / ०२ / ०२	ओम विल्डर्स एण्ड सप्लायर्स प्रा. लि (बिल नं ०२६ - ०८२ / ०२ / ०१)	त्रिपाल खरिद	४९७५८४
२३९२- ०८२ / ०२ / २६	सुनदेवी प्रिन्टिङ्ग सर्भिस	घर नक्सा पास सम्बन्धी बुक छपाई	८८७०५०
२६५७- ०८२ / ०३ / १३	अनिल खाद्य किराना पसल	खाध्यान्न सामग्री खरिद	५०८९७०
१५१९- ०८१ / ११ / ०८	नर्वदा इन्टरनेशनल (बिल नं ४७)	अक्सिजन कन्सन्ट्रेटर ११ थान खरिद	९९००००

१५.४ **सामग्रीको बरबुझारथ नगरेको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०३ र १०४ कुनै कर्मचारीले सरुवा, बढुवा, अध्ययन बिदा, असाधारण बिदा, अवकाश हुदा र पदाधिकारीको निर्वाचित कार्यकाल पुरा भए पश्चात नियमानुसार आफुले जिम्मामा लिएको नगद, स्रेस्ता, जिन्सी मालसामान र कार्यालयका कागजात कार्यालयमा बरबुझारथ गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहको पहिलो कार्यकालमा निर्वाचित देहाय बमोजिमका जनप्रतिनिधिहरुको कार्यकाल सकिएको ३ वर्ष ६ महिना भई सक्दा पनि ति पदाधिकारीले आफुले पालिकाबाट बुझि लिएको ल्यापटप कार्यालयमा बरबुझारथ गरेको नदेखिएकोले यथासिघ्र बुझाउनु पर्ने अन्यथा उक्त सामग्री बराबरको रकम सम्बन्धित पदाधिकारीबाट असुल गर्नुपर्ने देखिन्छ ।

क्र. सं	पदाधिकारीको विवरण	लिएको सामग्री	संख्या	बुझि लिएको मिति
१	पुर्व नगर प्रमुख सन्तोष चालिसे	ल्यापटप टच स्क्रीन र Asus Laptop	२ थान	२०७७/ ०९ / १४ र २०७८ / ०३ / ११
२	पूर्व नगर उपप्रमुख शान्ति नेपाल	डेल ल्यापटप	१ थान	२०७५।०३।२२
३	पुर्व वडाध्यक्ष वडा नं १ राम मानन्धर	ल्यापटप Asus	१ थान	सहायक खातामा मिति उल्लेख नभएको ।
४	पुर्व वडाध्यक्ष वडा नं ३ राजेन्द्र कुमार भण्डारी	Lenevo ल्यापटप	१ थान	२०७४।०९।०३

१६ **जात्रा र पर्व खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (फ) मा परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन गर्ने स्थानीय तहको अधिकार हुने उल्लेख छ । नगरपालिकाले भाषा धर्म सांस्कृतिक तथा पर्यटन शीर्षकको विभिन्न क्रियाकलापमा रु. १,१०,००,००० बजेट व्यवस्था गरी रु. ९५,९७,७२० खर्च गरेको देखिन्छ । नगरपालिकाले आफ्नो क्षेत्रमा मनाइने जात्रा पर्व तथा धार्मिक क्रियाकलापको अभिलेख राखेको देखिएन । विभिन्न जात्रा पर्व सञ्चालन, धर्म संस्कृतिको संरक्षण,तथा मन्दिर सञ्चालन व्यवस्थापनजस्ता धार्मिक क्रियाकलापमा भएको खर्चको पारदर्शिता कायम गर्न विभिन्न धार्मिक संस्था, गुठी तथा समितिलाई अनुदान दिएकोमा ती संस्थाको लेखापरीक्षण तथा सामाजिक परीक्षण प्रतिवेदन पेस गर्न लगाई अभिलेखको रूपमा राख्नुपर्दछ ।

क्र सं	विवरण	बजेट रु	खर्च रकम रु
१	बैद्धिक कर्मकाण्ड पितृकार्य भाग १ र २ पुन प्रकाशन	३०००००	३०००००
२	बैद्धिक कर्मकाण्ड पितृकार्य भाग ३ प्रकाशन	५०००००	५०००००
३	आदीवासी किँरात समाजको उभौली उधौली पर्ब कार्यक्रम	२०००००	२०००००
४	स्थानीय विभिन्न जात्रा पर्ब धर्म संस्कृति संरक्षण प्रर्बद्धन कार्यक्रम	१५०००००	१५०००००
५	पर्यटन बिकास एवं प्रर्बद्धन कार्यक्रम	६०००००	५९७२००
६	पर्यटक सहयोगी नेचर गाईड तालिम	३०००००	०
७	अध्यात्म प्रशिक्षण कार्यक्रम	२०००००	२०००००
८	नेपाल संवत भिनतुना तथा परम्परागत बाजा	२०००००	०
९	वडा नं ४ कान्ति भैरव गुरुकुल संचालन व्यवस्था पन	३०००००	३०००००
१०	वडा नं ५ बिन्दबासिनी मन्दिर संचालन व्यवस्था पन/नृत्य पुजा	३०००००	३०००००
११	वडा नं १ सुन्दरीमाई मन्दिर संचालन ब्यबस्थापन /नृत्य पुजा	२०००००	२०००००
१२	वडा नं ८ मंहाकाल भैरव मन्दिर संचालन व्यवस्था पन/नृत्य पुजा	३०००००	३०००००
१३	वडा नं ५ चामुण्डा मन्दिर संचालन व्यवस्था पन/नृत्य पुजा	३०००००	३०००००
१४	वडा नं ६ सर्वेश्वर महादेव मन्दिर संचालन व्यवस्था पन/नृत्य पुजा	३०००००	३०००००
१५	वडा नं ५ सिद्धेश्वर महादेव मन्दिर संचालन व्यवस्था पन/नृत्य पुजा	३०००००	३०००००
१६	वडा नं ६ राधाकृष्ण मन्दिर संचालन व्यवस्था पन/नृत्य पुजा	२०००००	०
१७	वडा नं ६ कुमारी भैरव मन्दिर संचालन व्यवस्था पन/नृत्य पुजा/जात्रा पर्ब	२०००००	०
१८	वडा नं ४ गुप्ति गणेश मन्दिर संचालन व्यवस्था पन/नृत्य पुजा	३०००००	३०००००
१९	वडा नं ५ अघौंतेश्वर महादेव मन्दिर संचालन व्यवस्था पन/नृत्य पुजा	३०००००	३०००००
२०	वडा नं ३ राधाकृष्ण मन्दिर संचालन व्यवस्थापन	३०००००	३०००००
२१	वडा नं ८ कृष्ण अष्टमी पर्ब तथा जात्रा	४०००००	४०००००
२२	वडा नं ८ रामजानकी मन्दिर संचालन व्यवस्था पन/नृत्य पुजा	३०००००	०
२३	वडा नं १ बराहकर्णेश्वर मन्दिर संचालन व्यवस्थापन	३०००००	३०००००
२४	गोकर्ण संस्कृती (जात्रा/पर्बको लागि)	२५०००००	२५०००००
२५	वडा नं ६ छ्योर्तेन टासी तामाङ्ग पुजा	२०००००	२०००००
२६	धार्मिक समिति संचालन तथा व्यवस्थापन	२०००००	०
	कुल जम्मा	११००००००	९५९७२००

१७ **वडा कार्यालय तर्फको बजेट र खर्च तर्फ**

पालिकाले यस आर्थिक वर्षको लागि वडा कार्यालयलाई प्रत्येक वडालाई रु. ३ करोडका दरले ९ वडालाई जम्मा रु २७ करोड विनियोजन गरेको छ । चालु र पुँजिगत बजेटको हिस्सा वडा अनुसार फरक फरक रहेको छ । सबैभन्दा बढि चालु खर्चमा बजेट वडा नं ५ को रु. १ करोड ५३ लाख रहेको छ । भने सबैभन्दा कम बजेट चालु खर्चमा वडा नं ३ को रु. ७५ लाख रहेको छ । वडाको चालु प्रकृतिको बजेटमा अधिकांश वडाहरुले अवलोकन भ्रमण, तिर्थयात्रा,खेलकुद प्रतियोगिता,वडा भिलेज प्रोफाईल निर्माण,वत्तचित्र निर्माण,महोत्सव लगायतमा खर्च गरेको देखिन्छ । खर्चको प्रकृति हेर्दा खरिद भएका जिन्सी सामानहरु PAMS मा दाखिला नभएको, सीप विकास तालिममा प्रशिक्षार्थि छनौटको आधार स्पष्ट नभएको, विभिन्न गैर सरकारी संस्थालाई तालिम सञ्चालन गर्न दिएको जस्ता बेहोरा देखिएका छन् । पालिकाले बजेट विनियोजनमा नै उत्पादनमूलक क्षेत्रमा विनियोजन गरी अनुत्पादक खर्चलाई

निरुत्साहित गर्नेतर्फ ध्यान दिनुपर्ने साथै चालु बजेट भन्दा पुँजिगत बजेटमा जोड दिनुपर्ने,खर्च गर्दा समेत मितव्ययिता कायम गरी गर्नुपर्ने,खरिद भएका सामानको अनिवार्य रुपमा PAMS मा दाखिला गर्नुपर्ने लगायतका विषयमा ध्यान दिनुपर्ने देखिएको छ ।

१८ **दरबन्दी भन्दा बढी कर्मचारी**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१६** को निर्णयले रू **३२,४०४,८०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

१९ **दरबन्दी बेगरका कर्मचारी**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१६** को निर्णयले रू **११,६४२,२८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

२० **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । गोकर्णेश्वर नगरपालिकाले कर्मचारी प्रोत्साहन भत्ताका लागि आवश्यक कार्यविधि बनाएको छैन । कार्यविधि बेगर ३० जना कर्मचारीलाई प्रोत्साहन भत्ता स्वरुप मासिक रु.३०००/- देखि रु.१४५००/- सम्म उपलब्ध गराई अन्य भत्ता शिर्षकबाट रु.२१,३९,७९६/- खर्च गरेको छ । नगरपालिकाले मिति २०८१/०३/१४ गतेको तेह्रौं नगर सभाको निर्णय नं २.५ मा प्रमुख प्रशासकीय अधिकृतको निर्णयबाट उपलब्ध गराइएको अतिरिक्त प्रोत्साहन भत्तालाई आ.व २०८१/८२ मा निरन्तरता दिने निर्णय गरेको छ । साथै पालिकाले अतिरिक्त समय कार्य गरेवापत कार्यपालिका निर्णय गरी विभिन्न कर्मचारीलाई ३ वटा भौचरबाट रु.१३,१६,०३०/- उपलब्ध गराएको छ । यस वर्ष पालिकाले प्रोत्साहन भत्ता र अतिरिक्त समय काम गरे वापतको भत्ता वापत रु.३४,५५,८२६/- खर्च गरेको छ । पालिकाको आफ्नो आन्तरिक आम्दानी रु. ३८,७०,००,०००/- को तुलनामा उक्त शिर्षकमा ०.८९ प्रतिशत खर्च भएको देखिन्छ । पालिकाले कर्मचारीलाई सुविधा उपलब्ध गराउँदा आवश्यक कार्यविधि र मापदण्ड बनाई आफ्नो आन्तरिक आम्दानीले धान्न सक्ने गरी बजेट विनियोजन गरी खर्च गर्नुपर्ने देखिन्छ।

२१ **भुक्तानीमा कर**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **४९,९५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **२७,१८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **२५,३६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **४९,०५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **४९,८९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **४९,०५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **४९,०५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२२ पदाधिकारी सेवा सुविधा

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७६ को दफा २, ३, ४, ५ र ६ मा पदाधिकारी सेवा सुविधाको व्यवस्था गरी अनुसुची १ (क), १ (ख) र १ (ग) मा उल्लेख गरिएको छ। ऐनमा भएको सुविधाको अधिनमा रहि कार्यालयले नगरपालिका प्रमुख, नगरपालिका उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य गरी ५० जना जनप्रतिनिधिलाई प्रदेश कानुन बमोजिम पदाधिकारी अन्य सुविधा शिर्षकमा रु.८०,००,०००/- र पदाधिकारी बैठक भत्ता शिर्षकबाट रु.३,२८,०००/- गरी जम्मा रु.८३,२८,०००/- पदाधिकारी सेवा सुविधा वापत खर्च भएको छ।

क्र. सं	पदाधिकारी	संख्या	मासिक सुविधा (प्रति सदस्य)	जम्मा वार्षिक
१	नगरपालिका प्रमुख	१ जना	रु. ३९००० /-	४६८०००
२	नगरपालिका उपप्रमुख	१ जना	रु. ३४००० /-	४०८०००
३	वडाध्यक्ष	१ जना	रु. २७००० /-	३२४०००
		८ जना	रु. २२५०० /-	२१६००००
४	कार्यपालिका सदस्य	८ जना	रु. १३००० /-	१२४८०००
५	नगरसभा सदस्य	३१ जना	रु. १०००० /-	३७२००००
जम्मा				८३, २८ , ००० /-

२३ वडा कार्यालयको विविध खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ । कार्यालयले वडा कार्यालयहरुको वडाको विविध खर्चको लागि नगरपालिका चालुको विविधबाट प्रति वडा मासिक रु.१००००/-, वडा कार्यालयमा भैपरी आउने विविध खर्च शिर्षक र सम्बन्धित वडा कार्यालयको वडा बजेटमा भैपरी आउने र चालु शिर्षकमा बजेट व्यवस्थापन गरी वडा कार्यालयको भैपरी आउने र विविध खर्चको भुक्तानी गरेको छ । कार्यालयले वडा खर्चका लागि आवश्यक मापदण्ड बनाएको छैन । वडा कार्यालयमा भएका खर्चको नमुना छनौट गरी स्रेस्ता परीक्षण गर्दा निम्नानुसारका बेहोरा देखिएका छन् ।

क्र. सं	खर्च शिर्षक	रकम
१	पालिकाको विविध खर्च	१०८००००
२	वडा कार्यालयमा भैपरी आउने विविध खर्च वडा नं २	३०००००
३	वडाको प्रशासनिक तथा अन्य भैपरी विविध खर्च वडा नं ३	५०००००
४	कार्यालय संचालन तथा अतिथि सत्कार वडा नं ४	१५००००
५	कार्यालय संचालन सम्बन्धी विविध खर्च वडा नं ५	१००००००
६	विविध कार्यक्रम खर्च वडा नं ६	२०००००
७	वडा कार्यालय व्यवस्थापन र विविध खर्च वडा नं ७	७०००००
८	अतिथि सत्कार र विविध खर्च वडा नं ८	२०००००
९	वडा कार्यालयका साना तिना चालु खर्च तथा अतिथी सत्कार	२६३७२३७

• खरिद भएका सामाग्रीहरुको माग फारम, खरिद आदेश र जिन्सी दाखिला PAMS मा भएको देखिएन । म्यानुअल जिन्सी दाखिला गरेकोमा दाखिला प्रतिवेदन नं, जिन्सी खाता पाना नं र जिन्सी वर्गिकरण नियमानुसार गरेको देखिएन ।

• यसैगरी खाना खाजा खर्चको भुक्तानीमा केही वडा कार्यालयले बैठक बसेको माइन्युट वा कार्यक्रममा उपस्थित भएका व्यक्तिको उपस्थितिको प्रमाण पेश नगरी बिल मात्र पेश गरेको देखियो ।

• विभिन्न आपूर्तिकर्ता र व्यक्तिहरुलाई रकम भुक्तानी गर्दा उपयुक्त विद्युतीय माध्यम वा बैङ्किङ प्रणाली मार्फत नगरी वडा सचिव वा वडाको कर्मचारीले सोधभर्ना लिई भुक्तानी गरेको देखियो ।

• दैनिक प्रशासनिक संयन्त्रबाट अनिवार्य रुपमा गरिने क्रियाकलाप र कामकारबाहीका सामान्य विषयलाई समेत बैठकको विषय बनाइ बैठक बसी बैठक भत्ता भुक्तानी गरेको देखियो ।

• वडा मार्फत प्रयोग भएको ईन्धनलाई नियमानुसार PAMS मा दाखिला गरेको देखिएन ।

• वडा मार्फत सवारी साधनको मर्मत गरिएकोमा नियमानुसार पाम्समा मर्मत आदेश, मर्मत सम्पन्न र मर्मत अभिलेख राखेको पाइएन ।

२४ पत्रपत्रिका प्रकाशन, मिडिया परिचालन र पुस्तक खर्चमा देखिएका बेहोरा

२४.१ **पत्रपत्रिका तथा सूचना प्रकाशन खर्च** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम सार्वजनिक निकायले प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्न नहुने व्यवस्था छ। विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० को नियम ६क. को उपनियम (२) मा सरकारी निकायले सूचना प्रकाशनवापतको रकम भुक्तानी गर्दा सञ्चार माध्यमबाट सोझै प्रकाशन वा प्रसारण भएको भए त्यस्तो सञ्चार माध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत प्रकाशन तथा प्रसारण गरिएको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी सो एजेन्सीले जारी गरेको बिल बमोजिम नियमावलीमा भएको व्यवस्थाको आधारमा गर्नु पर्ने उल्लेख छ। साथै उपनियम (३) मा उपनियम (२) बमोजिम सञ्चार माध्यम वा विज्ञापन एजेन्सीलाई रकम भक्तानी गर्नु अघि ऐनको दफा २१ को उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम कट्टा गर्नु पर्नेछ। पालिकाले यस वर्ष पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च शिर्षकमा रु. २०,००,०००/- र विज्ञापन, सूचना तथा सन्देशमूलक छपाई शिर्षकमा रु. ६०,००,०००/-गरी जम्मा रु.८०,००,०००/- बजेट विनियोजन गरी खर्च गरेकोमा सार्वजनिक खरिद ऐनको दफा ८ बमोजिम प्रतिस्पर्धा नगरी र कोटेशन पेश नगरी सोझै गरेको देखियो। साथै सूचना प्रकाशन गर्दा सम्बन्धित विज्ञापन एजेन्सीलाई सूचनाको कार्यादेश दिएको देखिएन। यसै गरी विज्ञापन एजेन्सीले संचार माध्यमले जारी गरेको बील पेश नगरी आफ्नो मात्र बील समावेश गरी सूचना प्रकाशन वापतको भुक्तानी लिएको देखिएकोले एजेन्सीले कति प्रतिशत सेवा शुल्क निर्धारण गरेको भनी यकिन गर्न सकिएन। त्यस्तै विभिन्न संचार माध्यमका टुक्रे बिल पेश भएकोमा सो वापत पनि रकम भुक्तानी भएको देखियो। यसरी खर्चमा मितव्ययीता ल्याउन ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ। केही उदाहरण देहाय बमोजिम रहेका छन् ।

गो. भौ . नं र मिति	फर्मको नाम	बिल नं	पत्रिकाको नाम	रकम
२५१०-०८२/०३/०२	डिजिटल एड्भर्टाइजिङ एजेन्सी	९	नयाँ पत्रिका	११८६५०
१२९५-०८१/१०/१४	बहार मिडिया प्रा. लि	०७१, ०७० र ०६८	हिमालय टाइम्स	२४२०४६
१३७९-०८१/१०/२२	ग्लोबल मिडिया प्रा. लि	१०८ र १२७	सौर्य राष्ट्रिय दैनिक	१६६७४३
१३७८-०८१/१०/२२	भ्वाइस अफ डेभलपमेण्ट मिडिया प्रा. लि	०३१, ०३३ , ०२२	अभियान राष्ट्रिय दैनिक र हिमालय टायम्स	१७७४९९
२३५९-०८२/०२/२०	सिल्क मिडिया हाउस प्राइभेट लि	०९०, ०७६	प्रक्षेपण राष्ट्रिय दैनिक	२९५८३४
२३५८-०८२/०२/२०	अतिथी मिडिया एण्ड इभेन्ट प्रा. लि	२६३, २२६ , २२३	मध्यान्ह राष्ट्रिय दैनिक, आर्थिक दैनिक र हिमालय टाइम्स	३०७१९०
४७५-०८१/०७/०५	फाइब बाइ फाइब मिडिया	००४, ००५	नयाँ पत्रिका	३५५०००
७२९-०८१/०८/०६	फाइब बाइ फाइब मिडिया	१२	नयाँ पत्रिका	१३९८४८
८२६-०८१/०८/१६	बहार मिडिया प्रा. लि	०४०, ०३९	नेपाल समाचारपत्र दैनिक	३०६५९१
२९५७-०८२/०३/१९	सिल्क मिडिया हाउस प्राइभेट लि	०७८, १२२	हिमालय टाइम्स	२०९७७३

२४.२ मिडिया परिचालन खर्च - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा खर्च प्रणालीमा एकरुपता ल्याई मितव्यीय र प्रभावकारी खर्च प्रणाली बनाउन खर्च गर्ने कार्यविधि र मापदण्ड तोक्ने व्यवस्था रहेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को ५ मा कुनै पनि कार्यक्रममा खर्च गर्नु अघि कार्यविधि तथा मापदण्ड बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले मिडिया परिचालन खर्च शिर्षकमा रु.३०,००,०००/- बजेट विनियोजन गरी विभिन्न सञ्चार माध्यम र मिडियालाई विभिन्न सूचना प्रशारण, प्रकाशण गरे वापत भुक्तानी गरेको छ । मिडिया परिचालनका लागि आवश्यक पर्ने मापदण्ड र कार्यविधि भने बनाएको पाइएन । यसैगरी विभिन्न मिडिया र सञ्चार माध्यम सँग सम्झौता गरी विभिन्न कार्यक्रमको भिडियो डकुमेन्ट्री निर्माणका लागि समेत भुक्तानी भएको छ । नगर प्रमुख कार्यक्रम, नगर उपप्रमुख कार्यक्रम, विविध खर्च शिर्षक, कार्यक्रम खर्च शिर्षक र वडाको बजेटबाट समेत विभिन्न सञ्चार माध्यमलाई सूचना प्रकाशन र प्रशारण गरे वापत भुक्तानी भएकोले यस वापतको जम्मा खर्च यकिन गर्न सकिएन । पालिकाले यस्ता खर्च गर्दा आवश्यक मापदण्ड र कार्यविधि बनाई मापदण्ड र कार्यविधि अनुरुप खर्च गर्नुपर्ने देखिन्छ ।

२४.३

पुस्तक छपाई खर्च - आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न प्रतिष्ठानलाई आवश्यक पर्ने विभिन्न पुस्तकको प्रकाशन र छपाईका लागि बजेट शिर्षक नै छुट्याई, तोकादेशमा, सम्झौता गरी भुक्तानी गरेको छ । यसरी दीर्घकालीन पूँजि निर्माण र जनताको जीवनस्तर उकास्ने कार्यक्रममा बजेट विनियोजन गर्नुपर्नेमा यस्ता वितरणमुखी र जनतालाई प्रत्यक्ष लाभ नदिने, कुनै व्यक्ति, प्रतिष्ठान वा संगठनलाई मात्र लाभ दिने कार्यमा रकम खर्च गरेको उचित देखिएन ।

गो. भौ . नं र मिति	संस्था वा प्रतिष्ठानको विवरण	खर्चको विवरण	रकम
२७२५- ०८२ / ०३ / १४	रमेश विकल साहित्य प्रतिष्ठान	रमेश विकल समग्र बाल कथा खण्ड ५०० थान पुस्तक र बाल नाटक उपन्यास ५०० थान पुस्तक छपाई	१००००००
२४८९- ०८२ / ०३ / ०१	सुरभी साहित्य प्रतिष्ठान	द्रष्टा दृष्टीमा स्रष्टा विजय चालिसे नामक पुस्तक ५०० थान छपाई	५०००००
जम्मा			१५०००००

२५ **प्रमाण कागजात**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहाय बमोजिमको भुक्तानीमा आवश्यक प्रमाण कागजात संलग्न नगरेकोले प्रमाण पेश हुनुपर्ने रु.

गो.भौ.नं/मिति	खर्चको विवरण	रकम	कैफियत
७८- ०८१ / ०६ / ०७	शुभ लाभ सर्जिकल हाउस एण्ड ट्रेडिङ्ग (बिल नं ००२ - ०८१ / ०५ / २४)	४९७९२३	त्रिपाल १२* १८ साइजको २०४ थान खरिदको भर्पाइ पेश नभएको ।
२२४३- ०८२ / ०२ / ०२	ओम विल्डर्स एण्ड सप्लायर्स प्रा. लि (बिल नं ०२६ - ०८२ / ०२ / ०१)	३०५४२८	त्रिपाल १२* १८ साइजको २४६ थान खरिद गरेकोमा वडा र अन्यलाई गएको एकमुष्ट परिमाणको भर्पाइ पेश नभएको (निकासा नं ८२५ , ८८ र ९३ को १५१ थानको भर्पाइ बाकी) ।
२००१- ०८२ / ०१ / ०९	पन्चकन्या स्टोर्स बिल नं ०८८	७५२५८	HDEP Pipe 200 mm को ४० मिटर खरिद गरी नविन श्रेष्ठलाई हस्तान्तरण गरेकोमा नापी किताब र कार्य सम्पन्न संलग्न नभएको ।
३३०२- ०८२ / ०३ / २५	गोकर्णेश्वर युनिफर्म हाउस बिल नं ०१९	९८९८८	ट्र्याक सुट ३० थान खरिद गरेकोमा भर्पाइ पेश नभएको ।
१८७७- ०८१ / १२ / १७	इरा प्रिन्टिङ्ग सपोर्ट र सप्लायर्स बिल नं ०१७	३५००१७	A5 साइज डायरी खरिद ५०० थानको भर्पाइ पेश नभएको ।
२९२९- ०८२ / ०३ / १८	कबर्डहल विद्युत महसुल भुक्तानी	१२४६५८	नेपाल विद्युत प्राधिकरणलाई रु. १ , ५० , ००० /- भुक्तानी भएकोमा रु . २५ , ३४२ /- को मात्र बिल पेश भएको ।
२९०२- ०८२ / ०३ / १८	शुभ लाभ सर्जिकल हाउस एण्ड ट्रेडिङ्ग	१४६९००	२६ थान रेनकोट खरिद गरेकोमा वितरण भर्पाइ पेश नभएको ।
	जम्मा	१५,९९,१७२	

प्रमाण पेश नगरेको	१५,९९,१७२

२६ **बढी दरमा संयोजक भत्ता भुक्तानी** (2032 र 2033-2082-01-11):

गोकर्णेश्वर नगरपालिकाको आर्थिक, प्रशासनीक तथा आन्तरिक नियन्त्रण सम्बन्धी ऐन, २०८० को दफा १५ मा तालिम/गोष्ठी/सेमिनारको खर्च मापदण्डको व्यवस्था गरिएको छ । उक्त मापदण्डमा कार्यक्रमको संयोजन गरे वापत प्रति दिन रु.१०००/- पाइने उल्लेख छ । वरिष्ठ शाखा अधिकृत दिपक थापा क्षेत्रीले वडा नं ३ मा रहेको सुन्ताखान बटुक भैरव महिला विकास समूह र पाखाथोकमा रहेको स्वर्गपुरी कृषक टोल सुधार समूहको ७ दिने अचार

बनाउने तालिमको संयोजन गरे वापत प्रति दिन रु.१५००/- का दरमा भत्ता भुक्तानी लिएकोले बढी भुक्तानी रकम कर बाहेक सम्बन्धितबाट असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	५,९५०

२७ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ (संसोधन सहित) को नियम ३ मा भ्रमण आदेशको स्वीकृती, नियम १० मा दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्च भुक्तानी विधि, नियम १८ मा भ्रमण सम्बन्धी बिल भर्पाइ र नियम २१ मा भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था गरेको छ । त्यसै गरी गोकर्णेश्वर नगरपालिकाको आर्थिक, प्रशासनीक तथा आन्तरिक नियन्त्रण सम्बन्धी ऐन, २०८० को दफा ७ मा दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्चको व्यवस्था गरिएको छ । पालिकाले यस वर्ष भ्रमण खर्च शीर्षकमा रु. १०,००,०००/- बजेट व्यवस्था गरी खर्च गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका बेहोराहरु देहाय बमोजिम रहेका छन् ।

• कार्यालयका कर्मचारी र पदाधिकारीले विभिन्न कामको सिलसिलामा भ्रमण गर्दा नियमानुसार भ्रमण आदेशको दर्ता गर्नुपर्नेमा गरेको पाइएन । साथै कतिपय भ्रमणको भ्रमण आदेश र भ्रमण बील समेत स्वीकृत भएको पाइएन ।

• विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेपनि कार्यालयले भ्रमण अभिलेख राखेको छैन ।

• कार्यालयका कर्मचारी र पदाधिकारीले भ्रमण गर्दा अधिकांश भ्रमणमा भ्रमण प्रतिवेदन संलग्न गरेको पाइएन ।

• विभिन्न कार्यक्रमको लागि भ्रमण गरेकोमा कार्यक्रमको उपस्थितिका लागि पठाएको पत्र र यस कार्यालयबाट कर्मचारी तथा पदाधिकारीलाई छनौट गरी पठाएको पत्र राखेको देखिएन ।

भ्रमण खर्च सम्बन्धमा पालिकाले सुधार गर्नुपर्ने देखिन्छ ।

२८ **अनुगमन भत्ता**

बागमती प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (संसोधन सहित) मा पदाधिकारीहरुले कार्यक्रम र योजना अनुगमन गरे वापत भत्ता पाउने व्यवस्था भएको देखिदैन । कर्मचारीको हकमा भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम ८ मा काठमाडौं उपत्यका वा कुनै प्रशासकिय जिल्लाको सदरमुकाम क्षेत्रबाट १५ किलोमिटर क्षेत्र भित्रमा भत्ता नपाउने व्यवस्था रहेको छ । नगरपालिकाले अनुगमन, मूल्याङ्कन खर्च शिर्षकमा रु. १५ लाख बजेट विनियोजन गरी खर्च गरेको छ । यसरी पालिकाभित्र संचालित विभिन्न कार्यक्रममा सोहो कार्यक्रम शिर्षकबाट पनि अनुगमन गरे वापत जनप्रतिनिधि र कर्मचारीले अनुगमन भत्ता भुक्तानी लिएको देखियो । गोकर्णेश्वर नगरपालिकाको आर्थिक, प्रशासनिक तथा आन्तरिक नियन्त्रण सम्बन्धी ऐन, २०८० को दफा ७ र अनुसूची-२ मा अनुगमन वापत क्रमशः भ्रमण आदेश स्वीकृत गराएर दैनिक भ्रमण भत्ताको आधारमा र परीक्षा अनुगमन वापत प्रति अनुगमनकर्ता रु.१०००/- भुक्तानी दिन पाउने व्यवस्था गरेको छ । पालिकामा पेश भएका भौचरहरुको नमुना परीक्षण गर्दा पालिकाले निम्नानुसारका पालिका स्तरमा नै संचालन भएका विभिन्न कार्यक्रमको अनुगमन गरे वापत निम्नानुसारका पदाधिकारी तथा कर्मचारीलाई विभिन्न भौचरबाट रु.२,३८,०००/- भुक्तानी गरेको देखिन्छ । यसै गरी अनुगमन भत्ता वापत भुक्तानी दिएकोमा कतिपयमा अनुगमन गरेको प्रतिवेदन र अनुगमनमा खटिएका पदाधिकारी र कर्मचारीको हाजिरी गरेको प्रमाण समेत श्रेस्तामा संलग्न रहेको देखिएन । साथै अनुगमनका लागि तोकिएका पदाधिकारी र कर्मचारीभन्दा बढी सदस्य गई भत्ता भुक्तानी लिएको पाइयो । यसरी ऐन र नियमावलीमा भएको व्यवस्थाको पालना नगरी अनुगमन भत्ता वापत भुक्तानी दिएको रकम नियमानुसार नदेखिएको रु.

गो. भौ . नं र मिति	कार्यक्रम/ योजनाको विवरण	सहभागी	रकम
१५२२- ०८१ / ११ / ०८	न. पा भित्रका संघ संस्था समिति समूहका पदाधिकारीलाई प्रस्ताव तथा प्रतिवेदन लेखन तालिमको अनुगमन	विभिन्न	१४०००
२१४६- ०८२ / ०१ / १७	जीवन उपयोगी नैतिक शिक्षा कार्यक्रम अनुगमन	१० जना	११०००
२९८३- ०८२ / ०३ / २०	पठन सीप, पठन संस्कृति विकास कार्यक्रम अनुगमन	९ जना	२८०००
२८३२- ०८२ / ०३ / १७	विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ पदाधिकारीको लागि विद्यालय व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम अनुगमन	४ जना	१२०००
१९४९- ०८२ / ०१ / ०५	नगरस्तरीय विद्यालयहरुमा विद्यार्थीहरुलाई बालबालिका हक अधिकार सम्बन्धी सचेतना कार्यक्रम अनुगमन	१३ जना	३२०००
२७९४- ०८२ / ०३ / १६	नापतौल डोर सम्बन्धी अनुगमन	२४ जना	१०४०००
३०००- ०८२ / ०३ / २०	कोपोमिस तालिम	७ जना	३७०००
जम्मा			२३८०००

अनियमित भएको	२,३८,०००

२९ अतिथि सत्कार, विविध तथा सभा संचालन खर्च

गोकर्णेश्वर नगरपालिकाको आर्थिक, प्रशासनीक तथा आन्तरिक नियन्त्रण सम्बन्धी ऐन, २०८० को दफा ६ मा चियापान तथा अतिथि सत्कार खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीको हस्ताक्षर सहितको कुपन जारी भएको बिलको मात्र भुक्तानी दिइने उल्लेख गरेकोमा स्रेस्तामा कतिपय यस्ता खर्चको भुक्तानीमा हस्ताक्षर सहितको कुपनको प्रमाण संलग्न रहेको पाइएन । कार्यालयले यस वर्ष विविध खर्च शिर्षकमा रु. ८० लाख र सभा संचालन खर्च शिर्षकमा रु. २५ लाख गरी जम्मा रु. १,०५,००,०००/- बजेट विनियोजन गरी रु. १,०२,६८,३७७/- खर्च गरेको छ । यसै गरी कार्यक्रम शिर्षक र अन्य विभिन्न शिर्षकबाट समेत विविध खर्च र अतिथि सत्कार वापतको रकम भुक्तानी भएकोले यस वर्ष अतिथि सत्कार र विविधमा भएको जम्मा खर्चको यकिन गर्न सकिएन । यसरी गरिएका अतिथि सत्कार लगायतका खर्चमा बील मात्र पेश भएकोमा सम्बन्धित बैठक र कार्यक्रमको माइन्युट पेश भएको पाइएन। यसै गरी विविध खर्चको भुक्तानी गर्दा मर्मत, खरिद र अन्य पटके खर्च समेत गरेको देखियो। पालिकाको आन्तरिक आय रू. ३८,७०,००,०००/- को तुलनामा उक्त खर्चमा २.६५ प्रतिशत खर्च भएको देखिन्छ। चालु प्रकृतिका खर्चमा नियन्त्रण गरी उत्पादनमूलक क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

३० विद्युत महसुलको जरिवाना

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को बुँदा नं ८ मा पानी, बिजुली र संचार महसुलवापत विनियोजित बजेटबाट खर्च धान्ने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। त्यस्तै गोकर्णेश्वर नगरपालिकाको आर्थिक, प्रशासनीक तथा आन्तरिक नियन्त्रण सम्बन्धी ऐन, २०८० को दफा १६ मा पानी, बिजुली, टेलिफोन तथा घरभाडा सम्बन्धि व्यवस्था गरिएको छ । उक्त दफाको उपदफा १ र २ मा कार्यालय तथा पदाधिकारीले पानी, बिजुली, टेलिफोन जस्ता सुविधाको प्रयोगमा मितव्ययीता अपनाउनु पर्ने र सोको बील समयमै भुक्तानी गरी जरिवाना नतिर्ने र छुट सुविधा लिने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । केही भौचरहरु छनौट गरी परीक्षण गर्दा कार्यालयले विद्युत महसुलको जरिवाना स्वरुप रु. ४९,०९६/- सहित महशुल भुक्तानी गरेको पाइयो। कार्यालयले यस्ता युटिलिटी खर्चमा समयमै भुक्तानी गरी छुट प्राप्त गर्नु पर्नेमा म्याद समाप्त भएपछि ५%, १०% र २५% सम्म जरिवाना समेत विल रकमको भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

गो. भौ . नं र मिति	कार्यालय	बिल रकम	जरिवाना दर	जरिवाना रकम
३१-०८१/०६/०२	वडा नं ६	६५३८	२५% र ५ %	९७०
३३-०८१/०६/०२	वडा नं ६	२५२१७	२५% र ५ %	५११०
४१-०८१/०६/०२	गराडोल खेलकुद मैदान	७९४८८	२५.%	१९८७२
६१-०८१/०६/०४	नगरपालिका	४४४१५	२५% र ५ %	७१७४
१६८-०८१/०६/१३	वडा नं १	१७१९७	२५% र १० %	३५८२
१९६-०८१/०६/१४	वडा नं ७	१५९०७	२५% र १० %	२८८३
५८१-०८१/०७/११	नगरपालिका	३३६३२	२५% र १० %	४४३९
२९२९-०८२/०३/१८	कवर्डहल विद्युत महसुल	१९९४७	२५.००%	४९८६
जम्मा				४९०९६

अनियमित भएको	४९,०९६

३१ **घरभाडा**

गोकर्णेश्वर नगरपालिका सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १०४ को उपनियम ४ मा पालिकाले भाडामा लिने घर जग्गाको भाडा निर्धारण गर्न पालिकाका नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्राविधिक महाशाखा प्रमुख लगायत 5 सदस्यीय घरभाडा निर्धारण समिति रहने र सोही नियमको उपनियम ६ र ७ बमोजिम समितिले घर जग्गाको भाडा निर्धारण गरेपछि सार्वजनिक निकायले घरजग्गा धनी संग सम्झौता गरी घर भाडामा लिनुपर्ने व्यवस्था छ। साथै नियमावलीको उपनियम ११ मा वार्षिक रु. ५ लाख सम्मको घरभाडाका लागि उपनियम १ मा भएको व्यवस्थाको पालना गरी सोझै घर जग्गा भाडामा लिन सकिने उल्लेख छ । पालिकाले स्थापना भए देखि आफ्नो भवन नभएको र नयाँ प्रशासकिय भवन निर्माणाधिन अवस्थामा रहेका कारण कार्यालय प्रयोजनका लागि विभिन्न घरधनीको घर भाडामा लिएको पाइयो । कार्यालयले देहाय बमोजिमका घरधनीसँग कार्यालय प्रयोजनका लागि घरभाडामा लिएकोमा नियमावलीमा भएको व्यवस्था बमोजिम घरभाडा निर्धारण समितिमार्फत भाडा निर्धारण नगरी सोझै घरभाडामा लिई सम्झौता गरेको पाइयो । कार्यालयले नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ ।

क्र. सं	घरधनीको विवरण	घरको विवरण	वार्षिक भाडा रकम
१	दिपक कुमार भण्डारी	नगर कार्यपालिकाको कार्यालय प्रयोजन ।	७२६७७७८
२	सरोज कुमार श्रेष्ठ	स्वास्थ्य र शिक्षा शाखा प्रयोजन ।	२४६९६११
जम्मा			९७३७३८९

३२ **सवारीसाधन भाडा**

गोकर्णेश्वर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ९४ को उपनियम १ मा रु. २० लाख रुपैँया सम्मको लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा ऐनको दफा ४० (सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ४०) बमोजिम सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने उल्लेख छ । कार्यालयले कार्यालय प्रयोजन र सामुदायिक विद्यालय/कलेजका विद्यार्थीलाई दैनिक रुपमा ल्याउन र लैजानका लागि देहाय बमोजिमका सवारी साधन धनीसँग सम्झौता गरी भाडामा लिएकोमा नियमावलीमा भएको व्यवस्था बमोजिम सिलबन्दी दरभाउपत्र आह्वान नगरी सोझै गरेको पाइयो । साथै विद्यालयका विद्यार्थीहरुलाई आवत जावत गर्नका लागि भाडामा लिइएको सवारी साधन उपलब्ध गराउने सवारी धनी सँग भएको सम्झौताको बुँदा नं २ मा आवत जावत गर्ने विद्यार्थी अध्ययन गर्ने विद्यालय र क्याम्पसले मासिक रुपमा विद्यार्थीको हाजिरी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको पहलमा नगरपालिकामा पठाउनु पर्ने उल्लेख गरेकोमा विद्यालय र कलेजको सो विवरण उल्लेख गरेको देखिएन । यसरी यस वर्ष भाडामा लिइएका सवारी साधनको विवरण देहाय बमोजिम रहेको छ ।

क्र. सं	सवारी साधन धनी	सवारी साधन नं	सवारी साधन प्रयोगकर्ता संख्या	वार्षिक सवारी भाडा रकम
१	कुल बहादुर तामाङ्ग	बा २ ख ४८०४	५६ जना विद्यार्थी	९५४५००
२	आइते राम तामाङ्ग	बा ४ ख १९७०	५८ जना विर्द्यार्थी	१२६५०००
३	संजिव तामाङ्ग	बा ४ ख ९१६८	५८ जना विर्द्यार्थी	१२६५०००
४	धोर्जे लामा	१३ च ८६०९ बोलेरो	नगर अस्पताल, स्वास्थ्य शाखा र अन्य कर्मचारी	१०१६४००
जम्मा				४५, ०० , ९००

३३ ईन्धन खर्च

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को दफा १४ मा भएको व्यवस्था अनुसार कार्यालयले ईन्धन खर्चमा मितव्यीता ल्याइ खर्च गर्नुपर्ने उल्लेख छ। यसै गरी गोकर्णेश्वर नगरपालिकाको आर्थिक, प्रशासनीक तथा आन्तरिक नियन्त्रण ऐन, २०८० को दफा ९ मा सरकारी तथा निजी सवारी साधन प्रयोग गरी नियमित कार्यालयमा आउने कर्मचारीलाई अनुसूची – १ बमोजिम ईन्धन सुविधा उपलब्ध गराउने उल्लेख छ । त्यसै गरी ऐनको अनुसूची-१ मा वडा नं १ र ३ का वडाध्यक्षलाई प्रदेशमा व्यवस्था भएको ईन्धन सुविधाको मापदण्ड भन्दा थप सुविधा उपलब्ध गराउने उल्लेख गरेको छ । कार्यालयले ईन्धनका लागि जि.एम.बि इन्टरप्राइजेज (३०५०३५७२५) र सोझै बिल पेश गरी नगरपालिका चालु शीर्षकको ईन्धन (कार्यालय प्रयोजन) शीर्षकबाट रु.७५,००,०००/-, ईन्धन (पदाधिकारी) शीर्षकबाट रु.२५,००,०००/- र ईन्धन (अन्य प्रयोजन) शीर्षकबाट रु.१०,००,०००/- गरी जम्मा रु.१,१०,००,०००/- खर्च गरेको छ। बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६ को अनुसूची १ (क) मा भएको ईन्धन प्रयोगको मासिक दरमा भएको व्यवस्था भन्दा चार पाङ्ग्रे सवारी साधन प्रयोग गर्ने नगरपालिकाका पदाधिकारीले आवश्यकताका आधारमा ईन्धन प्रयोग गरेको देखियो। महालेखा नियन्त्रक कार्यालयबाट इन्धन खर्च सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टि गर्नुपर्ने भनि निर्देशन गरेकोमा पालिकाले ईन्धनको प्रविष्टि PAMS मा गरेको पाईएन। प्रचलित कानूनी व्यवस्थाको पालना गरी PAMS मा प्रविष्टि गरेर मात्र इन्धन खर्च गर्नुपर्दछ।

पालिकाले सवारी साधनमा ईन्धन खपतको अवस्था खुल्नेगरी म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्दछ। कार्यालयका चारपाङ्ग्रे सवारी साधनको नियमानुसार लगबुक राखेको छैन । पदाधिकारी र कर्मचारीले ऐन र कार्यविधिमा भएको व्यवस्था बमोजिम ईन्धन प्रयोग गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

३४ जनप्रतिनिधिको ईन्धन सुविधा

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संसोधन सहित) अनुसूची १ (क) मा पदाधिकारी सेवा सुविधाको व्यवस्था गरिएको छ। उक्त अनुसूचीमा वडाध्यक्षले मासिक २० लिटर सम्म ईन्धन सुविधा पाउने उल्लेख छ । उक्त ऐनको दफा १२ मा पदाधिकारीको सुविधा निर्धारण गर्नका लागि गाउँसभा वा नगरसभाले यस ऐनमा तोकेको सुविधालाई अधिकतम मानी आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा क्षमता समेतको आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ। तर नगरपालिकाले गोकर्णेश्वर नगरपालिकाको आर्थिक, प्रशासनीक तथा आन्तरिक नियन्त्रण ऐन, २०८० को अनुसूची–१ मा वडा नं १ र वडा नं ३ का वडाध्यक्षलाई प्रदेश कानून भएको व्यवस्था (मासिक २० लिटर ईन्धन) भन्दा मासिक १० लिटर बढी ईन्धन सुविधा उपलब्ध गराउने उल्लेख गरी उपलब्ध गराएको पाइयो ।

क्र. सं	वडा नं	प्रदेश ऐन अनुसारको ईन्धन सुविधा	ऐनबाट थप ईन्धन सुविधा	बढी थप ईन्धन सुविधा वार्षिक	रकम
१	वडा नं १	मासिक २० लिटर	मासिक १० लिटर	१२० लिटर	१९२००
२	वडा नं ३	मासिक २० लिटर	मासिक १० लिटर	१२० लिटर	१९२००
जम्मा					३८४००

३५ सवारीसाधन मर्मत खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ (चौधौँ संशोधन) को नियम ९६ मा मालसामान मर्मत सम्भार गर्ने, गराउने कार्यविधिको व्यवस्था गरिएको छ। गोकर्णेश्वर नगरपालिकाको आर्थिक, प्रशासनीक तथा आन्तरिक नियन्त्रण ऐन, २०८० को दफा १० को उपदफा २, ३ र ४ मा सरकारी चारपाङ्ग्रे सवारी साधन, कार्यालयबाट उपलब्ध गराइएका मोटरसाइकल एवं स्कुटरहरु र निजि दुइ पाङ्ग्रे सवारी साधनहरुको मर्मतको दर तोकेको छ । कार्यालयले सरकारी चारपाङ्ग्रे सवारी साधन, कार्यालयबाट उपलब्ध गराइएका मोटरसाइकल एवं स्कुटरहरु र निजि दुइ पाङ्ग्रे सवारी साधनहरुमा वार्षिक रुपमा मर्मत खर्चमा कति रकम उपलब्ध गराएको भनी अभिलेख राखेको देखिएन । कार्यालयले यस वर्ष सवारी साधन मर्मत खर्चमा विभिन्न ३ वटा शिर्षकमा

रु.४०,००,०००/- बजेट विनियोजन गरी खर्च गरेको छ । महालेखा नियन्त्रक कार्यालयबाट सवारी साधन र मेशिनरी औजार मर्मत गर्दा नियमानुसार सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मार्फत अनिवार्य रुपमा मर्मत संभार आवेदन फारम र मर्मत सम्पन्न अभिलेख राख्नुपर्ने भनी निर्देशन गरेकोमा पालिकाले सवारी साधन र मेशिनरी औजारको मर्मतमा PAMS को प्रयोग नगरी Manual मर्मत आदेश मार्फत गरेको देखियो। यसरी राखिएको Manual मर्मत आदेश पनि नियमानुसार व्यवस्थित राखेको देखिएन। कतिपय मर्मतमा कार्यालयले मर्मतको बिल र मर्मत आदेश मात्र समावेश गरेको देखियो। यसरी प्रचलित कानूनी व्यवस्थाको पालना गरी PAMS मा अभिलेख जनाएर मात्र सवारी साधन र मेशिनरी औजार मर्मत गरी खर्च गर्नुपर्दछ।

३६ **विभिन्न आर्थिक सहायतामा देखिएका बेहोरा**

३६.१ **आर्थिक सहायता** – सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सरकारको वार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधि उपचार खर्च वापत आर्थिक सहायता प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था छ। साथै उक्त मार्गदर्शनमा उपर्युक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उल्लेख छ। पालिकाले गोकर्णेश्वर नगरपालिका विपन्न नागरिक स्वास्थ्य उपचार सहयोग कार्यविधि, २०८० बनाई असाध्य रोग अनुदान एवंम विपन्न उपचार सहयोग कार्यक्रम शिर्षकमा रु.४०,००,०००/- बजेट विनियोजन गरी खर्च गरेको छ । पालिकाले अन्य शिर्षकमा गरेको आर्थिक सहायताका लागि भने कार्यविधि बनाएको छैन । साथै अन्य शिर्षकबाट समेत आर्थिक सहायता र औषधी उपचार खर्च सहयोग वितरण गरेको पाइएकोले कुल जम्मा वितरित सहयोग रकम यकिन गर्न सकिएन । यसरी गोकर्णेश्वर नगरपालिका विपन्न नागरिक स्वास्थ्य उपचार सहयोग कार्यविधि, २०८० को दफा ६ मा औषधी उपचारका लागि वितरित आर्थिक सहायताको अभिलेख र प्रतिवेदन पेश गर्ने जिम्मेवारी स्वास्थ्य शाखाको हुने उल्लेख गरेकोमा स्वास्थ्य शाखाले कार्यविधि अनुरुप गरेको पाइएन । नगर प्रमुखको तोक आदेशमा रु. २५०००/- सम्मको उपचार खर्च सहायता प्रदान गरेको र सो भन्दा बढीको सहयोगका लागि कार्यपालिका बैठकमा पेश गरी निर्णय गरेकोमा पालिकासँग यस वर्ष वितरण गरेको आर्थिक सहायता र औषधी उपचार खर्चको अभिलेख रहेको पाइएन । पालिकाको आन्तरिक आम्दानी रू. ३८,७०,००,०००/- रहेकोमा आन्तरिक आम्दानीको १.०३ प्रतिशत रकम व्यक्तिगत आर्थिक सहायतामा वितरण गरेको छ। पालिकाबाट वितरण गरिने सम्पूर्ण आर्थिक सहायतालाई समेटी एकिकृत आर्थिक सहायता कार्यविधि बनाई, आर्थिक सहायतालाई कार्यविधि अनुरुप वितरण गरी आवश्यक अभिलेख व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट असान्दर्भिक आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन। तर लेखापरीक्षणको क्रममा निम्नानुसार देखिएका केहि बेहोरा छन् । आर्थिक सहायता दिने प्रवृत्ति विश्लेषण गर्दा आर्थिक सहायता दिन नहुने र दिन आवश्यक नपर्ने व्यक्ति, संस्थालाई समेत नगरप्रमुखको तोकादेश र कार्यपालिका बैठकको निर्णयका आधारमा आर्थिक सहायता दिएको देखिन्छ।यसमा पालिकाले सुधार गर्नुपर्दछ ।

गो. भौ . नं र मिति	सहायता पाउनेको नाम	सहायता वितरणको विवरण	रकम	कैफियत
२६६८- ०८२ / ०३ / १३	आनन्दनगर टोल सुधार समाज	श्रीमदभागवत सप्ताह ज्ञान महायज्ञ २०८१	१०००००	नगर प्रमुख तोकादेशमा
६५८ र ६५७	मुना खवास मगर र ज्ञानी चुनारा	अन्तराष्ट्रिय निर्णायक सेमिनार कतारमा सम्पन्न	१३६६००	युवा तथा खेलकुद विकास समिति र नगर प्रमुख तोकादेशमा
३३१- ०८१ / ०६ / १८	नेपाल राष्ट्रिय मार्शल आर्ट गेम्स महासंघ	महासंघको साधारण सभा तथा संघसंस्था सम्मान	१५००००	
३०४- ०८१ / ०६ / १६	श्री कृष्ण मन्दिर संरक्षण तथा समाज सुधार संस्था	विविध कार्यक्रम र खर्च	३०००००	

३६.२ (1084-2081-09-17):

मालपोत कार्यालयलाई भुक्तानी – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। साथै पालिकाले आफ्नो क्षेत्राधिकार तथा आफु अन्तरगत रहेका संघ,संस्था तथा निकायलाई मात्र कार्यालय सञ्चालनको लागि बजेट विनियोजन तथा खर्च गर्ने गर्नुपर्दछ। पालिकाले सङ्घीय सरकार अन्तरगतको मालपोत कार्यालय, चाबहिललाई उक्त कार्यालयको नवनिर्मित भवनमा कार्यालय सञ्चालन गर्नको लागि आवश्यक इन्टेरियर डेकोरेशन, फर्निचर तथा फर्निसिङ्ग र कम्प्युटर तथा मेशिनरी औजार खरिद कार्य गर्नका लागि मिति २०८१/०६/२१ को २६ औँ कार्यपालिका बैठकबाट निर्णय गरी विविध खर्च शिर्षकबाट रु.२०,००,०००/- अनुदान

उपलब्ध गराएको छ । कार्यालयको चलानी नं ९९४ मिति २०८१/०९/१७ को पत्रबाट उक्त रकमको आन्तरिक र अन्तिम लेखापरीक्षण अनुदान प्राप्त गर्ने कार्यालयबाट गर्ने र प्रगति प्रतिवेदन पालिकामा पेश गर्न भनिएकोमा प्रगति प्रतिवेदन पेश गरेको पाइएन । यसरी आफ्नै आफ्नै बजेट तथा अख्तियारी हुने कार्यालयलाई अनुदान सहयोग गर्ने कार्य नियमसम्मत नभएको रु.

अनियमित भएको	२०,००,०००

३६.३ **अन्य निकाय खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। साथै पालिकाले आफ्नो क्षेत्राधिकार तथा आफु अन्तरगत रहेका संघ,संस्था तथा निकायलाई मात्र कार्यालय सञ्चालनको लागि बजेट विनियोजन तथा खर्च गर्ने गर्नुपर्दछ। पालिकाले सङ्घीय सरकार अन्तरगतका देहायका कार्यालयलाई विभिन्न सामग्री खरिद गरी हस्तान्तरण गरेको र ति कार्यालयले विभिन्न सामग्री खरिद गरेको बिलको भुक्तानी पालिकाबाट बजेट व्यवस्था गरी, कार्यपालिका बैठकको निर्णयका आधारमा, सभाको निर्णयका आधारमा गरेको देखियो । यी कार्यालयको आफ्नै अख्तियारी हुने हुनाले पालिकाले अन्य निकायलाई सहयोग गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ। साथै माथिल्लो तहका कार्यालयको लागि खर्च गरेको रकम नियमसम्मत नभएको रू.

गो. भौ . नं र मिति	कार्यालयको विवरण	सहयोगको बेहोरा	रकम
३१५०-०८२/०३/२३	मालपोत कार्यालय, साँखु	मसलन्द सामग्री खरिद र स्रेस्ता बाइण्डीङ वापत	१९८५४१
१२६६-०८१/१०/१०	मालपोत कार्यालय, चाबहिल	फारमहरु र मसलन्द खरिद र छपाई	२७०३९७
२५६३-०८२/०३/०४	नापी कार्यालय, चाबहिल	मेशिनरी तथा नेटवर्किङ सामग्री खरिद	१९९४२२
२२४८-०८२/०२/०२	नापी कार्यालय, चाबहिल	नवनिर्मित भवनमा आवश्यक फर्निचर खरिद	२९९४५०
विभिन्न भौचर	ट्राफिक प्रहरी वृत बौद्ध	ईन्धन सुविधा जम्मा वार्षिक ५३० लिटर	८४८००
विभिन्न भौचर	प्रहरी प्रभाग सुन्दरीजल	ईन्धन सुविधा जम्मा वार्षिक २२० लिटर	३५२००
विभिन्न भौचर	प्रहरी प्रभाग गोकर्ण	ईन्धन सुविधा जम्मा वार्षिक २६० लिटर	४१६००
विभिन्न भौचर	प्रहरी बिट माकलबारी	ईन्धन सुविधा जम्मा वार्षिक १२० लिटर	१९२००
विभिन्न भौचर	प्रहरी चौकी जोरपाटी	ईन्धन सुविधा जम्मा वार्षिक १४५ लिटर	२३२००
विभिन्न भौचर	प्रहरी सेवा केन्द्र जोरपाटी	ईन्धन सुविधा जम्मा वार्षिक १७५ लिटर	२८०००
विभिन्न भौचर	प्रहरी बिट नयाँबस्ती	ईन्धन सुविधा जम्मा वार्षिक १३० लिटर	२०८००
विभिन्न भौचर	प्रहरी बिट अर्यालगाउँ	ईन्धन सुविधा जम्मा वार्षिक १२० लिटर	१९२००
विभिन्न भौचर	प्रहरी बिट जम्बुडाँडा	ईन्धन सुविधा जम्मा वार्षिक १५० लिटर	२४०००
जम्मा			१२६३८१०

अनियमित भएको	१२,६३,८१०

३७ **सोधभर्ना भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ। साथै नियम ४० (४) मा उपनियम २ बमोजिम नेपाल सरकारबाट सबै प्रकारको भुक्तानी सम्बन्धित व्यक्ति वा संस्थाको बैङ्क खातामा जम्मा हुने गरी गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले देहायका समितिको वैठक भत्ता, विद्युत महसुल, विविध खर्च भुक्तानी कार्य गर्दा सम्बन्धित फर्मलाई रकम भुक्तानी नदिई कर्मचारी मार्फत भुक्तानी दिएको छ । यस्तै वडा कार्यालयको सम्पूर्ण वडा सञ्चालन बजेटबाट भएका विविध, मर्मत, ईन्धन, मसलन्द लगायतका खर्चको वडा सचिवले सोधभर्ना लिई भुक्तानी लिएको छ । नियमको परिपालना गरी कर्मचारी मार्फत भुक्तानी दिने परम्परालाई निरुत्साहित गर्नुपर्दछ। केही उदाहरण निम्नानुसार छन् ।

गो.भौ.नं/मिति	कार्यको विवरण	सोधभर्ना लिने पदाधिकारी र कर्मचारी	रकम
३१२४-०८२/०३/२३	विभिन्न समितिको बैठक भत्ता	सहायक चौथौ मालती भण्डारी	६६७२००
४९४-०८१/०७/०६	प्राविधिक तथा आर्थिक प्रस्ताव मुल्याङ्कन समिति	अधिकृत छैटौँ कृष्णराज राई	७१०००
१२३-०८१/०६/१०	विविध खर्चको भुक्तानी	सुवास बराइली	४०४००
१७८-०८१/०६/१३	विविध खर्चको भुक्तानी	प्रा. बसन्तराज पौडेल	६९७१०
नोट - वडाको वडा सञ्चालन खर्च लगायतका खर्चको सोधभर्ना वडा सचिवले गरेको			

३८ **विभिन्न बैठक भत्ता भुक्तानीमा देखिएका बेहोरा देहाय बमोजिम रहेका छन् ।**

३८.१ **ऐनमा व्यवस्था नभएका समितिको वैठक भत्ता –** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १४ को उपदफा १ मा कार्यपालिकाले आफ्नो काम कारबाही व्यवस्थित गर्न आवश्यकता अनुसार कुनै सदस्यको संयोजकत्वमा समिति वा उपसमिति गठन गर्न र उपदफा २ मा विषय विज्ञता आवश्यक पर्ने क्षेत्रमा कुनै सदस्य वा विषय विज्ञको संयोजकत्वमा कार्यदल गठन गर्न सक्ने व्यवस्था गरेको छ । यसैगरी गोकर्णेश्वर नगरपालिकाको आर्थिक, प्रशासनिक तथा आन्तरिक नियन्त्रण सम्बन्धी ऐन, २०८० को दफा ३ को उपदफा १ र २ मा प्रचलित कानून तथा वार्षिक कार्यक्रम बमोजिम गठित समिति वा कार्यदलको लागि र समिति वा कार्यदल गठन गर्दा नै बैठक भत्ता तथा खाजा सुविधा उपलब्ध गराउने गरी निर्णय भएको अवस्थामा मात्र बैठक भत्ता तथा खाजा सुविधा उपलब्ध गराउने हुने उल्लेख छ । कार्यालयले सङ्घीय ऐन र पालिकाको ऐनमा भएको व्यवस्थाको पालना नगरी कार्यक्रम, आवश्यकता र कामको प्रकृतिका आधारमा समिति गठन गरी वैठक भत्ता वापत भुक्तानी दिएको देखियो । यसरी ऐनमा व्यवस्था भएका र सो बमोजिम गठित समिति, उपसमिति र कार्यदलका लागि मात्र वैठक भत्ता भुक्तानी दिनु पर्नेमा कार्यक्रमका आधारमा गठित समिति उपसमितिलाई भत्ता भुक्तानी गरेको रकम अनियमित देखिएको रु.

गौ. भौ . नं।मिति	समिति/ उपसमिति / कार्यदल	उपस्थित संख्या	जम्मा भुक्तानी
२८०६- ०८२ / ०३/१६	गोकर्णेश्वर साहित्यिक कार्यक्रम अन्तरगत श्रष्टा सम्मान कार्यक्रमको तयारी तथा व्यवस्थापनको लागि गठित समिति बैठक भत्ता	१७ जना	१०६०००
२९८३- ०८२ / ०३/२०	पठन सीप, पठन संस्कृति विकास कार्यक्रम वैठक भत्ता	१८ जना	६६०००
२९९९- ०८२ / ०३/२०	परिमार्जित स्थानीय पाठ्यक्रमको विशिष्टिकरण तालिका र नमूना प्रश्नपत्र निर्माण कार्यक्रम वैठक भत्ता	७ जना	५००००
२८३२- ०८२ / ०३/१७	विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ पदाधिकारीको लागि विद्यालय व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम व्यवस्थापन वैठक भत्ता	११ जना	४९०००
२८३३- ०८२ / ०३/१७	शैक्षिक तथ्याङ्क सहितको बुलेटिन तयारी तथा प्रकाशनको लागि प्रकाशन समिति बैठक भत्ता	७ जना	३५०००
३१४४- ०८२ / ०३/२३	पंजीकरण तथा सामाजिक सुरक्षा उपशाखाको बैठक	११ जना	७४०००
जम्मा			३८००००

अनियमित भएको	३,८०,०००

३८.२ **आमन्त्रीत सदस्य** - गोकर्णेश्वर नगरपालिकाको आर्थिक, प्रशासनिक तथा आन्तरिक नियन्त्रण सम्बन्धी ऐन, २०८० को दफा ३ को उपदफा ४ मा समिति वा कार्यदलका कूल सदस्य बाहेक सो संख्याको बढीमा ५० प्रतिशतले हुन आउने संख्यामा विज्ञ, आमन्त्रीत सदस्य वा कर्मचारीलाई मात्र बैठक भत्ता भुक्तानी गर्ने उल्लेख गरेको छ । नमुना छनौटका आधारमा परीक्षण गरिएका निम्नानुसारका भौचरमा कार्यालयले बैठक भत्ता भुक्तानी गर्दा ऐनमा तोकिएको भन्दा बढी संख्या र प्रतिशतमा र विशेषज्ञ सेवा भन्दा बाहेकका आमन्त्रीत सदस्यलाई भुक्तानी गरी थप आर्थिक व्ययभार पारेको रु.

गौ. भौ . नं।मिति	समिति	समिति सदस्य	आमन्त्रित सदस्य	आमन्त्रीतलाई भुक्तानी रकम
३१२४-०८२/०३/२३	बजेट तथा कार्यक्रम तर्जुमा समिति	१२ जना	१२ जना	४६८००
३२६८-०८२/०३/२५	प्राविधिक तथा आर्थिक प्रस्ताव मुल्याङ्कन समिति	५ जना	१५ जना	१८४०००
१४२४-०८१/१०/२८	प्राविधिक तथा आर्थिक प्रस्ताव मुल्याङ्कन समिति	५ जना	८ जना	७८०००
४९४-०८१/०७/०६	प्राविधिक तथा आर्थिक प्रस्ताव मुल्याङ्कन समिति	५ जना	६ जना	३५०००
२५४५-०८२/०३/०३	घ वर्गको इजाजत वितरण बैठक भत्ता	३ जना	८ जना	९५०००
३११६-०८२/०३/२३	करार कर्मचारीको का. स . मु फारम मूल्याङ्कन समिति	३ जना	६ जना	५०४००
१४०२-०८१/१०/२४	प्राविधिक तथा आर्थिक प्रस्ताव मुल्याङ्कन समिति	५ जना	११ जना	२५३०००
१६९८-०८१/१२/०५	विभिन्न योजनाको अनुगमन गरे वापतको बैठक भत्ता	५ जना	२७ जना	२९२०००
४८५-०८१/०७/०५	दररेट निर्धारण समिति	६ जना	६ जना	४१०००
जम्मा				१०७५२००

अनियमित भएको	१०,७५,२००

३८.३ (3124-2082-03-23):

बढी दरमा बैठक भत्ता भुक्तानी -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,२१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी

गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१,८७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३८.४ (1413-2081-10-25):

जिन्सी निरीक्षण समिति - सार्वजनिक खर्चमा मितव्यीता र प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को दफा १५ को उपदफा १ मा प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरेवापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता लगायतका कुनै प्रकारका भत्ता प्रदान नगरिने व्यवस्था गरेकोमा पालिकाले आ.व २०८०/८१ को जिन्सी निरिक्षण गरेवापत ५ जना समिति सदस्यहरु तथा १२ जना अन्य आमन्त्रीत कर्मचारीहरुलाई विभिन्न १७ वटा बैठक भत्ता वापत भुक्तानी गरेको छ। यसरी मापदण्ड विपरित दैनिक बैठक भत्ता भुक्तानी गरेको रकम अनियमित देखिएको रु.

अनियमित भएको	२,०१,०००

३९ **अवलोकन र भ्रमण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको अधिकार र दफा २४ मा योजना बनाई कार्यान्वयनको व्यवस्था गरेकोमा अनुत्पादक क्षेत्रमा खर्च नियन्त्रण गर्दै पूर्वाधार निर्माण तथा दिर्घकालिन पूँजि निर्माण हुने क्षेत्रमा मात्र खर्च गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले कर्मचारी, जनप्रतिनिधि, एकल महिला, जेष्ठ नागरिक, महिला स्वास्थ्य स्वयमसेविका, विभिन्न महिला समूह, अन्य विभिन्न समूह लगायतलाई नगरपालिका, वडा कार्यालय, विषयगत शाखा र विभिन्न समूहले समन्वय गरी रिफ्रेसमेन्ट, अवलोकन, तिर्थयात्रा र धार्मिक स्थलको भ्रमण गराए वापत विभिन्न स्थानमा लगि पालिकाका विभिन्न शिर्षकबाट खर्च लेखेको छ । यसरी गरिएको खर्चमा यातायात, खाना खाजा र आवास वापत विभिन्न फर्मलाई र कर्मचारीलाई पेश्की दिइ वा सोझै सोधभर्ना दिइ भुक्तानी गरेकोमा ऐनमा यस सम्बन्धी कानूनी व्यवस्था गरेको देखिदैन । नमुना परीक्षण गरिएका यस्ता कार्यक्रममा भ्रमणमा जादा कतिपय भ्रमणमा ट्राभल एजेन्सी मार्फत भ्रमण गरिएको, कतिपयमा कोटेशन र लागत अनुमान पेश नभएको, भ्रमणको प्रतिवेदन नभएको, सवारी भाडाको सम्झौता नभएको, अध्ययन अवलोकन भनिएकोमा केवल विभिन्न स्थानमा भ्रमण गरेको, लक्षित वर्गलाई संलग्न गराएकोमा लक्षित वर्ग भएको प्रमाण नखुलेको लगायतका व्यहोरा देखिएका छन्। पालिकाबाट यस वर्ष यस्ता अवलोकन र भ्रमणमा के कति खर्च भएको भनी पालिका सँग अभिलेख रहेको देखिएन । जसले गर्दा यस आ.वमा यस्ता भ्रमण र अवलोकनमा भएको खर्चको यकिन गर्न सकिने अवस्था रहेन । पालिकाले बजेट शिर्षकमा नै अवलोकन र भ्रमण खर्च भनी तोकेका बाहेकका अन्य फरक शिर्षक र नगर प्रमुख र उपप्रमुखको कार्यक्रम शिर्षकबाट तोक आदेशमा यस्तो प्रकृतिको खर्च गरेको पाइयो । यसरी भ्रमणमा जाने लक्षित समुहहरुको छनौटको आधारमा समेत स्पष्टता भएको देखिएन। यसरी पालिकाले पूर्वाधार निर्माण तथा दिर्घकालिन पूँजि निर्माण हुने क्षेत्रमा केन्द्रित भइ अनुत्पादक क्षेत्रमा हुने खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

गो. भौ . नं र मिति	भ्रमणको विवरण	संख्या	स्थान	खर्च	कैफियत
३०२३- ०८२ /०३/२१	वडा नं ६ जेष्ठ नागरिक भ्रमण कार्यक्रम	१५० जना	नुवाकोट दुप्चेश्वर मन्दिर	४९७६००	कोटेशन नगरी सोझै क्याटरिङ र गाडी भाडामा लिइएको, जेष्ठ नगरिक भएको प्रमाण नभएको ।
२३८३- ०८२ /०२/२३	वडा नं ७ कर्मचारी, जनप्रतिनिधि तथा महिला स्वास्थ्य स्वयमसेविका अवलोकन भ्रमण	१२ जना	पूर्वी नेपालको भ्रमण	३५७६९९	
२३१७- ०८२ /०२/१३	वडा नं ५, ६ , ७ , ८ का महिला स्वास्थ्य स्वयमसेविका	३२ जना	चितवन, गुल्मी र पोखरा	३७५०००	
१९३०- ०८१ /१२/२०	वडा नं ४ का जनप्रतिनिधि र कर्मचारी	१४ जना	कास्की	३०००००	गाडी भाडाको सम्झौता नभएको ।
१५३३- ०८१ /११/०८	वडा नं १ मुलखर्क म्हेन्दो महिला समूह	३५ जना	कास्की	३०००००	
१५३४- ०८१ /११/०९	वडा नं ९ जेष्ठ नागरिक धार्मिक यात्रा	८० जना	बराह क्षेत्र, बुढासुब्बा लगायत	४९८९००	ट्राभल एजेन्सी मार्फत, कोटेशन नभएको ।
१८४१- ०८१ /१२/१३	वडा नं ५ कर्मचारी तथा जनप्रतिनिधि अवलोकन भ्रमण कार्यक्रम	१४ जना	रारा, मुगु	६०००००	
१८८६- ०८१ /१२/१९	एकल महिला भ्रमण, धार्मिक स्थल	१३३ जना	धादिङ, तनहुँ , कास्की	३०००००	
११६१- ०८१ /०९/२८	कर्मचारी र जनप्रतिनिधि अवलोकन भ्रमण (न्यायिक समिति)	१२ जना	कास्की, तनहुँ , लमजुङ	४१७०००	ट्राभल एजेन्सी मार्फत ।
१४१४- ०८१ /१०/२५	प्राविधिक कर्मचारी अवलोकन भ्रमण	८ जना	पोखरा, मुस्ताङ र चितवन	२२६०००	
१६८२- ०८१ /१२/०४	प्राविधिक कर्मचारी अवलोकन भ्रमण	१२ जना	लुम्बिनी, सुदुरपश्चिम लगायत स्थान	४१५०००	
२८६०- ०८२ /०३/१७	कर्मचारी अवलोकन भ्रमण	१३ जना	ताप्लेजुङ	२००१३०	
१५८८- ०८१ /११/२८	कर्मचारी अवलोकन भ्रमण	९ जना	मुक्तिनाथ, मार्फा , म्याग्दी लगायत	२०००००	
२०५७- ०८२ /०१/१३	न्यायिक समितिका पदाधिकारी तथा कर्मचारी अवलोकन भ्रमण	१८ जना	जनकपुर, काकडभिट्टा लगायत	७९७४००	

४० **संस्थागत अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै पूर्वाधार निर्माण तथा दिर्घकालिन पूँजि निर्माण हुने क्षेत्रमा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ। उक्त ऐनले संघसंस्था, समुह, मेला, पर्व, जात्रा, यात्रा, संस्कृति लगायतमा आर्थिक सहायता र संस्थागत अनुदान दिन मिल्ने कानूनी व्यवस्था गरेको देखिदैन । साथै ऐनको दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकार भित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ। पालिकाले पालिका भित्र र बाहिरका विभिन्न संघसंस्था, सामुदायिक र संस्थागत विद्यालय, गैर नाफामुलक संस्था लगायतलाई संचालन र व्यवस्थापन अनुदान, तालिम संचालन, अवलोकन, सामग्री खरिद वापत बजेट शिर्षक नै छुट्याइ र नगर प्रमुख र उपप्रमुखको कार्यक्रमबाट तोकादेशमा साथै कार्यपालिका बैठकको निर्णयका आधारमा अनुदान र सहयोग उपलब्ध गराएको छ । पालिकाले यस वर्ष संस्थागत अनुदान तर्फ रु.२,२९,००,०००/- बजेट विनियोजन गरेकोमा ५१ वटा संघसंस्थालाई रु. २ लाख देखि रु.१० लाख सम्म अनुदान उपलब्ध गराइ जम्मा रु.१,९३,८६,८७५/- खर्च गरेको छ । यस शिर्षक भन्दा बाहेक अन्य शिर्षकबाट समेत संस्थागत अनुदान उपलब्ध गराएका कारण यसमा भएको जम्मा खर्च यकिन गर्न सकिएन । यसरी संस्थागत अनुदान उपलब्ध गराउनका लागि पालिकाले आवश्यक मापदण्ड र कार्यविधि भने बनाएको छैन । साथै संघसंस्थाले पालिकाबाट प्राप्त अनुदानबाट खरिद गरेका सामग्रीको नियमानुसार जिन्सी दाखिला गरी अभिलेख राखेको समेत पाइएन । यसरी

संघसंस्थालाई उपलब्ध गराइएको अनुदान रकमको पालिकाबाट अनुगमन समेत भएको देखिएन । पालिकाले आवश्यक कार्यविधि बनाइ वितरणमुखी कार्यमा नियन्त्रण कायम गर्नुपर्ने देखिन्छ ।

गो. भौ . नं र मिति	संस्थागत अनुदान पाउने	अनुदान प्रयोग	रकम
२९१५- ०८२ / ०३ / १८	जोरपाटी लायन्स एकेडेमी	संचालन तथा व्यवस्थापन अनुदान	४०००००
३१०१- ०८२ / ०३ / २३	गणेशमान सिंह अध्ययन प्रतिष्ठान	संचालन तथा व्यवस्थापन अनुदान	१००००००
३१७४- ०८२ / ०३ / २४	गोकर्ण मा. वि	बस सञ्चालन अनुदान	४०००००
२२९- ०८१ / ०६ / १५	श्री ओख्रेनी मा. वि	कक्षा ११ र १२ सञ्चालन अनुदान	१००००००
१७००- ०८१ / १२ / ०५	नेपाल स्पाइनल कर्ड इन्जरी खेलकुद संघ	तालिम, सामग्री खरिद , कर्मचारी व्यवस्थापन	४०००००
७८१- ०८१ / ०८ / ११	ग्रीन आर्मी नेपाल	कर्मचारी पारिश्रमिक, सामग्री , मर्मत खर्च	७०००००
२१६०- ०८२ / ०१ / २१	नव जीवन संगठन गोकर्णेश्वर	स्वास्थ्य शिविर र कार्यालय सञ्चालन	४०००००
१७४५- ०८१ / १२ / ०७	स्वस्थ समाज नेपाल	बैद्धिक अपाङ्गता भएका व्यक्तिलाई सवारी साधन र शिक्षक व्यवस्थापन	४०००००
९६४ र ४१६	राष्ट्रिय शहिद तथा शान्ति पार्क	संचालन व्यवस्थापन	७०००००
२०८५- ०८२ / ०१ / १३	अभिनव साहित्य समाज	खाजा, छपाइ , सामग्री खरिद	४०००००
१६३३- ०८१ / ११ / २८	समता एजुकेशन फाउण्डेशन काठमाडौँ	शिक्षक तलब, शैक्षिक सामग्री खरिद र फर्निचर खरिद	७०००००
१७३९- ०८१ / १२ / ०६	नयाँ जीवन नेपाल	खाद्यान्न लगायत सामग्री खरिद	६०००००
२६४९- ०८२ / ०३ / १२	मदन भण्डारी फाउण्डेशन	आवासिय कार्यक्रम, तालिम , खेलकुद प्रतियोगिता , नृत्य प्रतियोगिता	१००००००
२२९९- ०८२ / ०२ / ०९	चक्र स्मृती पाठशाला	शिक्षक तलब भत्ता	७०००००
३०९८- ०८२ / ०३ / २३	मंगला देवी सिंह फाउण्डेशन	टेनिस प्रतियोगिता	४०००००
३०३०- ०८२ / ०३ / २१	वि. पि संग्रहालय समिति	रंगरोगन, बिजुली महसुल , ज्याला	६०००००
८९७- ०८१ / ०८ / २७	शंखडोल कराते एकेडेमी नेपाल	सामग्री खरिद	४०००००
१२६९- ०८१ / १० / १०	मानव सेवा आश्रम	खाद्यान्न, औषधी , घरभाडा लगायतमा खर्च	५०००००
२३२६- ०८२ / ०२ / १४	बि आइ ए संस्था	खाद्यान्न सहयोग अनुदान	३०००००
२१७६- ०८२ / ०१ / २३	मेरुदण्डित पक्षघात समूह नेपाल	संचालन अनुदान	४०००००
२५२४- ०८२ / ०३ / ०२	सहयोगी बहुमुखइ क्याम्पस	शिक्षक व्यवस्थापन	५०००००
२५८४- ०८२ / ०३ / १०	श्री खगेन्द्र नवजीवन विशेष शिक्षा मा. वि	शिक्षक व्यवस्थापन	४०००००

४१ **वृत्तचित्र र भिडियो डकुमेन्ट्री निर्माण**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ । पालिकाबाट विभिन्न बजेट शिर्षकमा बजेट व्यवस्था गरी वा तोक आदेशमा विभिन्न विकास गतिविधि, खेलकुद क्रियाकलाप, सांस्कृतिक कार्यक्रम र अन्य विभिन्न कार्यक्रममा वडागत रुपमा र पालिकागत रुपमा गरेका कार्यको वृतचित्र र भिडियो डकुमेन्ट्री निर्माण गरी विभिन्न एजेन्सी र फर्मलाई रकम भुक्तानी दिइ खर्च गरेकोमा यस वर्ष भएको जम्मा खर्च रकमको भने यकिन गर्न सकिएन । गत विगतमा पनि यस्तै प्रकारका भिडियो, डकुमेन्ट्री र वृत्तचित्र निर्माणमा खर्च भएकोमा उस्तै प्रकारका कार्यक्रममा दोहोरो खर्च भएको हो वा होइन भनी पालिका सँग अभिलेख रहेको पाइएन । साथै निर्माण भएका वृत्तचित्रहरु पालिकाले नियमानुसार पाम्समा जिन्सी दाखिला गरेको पाइएन । सूचना प्रविधी शाखाबाट डकुमेन्ट्रीलाई सर्भरमा राखिएको भनिएतापनि सोको पहुँच सबैलाई भएको देखिएन । यस्तो प्रकारको बेहोरा गत विगतका लेखापरीक्षण प्रतिवेदनमा समेत उल्लेख भएकोमा पालिकाले यस सम्वन्धमा सुधार गरेको देखिएन । वर्षैपिच्छे निर्माण हुने यस्ता डकुमेन्ट्री र वृत्तचित्रको पालिकाले आवश्यक अभिलेख राखी कार्यक्रममा दोहोरो नहुने गरी आवश्यकताका आधारमा निर्माण गर्नुपर्ने देखिन्छ ।

गो. भौ . नं र मिति	वृत्तचित्रको विवरण	फर्मको विवरण	रकम
१४५५- ०८१ / ११ / ०४	खानेपानी योजनाको वृत्तचित्र निर्माण	सत्य सञ्चार प्रा. लि	४९४९९९
१८०७- ०८१ / १२ / १२	खेलकुद वृत्तचित्र निर्माण	आलोक मिडिया प्रा. लि	२०००००
३०७४- ०८२ / ०३ / २२	वार्षिक समीक्षात्मक वृत्तचित्र निर्माण	समुन्नत मिडिया प्रा. लि	४९२०००
३०७६- ०८२ / ०३ / २२	शिक्षा वृत्तचित्र निर्माण	आलोक मिडिया प्रा. लि	२०००००
१९७०- ०८२ / ०१ / ०८	पालिका भरिका विभिन्न स्थानको वृत्तचित्र निर्माण	ॐ भिजन प्रा. लि	१९९९९९
२८१७- ०८२ / ०३ / १६	अक्सिजन कन्ट्रास सेवा सेवा सम्बन्धी वृत्तचित्र	खबरहरु मिडिया नेपाल	९८०००
२८१६- ०८२ / ०३ / १६	स्वास्थ्य सेवा सम्बन्धी वृत्तचित्र	आलोक मिडिया प्रा. लि	९७५००
२५०२- ०८२ / ०३ / ०१	नगरपालिकाको असल अभ्यास समेटिएको वृत्तचित्र निर्माण	शब्द घर प्रा. लि	२०००००
३१३८- ०८२ / ०३ / २३	सुन्दरीजलको सेरोफेरो निर्माण	नेपाल मिडिया एण्ड स्टुडियो	२०००००

४२ **आवासीय कार्यक्रम**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को नियम ७ मा कार्यालयले तालिम, गोष्ठी, अभिमुखीकरण, सेमिनार, छलफल, बैठक र अन्तरकृया जस्ता कार्यक्रम उपलब्ध भएसम्म अनलाइन प्रविधिको माध्यमबाट सञ्चालन गर्नुपर्ने र त्यस्ता कार्यक्रम भौतिक रुपमा उपस्थित भई सञ्चालन गर्नु परेमा सम्भव भएसम्म आफ्नै सभाहल वा बैठक कक्ष, सार्वजनिक सभाहल वा बैठक कक्ष प्रयोग गर्नुपर्ने उल्लेख छ । साथै गोकर्णेश्वर नगरपालिकाको आर्थिक, प्रशासनीक तथा आन्तरिक नियन्त्रण सम्बन्धी ऐन, २०८० को दफा १५ को उपदफा १ मा वार्षिक कार्यक्रम तथा बजेटमा समावेश भएका तालिम/गोष्ठी/सेमिनार जस्ता कार्यक्रमहरु उपलब्ध भएसम्म सरकारी हलमा नै सञ्चालन गर्नुपर्ने उल्लेख छ । पालिकाको आफ्नो प्रशासनीक भवन निर्माणाधिन अवस्थामा रहेको छ भने पालिका स्वयम भाडाको घरमा सञ्चालित छ । नमुना छनौट गरी हेर्दा विभिन्न क्षमता विकास, समीक्षात्मक कार्यक्रम लगायतका कार्यक्रमको सञ्चालन पालिकाले सार्वजनिक सभाहल वा वैठक कक्षमा सञ्चालन नगरी आवासीय रुपमा विभिन्न होटल तथा रिसोर्टमा सञ्चालन गरेको छ । जसले कार्यक्रमको लागत र खर्चमा वृद्धि गरेको छ । मापदण्ड र ऐनमा तोके अनुसार यस्ता कार्यक्रम सञ्चालन गरी खर्चमा मितव्यीता ल्याउनु पर्ने देखिन्छ । केही उदाहरण देहाय बमोजिम रहेका छन् ।

गो. भौ . नं र मिति	कार्यक्रमको विवरण	सञ्चालित स्थान	सहभागी संख्या	रकम
२८६६- ०८२ / ०३ / १७	महिला जनप्रतिनिधिहरु, विभिन्न शाखाका प्रमुख तथा शाखाका कर्मचारीहरुलाई क्षमता अभिवृद्धिका लागि कानुनी सचेतना	बल्थली भिलेज रिसोर्ट, पनौती	३८ जना	२०९०००
२७६८- ०८२ / ०३ / १५	व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी आवासीय कार्यक्रम	पुर्नाश म्युजियम रिसोर्ट, गोदावरी	३० जना	३७४९९०
३३३१- ०८२ / ०३ / ३२	शाखागत समीक्षात्मक कार्यक्रम	Club Himalaya Pvt. Ltd र युनिस एण्ड प्रनिश खाजा घर	२५ जना	२८८२००
१२३२- ०८१ / १० / ०८	कर्मचारीहरुको क्षमता विकास तथा तनाव व्यवस्थापन	ग्रीनभ्याली रिसोर्ट बुढानीलकण्ठ	१३ जना	२९३८००

४३ **सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । आ. व. २०८१।८२ मा नगरपालिकाले सामाजिक सुरक्षा भत्ता स्वरूप ३८८७ लाभग्राहीलाई जम्मा रु. १५ करोड ४४ लाख १२ हजार ८७० वितरण गरेको छ । यस सम्बन्धमा देखिएका थप बेहोराहरू निम्न रहेका छन् ।

भत्ता वितरणको अनुगमन - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ नगरपालिकाका प्रमुख वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सामाजिक सुरक्षा भत्ता विवरणसम्बन्धमा अनुगमन गरी अभिलेख राखेको पाइएन । भत्ता वितरण प्रक्रिया तथा लाभग्राहीको नियमित निरीक्षण तथा अनुगमन गरी कार्यविधिको पालना हुनुपर्दछ ।

पारदर्शिता - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार लाभग्राहीको नाम, दर्ता/नवीकरण प्रक्रिया, भत्ताको दर, बैंक विवरण तथा लाभग्राहीले पूरा गर्नुपर्ने प्रक्रिया लगायतका जानकारी स्थानीय सामाजिक सङ्घ संस्था, गैरसरकारी संस्था तथा सामाजिक परिचालनमा संलग्न संस्थाहरूको सहयोगमा प्रचार-प्रसार गर्नुपर्नेछ साथै भुक्तानी गरिएको रकम र बुझिलिने व्यक्तिको नामावली सम्बन्धित वडा कार्यालय र स्थानीय तहको वेब साइटमा राख्नुपर्नेछ । तर पालिकाको निर्णय पुस्तिका तथा वेब साइट अवलोकन गर्दा यस्ता सूचना सार्वजनिक गरेको देखिएन । सामाजिक सुरक्षा भत्ता विवरणमा पारदर्शिता कायम गर्न कार्यविधिले तोकेअनुसारको सूचना सार्वजनिक गर्नुपर्दछ ।

प्रतिवेदन - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २९ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची - ६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानीय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाले कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन । प्रणालीमा प्रतिवेदन अद्यावधिक गरी कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

निष्क्रिय खाताको रकम - सामाजिक सुरक्षाको रकम वितरण गर्ने ज्योति विकास बैंक, जोरपाटीबाट हालसम्म निष्क्रिय खातामा रहेको रकमको विवरण पेस भएको नदेखिएकोले लेखापरीक्षणको क्रममा रु. २० लाख ५४ हजारभन्दा बढी निष्क्रिय खातामा रहेको रकम फिर्ता गरी सङ्घीय सञ्चित कोष दाखिला गरिएको छ ।

बैंक फिर्ता - सामाजिक सुरक्षा भत्ता वितरणपश्चात् फिर्ता गर्नुपर्ने देखिएको रु. ४,३२,६०३/- नगरपालिकाको विविध खर्च खातामा फिर्ता गरेको देखिन्छ । नगरपालिकाले विविध खर्च खातामा आम्दानी बाँधेको सो रकम सङ्घीय सञ्चित कोष फिर्ता गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,३२,६०३

४४ **सहकारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ख) मा पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन गर्ने तथा सहकारी संस्थासम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण र कार्यान्वयन गर्ने अधिकार तोकिएको छ । पालिकाभित्र उत्पादक सहकारी ६, वित्तीय सहकारी ३९ र बहुउद्देश्यीय सहकारी ५ गरी ५० सहकारी संस्था सञ्चालनमा रहेको विवरण प्राप्त भएको छ ।

सूचना प्रणालीमा अभिलेख : सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा सहकारी संस्थाले मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । नगरपालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा ४८ सहकारीले विवरण पेस गरेको विवरण प्राप्त भएको छ भने २ सहरकारी संस्थाले विवरण दाखिला गरेको पाइएन ।

लेखापरीक्षण प्रतिवेदन : सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार सहकारीहरूले मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने व्यवस्था छ । पालिकाभित्रका सम्पूर्ण सहकारी संस्थाहरूले समयमै लेखापरीक्षण सम्पन्न गराएको पाइएन । सम्पूर्ण सहकारी संस्थाको विवरण अद्यावधिक गर्न लगाई लेखापरीक्षण प्रतिवेदन पेस गर्न लगाउँनुपर्दछ ।

अनुगमन : पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन लेखापरीक्षणका क्रममा पेश भएन । प्रचलित नियमअनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

समस्याग्रस्त सहकारी - नगरपालिकाभित्र वित्तीय कारोबार गर्ने सहकारी संस्थामध्ये १ सम्पर्कमा नरहेको ३ बन्द भएकोमा उजुरी नआएको र ४ मा बचत रकम फिर्ताको लागि प्रयास भईरहेको जानकारी प्राप्त भएको छ । सहकारीमा देखिएको समस्यालाई नगरपालिकाले सुधारका कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।

४५ **सीप विकास तालिम सञ्चालनमा देखिएका बेहोरा**

४५.१ **सीप विकास तालिममा उत्पादित सामग्री र प्रयोग भएका मेशिन र औजारको व्यवस्थापन** – बागमती प्रदेश सीप विकास तालिम संचालन सम्बन्धी कार्यविधि, २०८० को दफा १८ र १९ मा क्रमशः सीपमुलक तालिममा उत्पादित सामग्री र प्रयोग भएका मेशिन र औजारको व्यवस्थापन सम्बन्धी कार्यविधिको व्यवस्था गरी उत्पादित सामग्रीहरु तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई उत्पादन मुल्यको पचास प्रतिशत छुट गरी विक्रि गर्ने र सो विक्रिबाट प्राप्त भएको रकम कार्यालयको राजश्व खातामा दाखिला गर्ने वा अभिलेख राखी कोशेली घर, प्रर्दशनी गृह वा त्यस्ता स्थलहरु नभएमा जिल्ला दैवी प्रकोप उद्धार समिति, स्थानीय विपद व्यवस्थापन, नेपाल रेडक्रस सोसाइटी, स्थानीय तह वा अन्य निकायहरुलाई निःशुल्क रुपमा वितरण गर्ने र तालिमका लागि खरिद भएका मेशिन र औजारहरु कार्यालयमा दाखिला गरी आगामी तालिमको लागि राख्नुपर्ने व्यवस्था छ। तर कार्यालयले संचालन गरेका सीप विकास तालिममा उत्पादित सामग्री र प्रयोग भएका मेशिन र औजारको कार्यविधिमा भएको व्यवस्था अनुरुप नगरी प्रशिक्षार्थीलाई वितरण गरेको उल्लेख गरेको छ। कार्यविधि अनुरुप गर्न सम्बन्धित कार्यालयको ध्यान जानुपर्दछ। केही उदाहरणहरु देहाय बमोजिम रहेका छन्।

गो. भौ . नं./ मिति	सीप विकास तालिम	संचालन गर्ने	कच्चा पदार्थ खरिद वापतको रकम
२५०१-०८२/०३/०१	कुसन डल गुडिया बनाउने तालिम	डोलेगाल महिला समूह	८८६९५
३०६४-०८२/०३/२२	एक महिने झोला बनाउने तालिम	ग्लोबल इरा मल्टी सर्भिस प्रा. लि	१५९९८९
१५५६-०८१/११/१५	पोते चुरा माला लगायतका श्रृङ्गार सामानहरु बनाउने तालिम	सुनगाभा महिला हस्तकला उद्योग	१०२७११
२०३२-०८२/०१/११	वडा नं ३ मा ७ दिने अचार बनाउने तालिम	सुन्ताखान बटुक भैरव महिला विकास समूह	५८९९५
२०३३-०८२/०१/११	वडा नं ३ मा ७ दिने अचार बनाउने तालिम	पाखाथोक स्वर्गपुरी कृषक टोल सुधार समूह	६५५४०
२६५२-०८२/०३/१२	१५ दिने मखमली जुत्ता तालिम	मिलिजुली महिला समूह	१०२४९३
२९८४-०८२/०३/१८	वडा नं ८ मा ७ दिने ब्याग बनाउने तालिम	सृजनशिल तयारी उद्योग	८४८३५

४५.२ **सीप विकास प्रशिक्षकको छनौट योग्यता** - बागमती प्रदेश सीप विकास तालिम संचालन सम्बन्धी कार्यविधि, २०८० को दफा ११ मा सीप विकास प्रशिक्षकको छनौट योग्यता तथा सुविधाको व्यवस्था गरी कार्यालयले प्रत्येक वर्ष सुचना प्रकाशन गरी प्रशिक्षकको रोष्टर सुचि तयारी तथा अध्यावधिक गर्नुपर्ने साथै प्रशिक्षकको योग्यता तालिम वा अनुभव कार्यविधिमा भएको व्यवस्था बमोजिम हुनुपर्ने व्यवस्था गरेकोमा कार्यालयले रोष्टर सुची तयार गरी वार्षिक रुपमा अद्यावधिक गरेको छैन।साथै प्रशिक्षक, सहायक प्रशिक्षक र प्रशिक्षण सहायकको शैक्षिक योग्यता तालिम वा अनुभवको विवरण अध्यावधिक गरेको देखिएन। यस तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। यस आ.व.मा सञ्चालन भएका केही तालिमका प्रशिक्षक र सहायक प्रशिक्षकको विवरण देहाय बमोजिम रहेका छन्।

गो. भौ . नं / मिति	सीप विकास तालिम	प्रशिक्षक र सहायक प्रशिक्षक	प्रशिक्षण वापत भुक्तानी रकम
२८८४-०८२/०३/१७	१५ दिने उद्घोषण तालिम	ज्ञानलाल श्रेष्ठ	३१५००
३०६४-०८२/०३/२२	एक महिने झोला बनाउने तालिम	अञ्जना भुजेल र उर्मिला थापा मगर	५७०००
१५५६-०८१/११/१५	पोते चुरा माला लगायतका श्रृङ्गार सामानहरु बनाउने तालिम	रुक्मीनी दाहाल र शोभा खनाल	४२०००
२०३२-०८२/०१/११	वडा नं ३ मा सुन्ताखान समूहमा ७ दिने अचार बनाउने तालिम	इन्दिरा न्यौपाने	२८०००
२०३३-०८२/०१/११	वडा नं ३ मा स्वर्गपुरी समूहमा ७ दिने अचार बनाउने तालिम	इन्दिरा न्यौपाने	२८०००
२६५२-०८२/०३/१२	१५ दिने मखमली जुत्ता तालिम	रोसनी श्रेष्ठ	३१५००

४५.३ **सीप विकास तालिममा प्रशिक्षकको सुविधा** – अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०८१ (नवौँ संस्करण) को अनुसुची ११ मा सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्डको व्यवस्था गरिएको छ । उक्त निर्देशिकाको अनुसुची ११ को बुँदा नं ३ मा सीप विकास तालिमको खर्च सम्बन्धी व्यवस्था गरिएकोमा कक्षागत रुपमा, ३० कार्यदिन सम्मको र ३० कार्यदिन भन्दा बढी दिनको सीप विकास तालिममा प्रशिक्षकलाई भुक्तानी गरिने रकमको व्यवस्था गरिएको छ । तर गोकर्णेश्वर नगरपालिकाको आर्थिक, प्रशासनीक तथा आन्तरिक नियन्त्रण सम्बन्धी ऐन, २०८० मा सीप विकास तालिमको खर्च मापदण्डको व्यवस्था गरिएको छैन । यसरी नगरपालिकाबाट संचालित विभिन्न सीप विकास तालिममा निर्देशिकामा भएको व्यवस्था भन्दा बढी दरमा प्रशिक्षण भत्ता भुक्तानी गरेको देखिएकोले नियमानुसार नदेखिएको रु.

गो. भौ . नं / मिति	सीप विकास तालिम	प्रशिक्षकको नाम	तालिमको अवधि	मापदण्ड अनुसार पाउने रु	भुक्तानी भएको रु	बढी भुक्तानी रकम रु
२८८४- ०८२ / ०३ / १७	१५ दिने उद्घोषण तालिम	ज्ञानलाल श्रेष्ठ	१५ दिन	१०५००	३१५००	२१०००
३०६४- ०८२ / ०३ / २२	एक महिने झोला बनाउने तालिम	अञ्जना भुजेल र उर्मिला थापा मगर	३० दिन	३६०००	५७०००	२१०००
१५५६- ०८१ / ११ / १५	पोते चुरा माला लगायतका श्रृङ्गार सामानहरु बनाउने तालिम	रुक्मीनी दाहाल र शोभा खनाल	७ दिन	८४००	४२०००	३३६००
२०३२- ०८२ / ०१ / ११	वडा नं ३ मा सुन्ताखान समूहमा ७ दिने अचार बनाउने तालिम	इन्दिरा न्यौपाने	७ दिन	४९००	२८०००	२३१००
२०३३- ०८२ / ०१ / ११	वडा नं ३ मा स्वर्गपुरी समूहमा ७ दिने अचार बनाउने तालिम	इन्दिरा न्यौपाने	७ दिन	४९००	२८०००	२३१००
२६५२- ०८२ / ०३ / १२	१५ दिने मखमली जुत्ता तालिम	रोसनी श्रेष्ठ	१५ दिने	१०५००	३१५००	२१०००
जम्मा						**१४२८००**

अनियमित भएको	१,४२,८००

४५.४ **सीप विकास तालिममा लक्षित वर्ग र समूहको छनौट** – बागमती प्रदेश सीप विकास तालिम संचालन सम्बन्धी कार्यविधि, २०८० को दफा ६ मा सहभागी छनौट गर्ने आधार र विधिको व्यवस्था गरिएको छ । जसमा स्वरोजगारमूलक व्यवसाय र उद्यम गर्न चाहना र रुची भएको वा गरिरहेको, विपन्न, गरिब, दलित, द्वन्द्व पीडित, सीमान्तकृत, अल्पसंख्यक समुदाय अन्तरगत पर्ने साथै वडा र पालिका मार्फत सिफारिस भएको हुनुपर्ने उल्लेख छ । नगरपालिकाबाट यस आर्थिक वर्षमा नगर र वडागत बजेटबाट विभिन्न सीप विकास तालिम संचालन भएकोमा माथी कार्यविधिमा भएको व्यवस्था बमोजिम लक्षित वर्ग र समूहको छनौट भएको भनी आश्वस्त हुन सकिएन । कार्यविधिको पालना गरी वास्तविक लक्षित वर्गको छनौट गर्नुपर्ने देखिन्छ ।

४६ **नगर छोरी नर्सिङ्ग शिक्षा छात्रवृत्ति कार्यक्रम** (1224-2081-10-07):

गोकर्णेश्वर नगरपालिकाले यस वर्ष नगर छात्रवृत्ति कार्यक्रम शिर्षकमा रु.५० लाख बजेट विनियोजन गरेको छ । यसरी पालिकाले छात्रवृत्ति उपलब्ध गराउनका लागि गोकर्णेश्वर नगरपालिका भित्रका जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउने कार्यविधि, २०७९ बनाएको छ । पालिकाले नगर छोरी नर्सिङ्ग शिक्षा छात्रवृत्ति कार्यक्रम वापत यस वर्ष पि.सि.एल नर्सिङ्ग प्रथम वर्षमा भर्ना भएका वा अध्ययनरत पालिकाका निवेदन प्राप्त ५ जना छात्रालाई ५० प्रतिशत छात्रवृत्ति वापत छात्राहरु अध्ययन गरिरहेको शिक्षण संस्थामाको खातामा नै रु.११,८७,५००/- रकम उपलब्ध गराएको पाइयो । कार्यविधिको दफा ४ मा नगर प्रमुखको संयोजकत्वमा ६ सदस्यीय छात्रवृत्ति छनौट समिति रहने र उक्त समितिले दफा ५ बमोजिमको प्रक्रिया पुरा गरी छात्रवृत्ति दिन उपयुक्त व्यक्तिको छनौट गर्ने उल्लेख छ । पालिकाले चलानी नं २६५ मिति २०८१/०५/०६ मा छात्रवृत्ति सम्बन्धी सूचना प्रकाशन गरेको र मिति २०८१/०६/०६ गतेको टिप्पणीका आधारमा छात्रवृत्ति पाउने विद्यार्थीको छनौट गरेको पाइयो । जसले गर्दा विद्यार्थीको छनौट कार्यविधि अनुसार भएको पाइएन । साथै दफा ७ मा उल्लेख भएको प्राथमिकता क्रमलाई समेत पालना नगरी छात्रवृत्तिको सूचना प्रकाशन र टिप्पणीमा उल्लिखित विषयलाई मात्र समेटेको पाइयो । जसले वास्तविक वर्गले छात्रवृत्ति वापतको सुविधा पाए वा नपाएको विषयमा आश्वस्त हुन सकिएन । यसरी कार्यविधिको पालना गरी वास्तविक वर्गको पहिचान गरी छात्रवृत्ति रकम उपलब्ध गराउनुपर्ने देखिन्छ । यस वर्ष पि.सि.एल नर्सिङ्ग प्रथम वर्ष कार्यक्रममा छात्रवृत्ति प्राप्त गर्ने छात्राको विवरण देहाय बमोजिम रहेको छ ।

क्र. सं	विद्यार्थीको नाम	अध्ययनरत शिक्षण संस्था	छात्रवृत्ति रकम
१	समिक्षा श्रेष्ठ, गो . न . पा ३	सुष्मा कोइराला मेमोरियल नर्सिङ्ग क्याम्पस, शाँखु	२३७५००
२	निष्ठा श्रेष्ठ, गो . न . पा ३	सुष्मा कोइराला मेमोरियल नर्सिङ्ग क्याम्पस, शाँखु	२३७५००
३	टिना केरुङ, गो . न . पा ९	हेल्पिङ्ग ह्याण्ड्स सामुदायिक अस्पताल, चाबहिल	२३७५००
४	कृष्टिना गुरुङ, गो . न . पा ९	हेल्पिङ्ग ह्याण्ड्स सामुदायिक अस्पताल, चाबहिल	२३७५००
५	सोनिया नेपाली, गो . न . पा २	च्छो रोल्पा जनरल अस्पताल प्रा. लि चरिकोट, दोलखा	२३७५००
जम्मा छात्रवृत्ति रकम			११, ८७ , ५००

४७ **खेलकुद कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा खर्च प्रणालीमा एकरुपता ल्याई मितव्यीय र प्रभावकारी खर्च प्रणाली बनाउन खर्च गर्ने कार्यविधि र मापदण्ड तोक्ने व्यवस्था रहेको छ। नियमावली २०७७ को नियम ३९ को ५ मा कुनै पनि कार्यक्रममा खर्च गर्नु अघि कार्यविधि तथा मापदण्ड बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। खेलकुद कार्यक्रमको संचालन विभिन्न समुह, क्लब, वडा कार्यालय र नगरपालिकाको कार्यालयबाट भएको देखियो। पालिकाले खेलकुद कार्यक्रममा पालिका र वडातर्फ बजेट विनियोजन गरी रु.१,५४,६४,३८१/- खर्च गरेकोमा उक्त खर्चको लागि आवश्यक कार्यविधि र मापदण्ड तयार गरेको देखिएन। साथै नगर प्रमुख कार्यक्रम, नगर उपप्रमुख कार्यक्रम र अन्य बजेट शिर्षकबाट समेत तोकादेशका आधारमा खेलकुद कार्यक्रममा खर्च भएकोमा सोबाट भएको खर्च रकमको जम्मा रकम यकिन गर्न सकिएन । खर्चको प्रवृत्ति हेर्दा भलिवल, फुटबल, उसु, बास्केटबल, चेस, करातेँ, ब्याटमिन्टन लगायतका खेलकुद कार्यक्रम आयोजना गरी वा सहभागी भई खाना, खाजा, यातायात भाडा, खेलकुद सामग्री, खेलकुद पोशाक, पुरस्कार र प्रशिक्षक र सहयोगी भत्ता वितरण गरेको देखियो। खेलाडी, समूह, क्लबले यातायात र खाना खाजाको बिल पेश गरी सोझै भुक्तानी दिएकोमा खेलाडीको संख्या र दिन प्रष्ट रुपमा स्रेस्तामा देखिएन। साथै वितरित सामग्रीहरुको व्यवस्थित रुपमा अभिलेख राखेको देखिएन। यस्ता कल्ब र समूहहरुलाई पालिकाबाट प्रत्येक वर्ष पटक पटक भुक्तानी भएकोमा ति खेलकुद सामग्रीहरुको सदुपयोग बारे पालिकाले अनुगमन गर्नुपर्ने देखिन्छ। यसरी नतिजामुलक कार्यमा खर्च गर्नुपर्ने बजेट वितरणमुखी कार्यमा खर्च गरेको उचित देखिएन। यस्ता खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।

क्र. सं	बजेट खर्च/ कार्यक्रमको विवरण	बजेट	भुक्तानी रकम
१	गोकर्णेश्वर च्याम्पियनसीप खेलकुद प्रतियोगिता र विभिन्न खेलकुद कार्यक्रम सञ्चालन समेत	नगरपालिका	५००००००
२	जोरपाटी उसु क्वान उसु खेलाडी प्रशिक्षण	नगरपालिका	५०००००
३	मेरुदण्डीय पक्षघात समूहको खेलकुद कार्यक्रम	नगरपालिका	३०००००
४	खेलकुद प्रशिक्षक व्यवस्थापन	नगरपालिका	१००००००
५	जोरपाटी फुटसल ऐकेडेमी फुटसल प्रतियोगिता	नगरपालिका	५०००००
६	वडास्तरीय विभिन्न खेलकुद प्रतियोगिता तथा खेलकुद सामग्री खरिद	वडा नं १	३९७४२६
७	वडाबाट सञ्चालन हुने खेलकुद गतिविधि तथा कार्यक्रम	वडा नं ३	३०००००
८	खेलकुद सम्बन्धी कार्यक्रम	वडा नं ४	४९००००
९	खेलकुद सम्बन्धी विविध कार्यक्रम सञ्चालन गर्न	वडा नं ५	१५०००००
१०	वडाध्यक्ष कप खेलकुद प्रतियोगिता	वडा नं ५	४९९०००
११	जोरपाटी फुटसल ऐकेडेमीलाई प्रतियोगिता संचालन र खेलकुद सामग्री खरिद	वडा नं ५	५०००००
१२	जोरपाटी फुटबल भेन्ट्रानी	वडा नं ६	३९९०००
१३	विविध खेलकुद सञ्चालन	वडा नं ६	८०००००
१४	खेलकुद सम्बन्धी विविध कार्यक्रम सञ्चालन	वडा नं ७	६७९२३०
१५	खेलकुद प्रतियोगिता तथा सामग्री वितरण	वडा नं ८	६०००००
१६	युवा तथा खेलकुद लक्षित कार्यक्रम	वडा नं ९	४९९७२५

४८ **शिक्षातर्फ**

४८.१ **शिक्षक विद्यार्थी अनुपात** - शिक्षा नियमावली, २०५९ को नियमा ७७ अनुसार सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी सङ्ख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमशः पचास, पैतालीस र चालीस हुनु पर्दछ । नगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा कार्यरत प्रावि देखि मावि तहसम्मका शिक्षकको सङ्ख्या २५२ रहेकोमा शैक्षिक सत्र २०८१ मा कक्षा १ देखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या इमिस तथ्याङ्कअनुसार ७७६४ रहेको विवरणबाट देखिन्छ जसअनुसार शिक्षक विद्यार्थीको औसत अनुपात १:३० मात्र हुन जान्छ जुन तोकिएकोभन्दा न्यून हो । शिक्षा नियमावली तथा शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ ले उल्लेख गरेको आधारमा शिक्षक विद्यार्थी अनुपातअनुसार शिक्षक दरबन्दी मिलान गरी शिक्षकहरूको व्यवस्थापन गर्नुपर्दछ ।

४८.२ **संस्थागत विद्यालय व्यवस्थापन** - राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत यकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालित ११९ संस्थागत विद्यालयमा ४८२७४ विद्यार्थी अध्ययनरत रहेकोमा शुल्क निर्धारण, छात्रवृत्ति व्यवस्थापन र त्यसको कार्यान्वियनको अनुगमन गरेको पाइएन । विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनुर्दछ ।

४८.३ **प्रति विद्यार्थी लागत** - कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ अनुसार विद्यालय शिक्षामा हाल भइरहेको लगानीका आधारमा स्थानीय तहभित्र विद्यालयगत र स्थानीय तहको प्रति विद्यार्थी लागत यकिन गर्नुपर्नेमा पालिकाले सोको अभिलेख राखेको पाइएन । लेखापरीक्षणको लागि उक्त विवरण माग गरिएकोमा शिक्षा शाखाबाट उपलब्ध गराएको विवरणअनुसार आर्थिक वर्ष २०८१।८२ मा पालिकाभित्र सञ्चालनमा रहेका १६ सामुदायिक विद्यालयहरूमा इसिडि देखि कक्षा १२ सम्म ८४९१ विद्यार्थी रहेकोमा ती विद्यालयहरूमा विभिन्न शिर्षकमा रु. २५,३२,६७,०५३/- निकासा खर्च भएको देखिन्छ जसबाट प्रति विद्यार्थी खर्च (Per student spending) रु. २९ हजार ८०० भन्दा बढी हुन जान्छ । शिक्षा तथा मानवस्रोत विकास केन्द्रले तयार गरेको विद्यालय नक्साङ्कन, भौतिक सर्वेक्षण र विद्यालय समायोजनका लागि सहयोगी स्रोत पुस्तिका, २०८० अनुसार नगरपालिकाबाट हाल भइरहेका विद्यालयको भौगोलिक अवस्था, जनघनत्व लगायतका आधारमा विद्यालयको तह थपघट, समायोजन/एकीकरण तथा बन्द गर्ने एवं सबै बालबालिकालाई विद्यालयमा शिक्षामा भर्नाको सुनिश्चितता गर्न वैकल्पिक कार्यक्रम सञ्चालन गर्ने लगायतका आधारमा विद्यालय नक्साङ्कन गर्ने कार्य गर्नुपर्दछ ।

४८.४ **शैक्षिक गुणस्तर सुदृढीकरण अनुदान (२३।२०८२।०३।१६)** - कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ अनुसार विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अन्तर्गत विद्यालयमा आइसिटि ल्याव व्यवस्थापनको लागि प्रति विद्यालयलाई रु. ६ लाख ५० हजार अनुदान निकासा दिन सकिन्छ । पालिकाले सामुदायिक विद्यालयहरूलाई सार्वजनिक खरिद ऐन र नियमावली तथा विद्यालय खरिद दिग्दर्शनअनुसारका प्रक्रियाहरू पूरा गरी कम्प्युटर खरिद गर्न लगाउँनु पर्दछ । पालिकाले श्री रामजानकी आविलाई रु. ६,४६,५६२/- ल्याव स्थापनाको लागि अनुदान निकासा गरेकोमा उक्त विद्यालयले सेक्युर आइटी सोलुसनबाट कम्प्युटरजन्य सामग्री खरिद गरेको छ । खरिद गरेका सामग्रीको पूर्ण स्पेसिफिकेशन खुलाई विद्यालयको जिन्सी खातामा आम्दानी बाँधेको पाइएन । विद्यालयको जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेस गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	६,४६,५६२

४८.५ **विद्यालय कोषको रकम सहकारी संस्थामा** - विद्यालय लेखाङ्कन दिग्दर्शन, २०७६ को बुँदा नं. २.३ अनुसार विद्यालयमा हुने सबै प्रकारका कोषको कारोवार बैंकमा खाता खोली गर्नुपर्ने उल्लेख छ । नगरपालिकाभित्र सञ्चालनमा रहेको श्री सुन्ताखान माध्यमिक विद्यालयले सहकारी संस्थामा खाता सञ्चालन गरी आर्थिक कारोवार गरेको पाइयो । यसरी विद्यालयहरूको बचत रकम सहकारी संस्थामा निक्षेप राख्नाले विद्यालय कोषको रकम जोखिममा परेको देखिन्छ । उक्त विद्यालयको रु. १ लाख ९५ हजारभन्दा बढी रकम संक्षम संजाल सहकारी संस्थामा राखी कारोवार गरेको देखिन्छ । विद्यालयको सम्पूर्ण आम्दानी तथा खर्चको कारोवार अनिवार्य रूपमा बैंक खातामार्फत गर्नुपर्दछ ।

४८.६ **दिवा खाजा** - सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ अनुसार दिवा खाजा कार्यक्रम कार्यान्वियनको अनुगमन सम्बन्धी निर्देशन तयार गर्ने र सो अनुसार अनुगमन गर्ने गराउने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख छ । नगरपालिकाले यस वर्ष दिवा

खाजावापत शिशु कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत ३००७ विद्यार्थीको लागि १६ सामुदायिक विद्यालयहरूलाई ४ पटकमा रु. ७९ लाख ७९ हजार १०० अनुदान निकासा गरेको देखिन्छ । पालिकाले दिवा खाजाको सम्बन्धमा अनुगमन गरी विद्यालय अवधिको विद्यार्थीको उपस्थिति दर, सिकाइको अवस्था, भौतिक, आर्थिक आदि विवरणको रजिष्टर र अनुगमन पुस्तिका राखे नराखेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन अभिलेखको रूपमा राखेको पाइएन । दिवा खाजाको लागि नगरपालिकाले आन्तरिक स्रोतबाट रु. ५ थप दिने निर्णय गरी जम्मा रु. २८ लाख ३१ हजार ०७५ निकासा दिएको छ । नगरपालिकाले विद्यार्थीको तथ्याङ्क यकिन गरी राष्ट्रिय स्तरमा देखिने अनुपस्थित दर र विद्यालय छाड्ने दरलाई आधार मानी विद्यालय खुलेको दिन खाजा उपलब्ध गराइएका विद्यालयलको प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित विद्यार्थीको सङ्ख्यात्मक हाजिरी विवरण पेस भएपश्चात् प्रति विद्यार्थी रु. १५ का दरले दिवा खाजाको रकम निकासा दिनुपर्दछ । अधिकाँस विद्यालयहरूले पेस गरेको विद्यार्थीको हाजिरी विवरण विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट प्रमाणित गरेको पाइएन । नगरपालिकाले सङ्घीय सरकारबाट दिवाखाजाको लागि प्राप्त रकम प्रति विद्यार्थी रु. १५ मा रु. ५ थप गरी रु. २० निकासा दिएको देखिन्छ । दिवा खाजाको प्रभावकारिता सम्बन्धमा पालिकाले अध्ययन गरी प्रतिवेदन पाइएन ।

४८.७ **शैक्षिक गुणस्तर** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रूपमा अनुगमन गरी शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा प्रतिवेदन पठाउने र सोको कार्यान्वयन गरी विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने व्यवस्था छ । शैक्षिक सत्र २०८१ मा पालिकाभित्रका ९ माध्यमिक विद्यालयहरूबाट ५२१ विद्यार्थी माध्यमिक शिक्षा परीक्षामा सहभागी भएकोमा ४२७ विद्यार्थी अर्थात् ८१.९६ प्रतिशत उत्तीर्ण भएको देखिन्छ । संस्थागत विद्यालयहरूबाट ३०२७ विद्यार्थीमध्ये २५ जनाको ४ जिपिएसहित २८७० उत्तीर्ण भएको विवरण प्राप्त भएको छ । पालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरबारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारका लागि मापदण्ड निर्धारण गर्नुपर्दछ । एस आइपि र नगर शिक्षा योजना बीच तालमेल कायम गर्ने गरी समग्र शैक्षिक उपलब्धी हासिल हुने गरी कार्य गर्नुपर्दछ ।

४८.८ **निशुल्क पाठ्यपुस्तक** - शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ को क्रियाकलाप नं. २.४.६.१ को उपक्रियाकलाप ३.१ बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यायलयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई तेस्रो त्रैमासिकभित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम निकासा दिनुपर्दछ । यसरी रकम निकासा दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई दिने र बाँकी २५ प्रतिशत रकम शैक्षिक सत्र २०८२ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप निकासा दिनुपर्दछ । पालिकाले ७५ प्रतिशत रकम बराबर रु. ३५,५४,५३१/- विद्यालयलाई निकासा दिएकोमा दोस्रो पटक विद्यालयहरूले खरिद गरी विद्यार्थीलाई वितरण गरेको आधारमा थप रु. १२,५६,५६०/- गरी जम्मा रु. ४८,११,०९१/- निकासा दिएको छ । पाठ्यपुस्तक वितरण सम्बन्धमा पालिकाले अनुगमन गरी प्रतिवेदन तयार गरेको देखिएन । पालिकाले अनुगमन गरी विद्यार्थीले पाठ्यपुस्तक प्राप्त गरेको सुनिश्चित गर्नुपर्दछ ।

४८.९ **विद्यालयहरूको लेखापरीक्षण** - शिक्षा नियमावली, २०५९ को दफा १७१ मा विद्यालयको व्यवस्थापन समितको अध्यक्ष र प्रधानाध्यापकले प्रत्येक वर्ष विद्यालयको लेखापरीक्षण गराउनु पर्ने व्यबस्था छ । नगरपालिका अन्तर्गत साधारण धारतर्फका १६ सामुदायिक विद्यालयमध्ये आ. व. २०८१।८२ को अन्तिम लेखापरीक्षण अवधिसम्म १४ विद्यालयले लेखापरीक्षण गराएको पाइएन । पालिकाले विद्यालयहरूको लेखापरीक्षण समयमा सम्पन्न गर्न लगाई सो को प्रतिवेदन अभिलेखको रूपमा सुरक्षित राख्नुपर्दछ । विद्यालयको वित्तीय प्रतिवेदनमा नगरपालिकाबाट अनुदान निकासा गरिएको रकम समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरेको सुनिश्चित गर्नुपर्दछ ।साथै वित्तीय विवरण विश्लेषण गरी रकम सदुपयोग भए/नभएको सुनिश्चित गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका थप बेहोरा निम्न रहेका छन् ।

(क) कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ को बुँदा नं. १.७ कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा (ख५) स्थानीय तहबाट विद्यालयमा निकासा दिएको अनुदान रकमको शीर्षक र क्रियाकलाप उल्लेख गरी विद्यालयगत रूपमा समष्टिगत विवरण सार्वजनिक गर्नुपर्ने उल्लेख भएकोमा यस नगरपालिकाले विद्यालयगत रूपमा निकासाको अभिलेख राखेको पाइएन ।

(ख) लेखापरीक्षण अवधि मिति २०८२ माघसम्ममा श्री गोकर्ण मावि लगायत ५ विद्यालयले आर्थिक वर्ष २०८०।८१ को समेत लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण प्रतिवेदन पेस गरेको पाइएन ।

४९ **स्वास्थ्य बीमा कार्यक्रम**

स्वास्थ्य बिमा नियमावली, २०७५ मा नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तहले प्रचलित कानुन बमोजिम अति गरिबको परीचयपत्र प्राप्त, अशक्त, अपाङ्ग, जटिल प्रकृतिका बिरामीलाई र ७० वर्ष पुगेका जेष्ठ नागरिकलाई योगदान रकमको सत प्रतिशत, महिला स्वास्थ्य स्वयंसेविका संलग्न परिवारलाई योगदान रकमको ५० प्रतिशत दिन सक्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा खर्च प्रणालीमा एकरुपता ल्याई मितव्ययी र प्रभावकारी खर्च प्रणाली बनाउन खर्च गर्ने कार्यविधि र मापदण्ड तोक्ने व्यवस्था रहेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को ५ मा कुनै पनि कार्यक्रममा खर्च गर्नु अघि कार्यविधि तथा मापदण्ड बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कार्यविधि र मापदण्ड नबनाइ गत विगत देखि नै नीति तथा कार्यक्रममा गोकर्णेश्वर नगरपालिकाका स्थायी बासिन्दाहरुलाई नागरिकता वा मतदाता परिचयपत्रको आधारमा निःशुल्क स्वास्थ्य बिमा कार्यलाई निरन्तरता दिदै यस वर्ष २४६७९ जना व्यक्तिलाई स्वास्थ्य बिमा वापत स्वास्थ्य बिमा कार्यक्रमबाट रु.१,६५,००,०००/- र अन्य बजेट शिर्षकबाट रु. ५५,३७,०५०/- गरी जम्मा रु.२,२०,३७,०५०/- बजेट खर्च गरेको छ । नगरपालिकामा ९ वटा वडामा ९ जना बिमा सहजकर्ताबाट पालिका भित्रका सम्पूर्ण स्थायी बासिन्दा वा मतदाता परिचयपत्र भएकालाई स्वास्थ्य बिमा वापत नयाँ दर्ता, नविकरण र सदस्य थपको सम्पूर्ण रकम वापत सुविधा उपलब्ध गराएको छ । स्वास्थ्य बिमा वापतको रकम स्वास्थ्य बिमा बोर्डलाई भुक्तानी दिनुपर्नेमा बिमा सहजकर्तालाई सोधभर्ना दिएको देखियो । पालिकाले स्वास्थ्य बिमा गरेका व्यक्तिको अभिलेख भने राखेको छैन। पालिकाले कार्यविधि नवनाई संचालन गरेको यस्ता कार्यक्रम सञ्चालन गर्दा दिर्घकालिन रुपमा धान्न सक्ने वा नसक्ने विषयमा विश्लेषण गर्नुपर्ने तथा आयस्तर,आवश्यकता र औचित्य हेरी प्रिमियममा सहयोग हुनुपर्नेमा नगरवासीहरु सबैलाई स्वास्थ्य बिमा वापतको रकम पालिकाबाट भूक्तानी भएको उचित देखिएन । यस्ता कार्यक्रम सञ्चालन गर्नका लागि पालिकाले आवश्यक कार्यविधि वनाई सो कार्यविधिमा पालिकाको स्थायी बासिन्दा, बैंक तथा वित्तिय संस्थाको रकम हिनामिना नगरेको, कालो सुचीमा नपरेको, पालिकालाई बुझाउनुपर्ने कर, दस्तुर र शुल्क बुझाएको, पालिकाले संचालन गरेको पूर्ण सरसफाई कार्यक्रममा सहभागी हुने प्रतिवद्धता पत्र बमोजिम पेश गरेको, लाभग्राही सुचीमा परि छनौट भएको, नेपाल सरकारको जुनसुकै स्तरको कर्मचारी वा निजको परिवार एंव अन्य निश्चित मासिक पारिश्रमिक सेवा सुविधा प्राप्त गर्ने व्यक्ति वा निजको परिवार बाहेक निश्चित आयस्रोत नभइ आर्थिक रुपमा विपन्न भएको, स्थायी रुपमा व्यापार नगरेको वा आम्दानीको श्रोत निश्चित नभएको, वैदेशिक रोजगारमा संलग्न नरहेको र वडा समितिको बैठक बसी निर्णय गरे पश्चात सुची प्रकाशन गर्ने व्यवस्था जस्ता सर्त तोक्नुपर्ने देखिन्छ । जसले गर्दा वास्तविक व्यक्तिले अनुदान प्राप्त गरे नगरेकोको कुरामा आश्वस्त हुने आधार तय हुने गर्दछ । पालिकाको आन्तरिक आम्दानी रु. ३८,७०,००,०००/- भएको अवस्थामा आन्तरिक आम्दानीको ५.६९ प्रतिशत यस्ता वितरणमुखी र भविष्यमा बढी व्ययभार पार्ने योजना र कार्यक्रममा खर्च गर्दा पालिकालाई थप व्ययभार पर्ने देखिन्छ।

अवधि	नगरपालिकाबाट बिमित संख्या	नगरपालिकाबाट भुक्तानी रकम
२०८१ श्रावण- असोज	८१४१	७४५०८००
२०८१ कार्तिक- पौष	५२००	४४८२१००
२०८१ माघ- चैत्र	५५११	५११७०००
२०८२ बैशाख- असार	५८२७	४९८७१५०
जम्मा	२४, ६७९ जना	२, २० , ३७ , ०५०

५० **विशेषज्ञ सेवा सहकार्यमा सञ्चालन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा खर्च प्रणालीमा एकरुपता ल्याई मितव्यीय र प्रभावकारी खर्च प्रणाली बनाउन खर्च गर्ने कार्यविधि र मापदण्ड तोक्ने व्यवस्था रहेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को ५ मा कुनै पनि कार्यक्रममा खर्च गर्नु अघि कार्यविधि तथा मापदण्ड बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले विभिन्न सरकारी र निजि क्षेत्रबाट सञ्चालित अस्पतालसँग सम्झौता गरी नगरपालिकाका स्थायी बासिन्दा (नागरिकता र भोट कार्डका आधारमा) लाई स्वास्थ्य जाचँ र स्वास्थ्य उपचार गराउन निश्चित प्रतिशत र रकम तोकी सहुलितय प्रदान गरेको देखियो । यसरी कतिपय सम्झौता गरेका स्वास्थ्य संस्थाले समेत उपचार खर्चमा निश्चित प्रतिशत छुट रकम उपलब्ध गराउनुपर्ने कुरा सम्झौतामा उल्लेख गरेको देखियो । यसरी पालिकाले विशेषज्ञ सेवा सहकार्यमा सञ्चालन गरेको कार्यक्रमबाट सुविधा प्राप्त गरेका व्यक्तिको विस्तृत अभिलेख नराखी संख्यागत अभिलेख मात्र राखेको छ । पालिकाले कार्यविधि नवनाई संचालन गरेको यस्ता कार्यक्रम सञ्चालन गर्दा दिर्घकालिन रुपमा धान्न सक्ने वा नसक्ने विषयमा विश्लेषण गर्नुपर्ने देखिएको छ । साथै लक्षित समुह तोक्दा वास्तविक रुपमा सुविधा दिनु पर्ने वर्ग हो वा होइन भनी आवश्यक कार्यविधि बनाउनु पर्ने देखिन्छ । यस वर्ष यस शिर्षकमा भएको खर्चको विवरण देहाय बमोजिम रहेको छ ।

क्र. सं	स्वास्थ्य संस्थाको विवरण	सुविधा प्राप्त गर्ने	जम्मा भुक्तानी
१	नेपाल मेडिकल कलेज प्रा. लि	१७८ जना	१९६८३६४
२	नेपाल अर्थोपेडिक अस्पताल प्रा. लि	५९ जना	८२५०८०
३	शंखरापुर अस्पताल प्रा. लि	३५ जना	५९०७२५
४	शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र	५ जना	१६००५०
५	नेपाल आँखा अस्पताल	उपलब्ध नभएको	५२५०
६	नेपाल अपाङ्ग संघ खगेन्द्र नवजीवन केन्द्र	उपलब्ध नभएको	६९०१४५
	जम्मा		४२३९६१४

५१ स्वास्थ्यतर्फ

यस नगरपालिकामा सङ्घीय निकायबाट हस्तान्तरण भएका १ प्राथमिक स्वास्थ्य चौकी र ४ स्वास्थ्य चौकी सहित ५ स्वास्थ्य संस्था रहेकोमा हाल १ नगर अस्पताल, ४ स्वास्थ्य चौकी र ६ शहरी स्वास्थ्य केन्द्र रहेका छन् । ती स्वास्थ्य संस्थामा स्थायीतर्फ अधिकृतस्तरका ३० र सहायकस्तरका ३३ गरी ६३ कर्मचारी कार्यरत रहेको देखिन्छ । नगरपालिकाबाट ती स्वास्थ्य संस्थामा निकासा अनुदान, औषधि खरिद, सेवा प्रवाह तथा कार्यरत कर्मचारी सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम रहेका छन् ।

- पालिकामा औषधी खरिदको लागि सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट गत आर्थिक वर्षमा खपत भएको औषधी परिमाणको आधारमा पालिकाले औषधीको परिमाण निर्धारण गर्नुपर्दछ । लागत अनुमान गर्दा आवश्यक परिमाणको विश्लेषण गर्दा विगत वर्षको विरामी संस्था र खपत परिमाण समेत उल्लेख गरी पालिकाले विश्लेषण गरेको छैन । आवश्यक्ताको निर्धारण आर्थिक वर्ष अनुसार खपत परिमाण र खरिदबीच सन्तुलन कायम भएको छैन । यसले गर्दा खरिद प्रकृयाबाट प्राप्त सम्पूर्ण औषधी उपयोग हुने सम्वन्धमा यकिन गर्न सक्ने अवस्था छैन ।
- औषधी खरिदको लागि सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट गत आर्थिक वर्षमा खपत भएको औषधि परिमाणको आधारमा पालिकाले औषधीको परिमाण निर्धारण गर्नुपर्नेमा मागको प्रक्षेपण गरेको पाइएन ।
- आर्थिक वर्ष २०८१।८२ मा रु. २,२१,२८,१०/- भन्दा बढीको औषधी खरिद गरेकोमा वार्षिक खरिद योजना तयार गरेको पाइएन । साथै एक पटक सिलबन्दी दरभाउपत्र मार्फत खरिद गरेतापनि पटक पटक खुद्रारूपमा खरिद गरेको देखिन्छ ।
- सोझै खरिद गरेका औषधिकोको मूल्य उत्पादक कम्पनीबाट राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गरेको प्रमाण पेस भएन ।
- खरिद भएका औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राखेको पाइएन ।
- जिन्सी कितावमा प्राप्त औषधीको आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाँधेको देखिएन । औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको देखियो । तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको सम्बन्धमा यकिन गरी हस्तान्तरणको अभिलेख राख्नुपर्दछ ।

५२ प्रदेश समपूरक अनुदान

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० (३) मा प्रदेशले स्थानीय तहलाई प्रदेश कानुनबमोजिम समपूरक अनुदान प्रदान गर्न सक्ने व्यवस्था रहेको र बागमती प्रदेशले प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ तर्जुमा गरी सो को दफा ४ मा यस्तो योजनामा कुल लागतको बढीमा पचास प्रतिशतसम्म रकम प्रदेश सरकारले अनुदानको रूपमा प्रदान गर्न सक्ने व्यवस्था गरेको देखिन्छ । उक्त कार्यविधि को दफा ९ मा स्थानीय तहले समपूरक अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रम सम्झौतामा उल्लिखित समयसीमाभित्र सम्पन्न गर्नुपर्ने तथा तोकिएको समयभित्र सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्ने उल्लेख छ । बागमती प्रदेशबाट यस नगरपालिकाको २ योजनाको लागि रु. ३ करोड बजेट विनियोजन भएकोमा देखिन्छ भने नगरपालिकाले उक्त अनुदानबाट सञ्चालित योजनामा प्रदेश सरकारको बजेट नगरपालिकाको तुलनामा बढी खर्च लेखेको पाइयो । माइतिनेपालबाट वडा नं ३ कार्यालय जाने बाटो स्तरोन्नति योजनको लागि मिति २०८२।०३।२० सम्म कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा आर्थिक वर्षको अन्तसम्म रु. १,००,७१,७२१/- को मात्र कार्य भएको र सो योजनाको म्याद मिति २०८२।०९।२९ सम्म थप भई रु. १० लाख पेस्की फर्स्योट गर्न बाँकी समेत रहेको देखिन्छ । कार्यविधिले तोकेको अवधिभित्र कार्य सम्पन्न नगरेको तथा प्रदेश सरकारको स्रोतबाट बढी खर्च लेखेको नियमसम्मत देखिएन । कार्यविधिमा तोकेकोभन्दा बढी खर्च लेखेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.

योजनाको नाम	लागत अनुमान	सम्झौता रकम	निर्माण व्यवसायी	मूल्याङ्कन रकम	प्रदेश स्रोतबाट खर्च	प्रदेश स्रोतबाट बढी खर्च भएको रकम
ओख्रेनी मुलखर्कसम्म सडक स्तरोन्नति	३,४८,११,८२६	२,६१,११,१६९	श्रीमन त्रैलोक्य जे.भि.	२,३८,८६,१७६	१,५०,००,०००	३०,५६,९१२
माइतिनेपालबाट वडा नं ३ कार्यालय जाने बाटो स्तरोन्नति	३,७२,२१,२३५	२,६८,१३,४३९	महाँकाल/बिके/ शैलेङ्स्वरी जे.भि.	१,००,७१,७२१	१,१०,७१,७२२	५०,३५,८६१
जम्मा						८०,९२,७७३

प्रमाण पेश नगरेको	८०,९२,७७३

५३ **प्रधानमन्त्री रोजगार**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क सूचीकृत गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको । यस कार्यक्रमको लागि नगरपालिकाको ९ वडामध्ये ६ देखि ९ वडामा बेरोजगार सूचीकृत भएको पाइएन । वडा नं १ देखि ५ सम्मका सूचीकृत १०२ बेरोजगारमध्ये पालिकाभित्रका १५ विभिन्न योजना सञ्चालन गरी ४४ जनालाई औसतमा ९४ दिन रोजगारी दिएर ज्यालास्वरूप रु. ३१,८०,७६३ खर्च भएको विवरण पेस भएको छ ।

(क) कामको दीगोपना - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेकोमा सञ्चालित योजनाहरूले लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिँदैन ।

(ख) आयोजनाको छनोट - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७० मा कृषि, सहकारी तथा पशु विकास, उर्जा, सिँचाइ तथा नदी नियन्त्रण, खानेपानी तथा सरसफाइ आदि विभिन्न रोजगार आयोजनाका सम्भावित क्षेत्रहरु तोकिएका छन् । पालिकाले आ. व. २०८१।८२ मा १५ वटा रोजगारका आयोजना सञ्चालन गरेकोमा सबै योजना सडक तथा नाला सरसफाइ तथा मर्मतसँग सम्बन्धित रहेको पाइयो । पालिकाले सार्वजनिक पूर्वाधारको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान हुने योजना छनोट गरी रोजगारीका आयोजना सञ्चालन गर्नुपर्दछ ।

(ग) श्रमिक समूह - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २५ मा कामको प्रकृति र आवश्यकता अनुसार आयोजनाको कामलाई विभिन्न खण्डमा विभक्त गरी एक खण्डको काम १० देखि १५ जनासम्मको एउटा श्रमिक समूहले गर्ने गरी विभिन्न श्रमिक समूह गठन गरेर जिम्मा दिनुपर्ने उल्लेख छ । पालिकाले रोजगारका धेरै योजनाहरूमा तोकिएकोभन्दा सानो समूह बनाई काममा खटाएको छ । निर्देशिकाबमोजिमको योजना छनौट गरी श्रमिकलाई काममा लगाउँनुपर्दछ ।

(घ) सार्वजनिक सुनुवाइ - प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो वीमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित पालिकाले आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राही समेतको संलग्नतामा वर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । पालिकाले आ. व. २०८०।८१ मा सञ्चालित १५ आयोजनाहरुको सार्वजिनक सुनुवाइ गरेको छैन । निर्देशिकाअनुसार योजनाको प्रभावकारीतासम्बन्धमा सार्वजनिक सुनुवाइ हुनुपर्दछ ।

५४ **ट्याक कोटको प्रयोगदर**

सडक विभागको स्ट्यान्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज, २०७३ को बुँदा १३०२ मा कालोपत्रे सडकमा प्रयोग हुने बिटुमिनको ट्याक कोटको स्प्रे दर ०.४ देखि ०.६ लिटर प्रति बर्गमिटर तथा प्राइमकोटको ०.९ देखि १.१ लिटर प्रति वर्गमिटर सम्म हुने ब्यबस्था छ । उत्तरबाहिनी कान्ती भैरब सडक निर्माण उपभोक्ता समितिलाई गोकर्णेश्वर - ४ उत्तरबाहिनी चोकबाट उत्तरवाहिनी कान्ति भैरव जाने बाटो कालोपत्रे कार्य गर्नको लागि लागत अनुमान रु. ३०,७६,२२०/- कायम गरी सम्झौता गरेकोमा रु. २९,१०,०००/- भुक्तानी दिएको देखिन्छ । कालोपत्रे कार्य गर्नको लागि प्राइम तथा ट्याक कोट स्प्रे कार्यको लागि म्यानुअल कार्यको दर विश्लेषण गरेकोमा उक्त कार्य मेसिन प्रयोग गरेको देखिन्छ । साथै १४०० वर्ग मिटर सडकको लागि प्रति वर्गमिटर १ लिटर प्रयोग ट्याक कोट प्रयोग गरेको नापी गरेकोले स्पेसिफिकेसन अनुसारको माथिल्लो स्प्रे दरभन्दा ०.६ लिटर प्रतिवर्गमिटर भन्दा बढीको

सम्झौता अङ्क रु. ६०.६१ को दरले रु. १,३७,१७३/- बढी भुक्तानी गरेको छ । कार्यालयले सम्झौता गरी बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१,३७,१७३

५५ **नमुना विद्यालय अनुदान (२८।२०८२।०३।२१)**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ को कार्यक्रम कार्यान्वयन मार्गदर्शन सम्बन्धी बुँदा १.३ (ज) मा विद्यालयमा हुने खरिद कार्य प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार गर्नुपर्ने र उक्त कार्यको स्थानीय तहले अनुगमन गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले केन्द्रबाट छनौट भएका नमुना विद्यालय, विशेष विद्यालयको स्वीकृत गुरुयोजना अनुरुप भौतिक पुर्वाधार विकासको लागि नमुना विद्यालयको रूपमा छनोट भएको श्री चामुण्डा माध्यमिक विद्यालयलाई रु. ९५,६६,०३०/- भुक्तानी गरेकोमा उक्त विद्यालयले ज्यालामा रु. २४,८४,७७३/- खर्च गरेको डोर हाजिरी र एस एस मेटल एन्ड इन्जिनियरिङ उद्योग (११२५१४५८१) बाट रु. ७३,९३,४५४/- मा निर्माणजन्य सामग्री खरिद गरी विद्यालयको ब्लक सि को तेस्रो तलामा ट्रससहित युपिभिसि छानाको चार कक्षा कोठा, ग्यालरीमा ग्रानाइट बिछ्याउने कार्य गरेको जनाई भुक्तानी दिएको देखिन्छ । नगरपालिकाले नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका, २०७४ (पहिलो संशोधन, २०७५) को व्यवस्थाअनुसार अनुगमन गरी विद्यालयको भौतिक पूर्वाधार विकासको स्वीकृत गुरु योजना बमोजिम निर्माण कार्य भएको सुनिश्चितता गर्नुपर्दछ ।

५६ **पेस्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा प्रत्येक आर्थिक वर्षको अन्तमा फर्स्योट हुन बाँकी रहेको पेस्की र बाँकीमध्ये फर्स्योट गर्नुपर्ने म्याद नाघेको र ननाघेको विवरण, नाम नामेसी र सो को कारण खुलाई फाँटवारी पेस गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको आर्थिक वर्ष २०८१।८२ को अन्तमा फर्स्योट गर्न बाँकी निम्नानुसारको पेस्की बाँकी देखिएको छ । नियमको प्रक्रिया पुर्‍याई फर्स्योट गर्नुपर्ने देखिएको पेस्की रकम रु.

पेश्की लिएको मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	म्याद नाघेको
२०८१/०५/३१	२४	विविध खर्च	गोपाल पुन	५०,०००
२०८१/०६/२२	४१८	विपन्न संग वडा अध्यक्ष लगायत जनप्रतिनिधि कार्यक्रम	पार्वती बोहरा	२,००,०००
२०८१/१०/०४	१२०५	रोजगार प्रर्बद्धन सम्बन्धी कार्यक्रम	बसन्त राज पौडेल	१०,९७५
२०८१/१०/०८	१२३६	जनचेतना मुलक स्वास्थ्यका कार्यक्रम एवंम् अभियान संचालन	नवराज बगाले	४,००,०००
२०८२/०३/१९	२९६४	जनप्रतिनिधी, अभिभावक शिक्षक कर्मचारी तथा बिद्यार्थीहरु बिच अन्तर्कृया कार्यक्रम	राम कुमार भुजेल	५,००,०००
२०८२/०३/२५	३३०८	कर्मचारी लगायत क्षमता अभिबृद्धि तालिम प्रशिक्षण	सुजता खत्री	३,००,०००
२०८१/११/१२	३६८	वडा नं १ टिकट काउण्टर देखि मुलखर्क बाटो स्तरोन्नती	हेलो नेपाल कन्स्ट्रक्सन प्रा. लि.	२,००,०००
२०८१/११/१८	३७४	वडा नं १ टिकट काउण्टर देखि मुलखर्क बाटो स्तरोन्नती	टि.आर कन्स्ट्रक्सन कम्पनी प्रा.लि	२,७८,०००
२०८१/०७/०८	५३०	सेवा र परामर्श खर्च	नेपाल मध्यस्थता परिषद	८,८१,५००
२०८१/११/०८	३६४	खानेपानी पाईप लाईन जडान , मर्मत तथा विविध	काठमाडौं उपत्यका खानेपानी लि.	२,००,०००
०४-०१-२०८२	१	मर्मत संभार कोष	काठमाडौं उपत्यका खानेपानी लि.	५,८६,४००
०४-०१-२०८२	१	विविध कोषबाट हुने खर्च	काठमाडौं उपत्यका खानेपानी लि.	९,००,०००
जम्मा				४५,०६,८७५

पेश्की	४५,०६,८७५

५७ **परामर्श सेवा खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ र ७० मा सार्वजनिक निकायले बीस लाख भन्दा कम रकमको परामर्श सेवा मौजुदा सूचीमा रहेका परामर्शदातावाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने र बीस लाख भन्दा बढी १५ करोड रुपैया सम्म लागत अनुमान

भएका परामर्श सेवा खरिद गर्नुपरेमा राष्ट्रिय स्तरको आसय पत्र माग गरी आशय पत्रदाताबीच प्रतिष्पर्धा गराई खरिद गर्नुपर्ने व्यवस्था उल्लेख छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका आफ्नै जनशक्तिवाट हुने कामको लागि परामर्श सेवा लिन नहुने उल्लेख छ । नगरपालिकाले आवधिक योजना, मध्यकालनीन खर्च संरचनार, राजस्व सुधार योजना तयारी जस्ता कार्य बाह्य परामर्शदातवाट गराएको कारण नगरपालिकाको लागत खर्च बढेको छ । साथै परामर्श सेवाबाट खरिद गरिएका योजनाको प्रतिवेदन अभिलेखको रूपमा जिन्सी दाखिला गरी सुरक्षित राख्नुपर्नेमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी आम्दानी बाँधेको पाइएन । नगरपालिकाले परामर्श सेवा खरिदमी रु. १,००,२१,८८१/- भुक्तानी दिएको छ । परामर्श सेवाबाट खरिद भएका केही उदाहरण निम्नानुसार रहेका छन् ।

क्र.स.	भौ नं र मिति	परामर्श सेवाको विवरण	परामर्श दाता	लागत अनुमान	भुक्तानी रकम रु.
१	१७८८-२०८१।१२।११	MTMP	श्री सार्थक इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.	१८३५५०८	१७७०९७७
२	२७०४-२०८२।०३।१४	आवधिक योजना	इ क्याच इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.	१४९७७९८	१४८८७७५
४	२७२०-२०८२।०३।१४	राजस्व सुधार योजना	एस एण्ड डेभलपमेन्ट प्रा.लि.	९९८०४९	९८१९७०
६	९८४-२०८२।०३।२४	सहयोगी माविको भवनको डिपिआर	युनाइटेड इन्जिनियरिङ सोलुसन् प्रा.लि.	१७६७५८३	१७५५०००

५८ **योजना अनुगमनमा खाना, खाजा भत्ता - गो.भौ.नं र मिति – ३२६५-०८२/०३/२५**

५८.१ **(क) कम कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८८ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नगरभित्र सञ्चालित विभिन्न योजनाहरुको स्थलगत अनुगमन गरे वापत विभिन्न २९ जना कर्मचारी र पदाधिकारीलाई दैनिक खाना र खाजा वापत रु.६००/- का दरले जम्मा रु.७,९७,४००/- भुक्तानी दिएकोमा उक्त भुक्तानीमा १.५ प्रतिशत मात्र कर कट्टा गरेको देखियो । यसरी ऐनमा भएको व्यवस्था बमोजिम भुक्तानीमा अग्रिम १५ प्रतिशत पारिश्रमिक कर कट्टा गर्नुपर्नेमा कम दरमा कर कट्टी भएको रकम सम्बन्धित पदाधिकारी र कर्मचारीबाट असुल हुनुपर्ने रु.

पदाधिकारी र कर्मचारी	अनुगमन दिन	जम्मा रकम	कर कट्टी गर्नुपर्ने १५%	कर कट्टि १. ५ %	कम कर कट्टी १३. ५ %
ईन्जिनियर विभुषण के सी	२५	१५०००	२२५०	२२५	२०२५
स. ई माधव कुमार बस्नेत	२५	१५०००	२२५०	२२५	२०२५
लेखा राजु सुवेदी	६०	३६०००	५४००	५४०	४८६०
लेखा सुजता खत्री	५५	३३०००	४९५०	४९५	४४५५
लेखा गणेश प्रसाद आचार्य	२५	१५०००	२२५०	२२५	२०२५
सवारी चालक नारायण भक्त श्रेष्ठ	२५	१५०००	२२५०	२२५	२०२५
सवारी चालक महेश लामा	२५	१५०००	२२५०	२२५	२०२५
सवारी चालक झलक चौलागाई	२५	१५०००	२२५०	२२५	२०२५
का. स अर्चना पौडेल	२०	१२०००	१८००	१८०	१६२०
सवारी चालक राजेश फुयाल	२०	१२०००	१८००	१८०	१६२०

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **६,६४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **४,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **६,६४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **६,३१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **६,५६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **६,६४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **६,६४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **६,६४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **६,४८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **२,४३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **२,०२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **२,४३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **२,४३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **२,४३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **२,४३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **२,४३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **३,२४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **५,२६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१,२१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२४,७०५

५८.२ **(ख) बढी दरमा भुक्तानी** - गोकर्णेश्वर नगरपालिकाको आर्थिक, प्रशासनिक तथा आन्तरिक नियन्त्रण सम्बन्धी ऐन, २०८० को दफा १५ मा तालिम/गोष्ठी/सेमिनारमा हुने खर्चको व्यवस्था गरिएको छ । उक्त दफाको उपदफा २ (ग) मा खाना वापत प्रति व्यक्ति प्रति दिन रु.३००/- र खाजा वापत प्रति व्यक्ति प्रति दिन रु.२००/- भुक्तानी दिन र खर्च गर्न पाउने व्यवस्था गरेको छ । यसरी पालिकाले नगरभित्र सञ्चालित विभिन्न योजनाहरुको स्थलगत अनुगमन गरे वापत विभिन्न २९ जना कर्मचारी र पदाधिकारीलाई दैनिक खाना र खाजा वापत रु.६००/- का दरले १३२९ दिन (सबै कर्मचारी र पदाधिकारीको कुल जम्मा दिन) जम्मा रु.७,९७,४००/- उपलब्ध गराएको छ । यसरी ऐनमा भएको व्यवस्था भन्दा प्रति दिन प्रति व्यक्ति रु.८५/- (१५ प्रतिशत कर बाहेक) बढी भुक्तानी भएकोले उक्त रकम सम्बन्धित पदाधिकारी र कर्मचारीबाट असुल हुनुपर्ने रु.

पदाधिकारी र कर्मचारी	अनुगमन दिन	पाउने दर	भुक्तानी दर	जम्मा रकम	बढी भुक्तानी कर बाहेक
ईन्जिनियर विजय बानिया	३०	५०० प्रति दिन	६०० प्रति दिन	१८०००	२५५०
ईन्जिनियर विक्रम श्रेष्ठ	३०	५०० प्रति दिन	६०० प्रति दिन	१८०००	२५५०
ईन्जिनियर विभुषण के सी	२५	५०० प्रति दिन	६०० प्रति दिन	१५०००	२१२५
स. ई माधव कुमार बस्नेत	२५	५०० प्रति दिन	६०० प्रति दिन	१५०००	२१२५
लेखा राजु सुवेदी	६०	५०० प्रति दिन	६०० प्रति दिन	३६०००	५१००
लेखा सुजता खत्री	५५	५०० प्रति दिन	६०० प्रति दिन	३३०००	४६७५
लेखा गणेश प्रसाद आचार्य	२५	५०० प्रति दिन	६०० प्रति दिन	१५०००	२१२५
सवारी चालक नारायण भक्त श्रेष्ठ	२५	५०० प्रति दिन	६०० प्रति दिन	१५०००	२१२५
सवारी चालक महेश लामा	२५	५०० प्रति दिन	६०० प्रति दिन	१५०००	२१२५
सवारी चालक झलक चौलागाई	२५	५०० प्रति दिन	६०० प्रति दिन	१५०००	२१२५
का. स अर्चना पौडेल	२०	५०० प्रति दिन	६०० प्रति दिन	१२०००	१७००
सवारी चालक राजेश फुयाल	२०	५०० प्रति दिन	६०० प्रति दिन	१२०००	१७००

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **६,९७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **६,६३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **६,८८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **६,९७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **६,९७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **६,९७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **६,९७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,१२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **५,५२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	३३,५७५

५८.३ **(ग) अनुगमन प्रतिवेदन र हाजिरी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले मिति २०८१ साल पौष १ गते देखि २०८२ असार २० गते सम्म बिहानको समयमा गोकर्णेश्वर नगरपालिका भित्र संचालित रहेका विभिन्न योजनाहरुको स्थलगत अनुगमन गर्न जाँदा उपप्रमुख सहित विभिन्न २९ जना पदाधिकारी र कर्मचारीलाई खाना र खाजा वापत प्रति व्यक्ति प्रति दिन रु.६००/- गरी जम्मा रु. ७९४४००/- उपलब्ध गराएको छ । यसरी अनुगमन वापत खाना तथा खाजा भत्ता उपलब्ध गराएकोमा नगरस्तरिय अनुगमन समितिमा रहेका ५ जना पदाधिकारी भन्दा बाहेकका १६ जना कर्मचारी र पदाधिकारीलाई समेत भत्ता भुक्तानी दिएको पाइयो । साथै अनुगमन प्रतिवेदनमा समिति भन्दा बाहेकका १६ जना कर्मचारीको हाजिरी रहेको पाइएन । यसै गरी अनुगमन गर्न गएको बखतको फोटो र अनुगमन गर्न जादाको योजनाको अवस्था देखिने प्रमाण संलग्न गरेको पाइएन । यसमा सम्बन्धित पक्षको ध्यान जानुपर्ने देखिन्छ ।

५९ **पुँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नु पर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पुँजीगत शिर्षकबाट रू. ५८,८५,१८,७९८।९५ खर्च गरेकोमा रू. ८,२१,३०,७१६।०० अर्थात् १३.९५ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ । कुल खरिद मध्ये सिलवन्दी, सोझै, अन्य गरी रू. १६,०७,२१,४०७।९५ र उपभोक्ता समितिबाट रू. ३४,५६,६६,६७५।०० को खरिद गरेको छ । सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

६० **बढी भुक्तानी**

पालिकाकाको दर विश्लेषण अनुसार prime coat को प्रति वर्गमिटरको रू १३६।८७ दर कायम गरेको देखिन्छ भने पालिकाले दक्षीणढोका मुख्य सडक कालोपत्रे निर्माण उपभोक्ता समितिलाई सडक कालोपत्रे कार्यको prime coat मा ६८७।०२ वर्ग मिटरको रू.२२८।१२ का दरले रू. १,५६,७२३।०० भुक्तानी दिएको देखिन्छ । पालिकाको दर विश्लेषण अनुसार रु. ९४,०३२।०० भुक्तानी हुनुपर्नेमा रू. १५६,७२३।०० भुक्तानी भएकोले रू. ६२,६९०।०० बढी भुक्तानी भएको देखिन्छ । पालिकाले बढी भुक्तानी दिएको रकम एकिन गरी असुल गर्नुपर्ने देखिएको रू.

असुल गर्नुपर्ने	६२,६९०

६१ **एउटा उपभोक्ता सँग दुई पटक सम्झौता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को १ मा रु. १ करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्वर्न्ध सेवा सोही स्थानमा वसोवास गर्ने वासिन्दा वा त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था छ ।यस कार्यालयले यस आर्थिक वर्षमा एउटै उपभोक्ता समितिबाट एक भन्दा बढी योजनाको लागत अनुमान गरी एउटै उपभोक्ता समितिसँग दुईपटक सम्झौता गरी निर्माण कार्य गरेको देखिन्छ। कार्यालयले दुई पटक सम्झौताा गर्दा सम्बन्धित समुदायका उपभोक्ता बाट गराएको हो भन्न सकिने आधार देखिएन । कार्यालयले सम्बन्धित स्थानको कार्य सम्वन्धित समुदायबाट गठित उपभोक्ता समितिबाट गराउनु पर्दछ । यसरी गरिएका कार्य निम्नानुसार छन् ।

भौचर नं. र मिति	योजनाको नाम	रकम	कैफियत
५१८।२०८१।१२।१२	साङ्गा निङ्गा गुम्वा निर्माण. उपभोक्ता समिति	१५०००००	पटक पटक सम्झौता
५५६।२०८१।१२।१२	साङ्गा निङ्गा गुम्वा नि. उपभोक्ता समिति	६०००००	
८३२।२०८२।३।१६	सहयोगी माध्यामिक विद्यालय भवन नि. उपभोक्ता समिति	१००००००	
८३३।२०८२।३।१६	सहयोगी माध्यामिक विद्यालय नि. उपभोक्ता समिति	३०००००	
५३४।२०८२।१।८	सहयोगी माध्यामिक विद्यालय नि. उपभोक्ता समिति	२००००००	

६२ **व्यक्तिगत जग्गामा पहिरो नियन्त्रण**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६६ को ८ मा वजेटको सिमा भित्र रही विषयगत महाशाखा शाखा तथा वडा समितिले गाउँपालिका वा नगरपालिकाको योजना, आयोजना कार्यक्रम तथा अनुमानित वजेट तयार गरी कार्यपालिकामा पेश गरी नगर सभाबाट पारित गराउनु पर्ने व्यवस्था छ । नगरपालिकाले ऐनको व्यवस्था बमोजिम योजना तर्जुमा नगरी एकमुष्ट बजेट विभिन्न शिर्षकमा अवण्डा राखे र तोक आदेश तथा कार्यपालिका निर्णयको आधारमा व्यक्तिगत जग्गामा विपद व्यवस्थापन भनी खर्च लेखेको देखिन्छ । यसरी खर्च लेखेका श्रेस्ता साथ राखेका फोटो हेर्दा व्यक्तिगत जग्गामा पहिरो नियन्त्रण गरेको देखिन्छ । जस्ले गर्दा सही तरीकाबाट योजना तर्जुमा भएको नदेखिनुको साथै सरकारी लगानीको समेत सदुपयोग भएको अवस्था देखिएन । पालिकाले यस्ता कार्यमा नियन्त्रण गर्नुपर्दछ । केही उदाहरणहरु निम्नानुसार रहेका छन् ।

भौचर नं. र मिति	शिर्षक	योजनाको नाम	रकम
१५१।२०८१।९।८	विपद व्यवस्थापन	उर्मिला तामाङको घर पहिरो नियन्त्रण	४०००००
१०५२।।२०८२।३।२५	भुक्तानी दिन बाकी	राज वरालको घरको पहिरो नियन्त्रण	१४३०००
६७५।२०८२।२।२८	भुक्तानी दिन बाकी	साम्चा तामाङ्गको घर पछाडी पहिरो नियन्त्रण	३०००००
६७४।२०८२।२।२८	भुक्तानी दिन बाकी	दुर्गा बहादुरको घर पछाडी पहिरो नियन्त्रण	३०००००
६७०।२०८२।२।२८		आइते तामाङ्गको घर पछाडी पहिरो नियन्त्रण	४०००००

६३ **फरक कार्य** (1503-2081-11-08):

नेपाल फोटो संसार प्रा.लि, लोकन्थली (६००६७९४८०) ले आन्तरिक राजश्व विभागबाट दिइने स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रमा व्यवसायका कारोबारमा फोटोग्राफी सम्बन्धी व्यवसाय गर्ने, फोटोग्राफी सम्बन्धी सेवा प्रदान गर्ने उल्लेख गरेको छ । मिति २०८१/०९/१० गतेको नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड आयोजक समिति मार्फत राष्ट्रपति रनिङ शिल्डका लागि आवश्यक खेलकुद सामग्रीको खरिदका लागि पेश भएका कोटेशन खोल्ने लगायतका काम भएकोमा आवश्यक विभिन्न खेलकुद सामग्रीहरु मेडल, ट्रफी, कराते डबल बेस, सर्टिफिकेट लगायतका सामग्रीको खरिद नेपाल फोटो संसार प्रा. लि मार्फत भई उक्त प्रा.लिको बिल नं १२७ मा उल्लिखित रकम रु.४,९७,८२१/- भुक्तानी भएको देखियो । यसरी कुनै पनि फर्मले आन्तरिक राजश्व विभागबाट कारोबार गर्न तोकेको क्षेत्रमा मात्र कारोबार र कार्य गर्नुपर्नेमा आफ्नो अधिकार क्षेत्र भन्दा बाहेकको कारोबार गरेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	४,९७,८२१

६४ **सम्झौता भन्दा बढी भुक्तानी** (254-2081-06-13):

उद्यमी महिलाहरुको उद्यमशिलता विकासका लागि उपमेयरको भुमिका विषयक १ दिने सचेतना समबन्धी कार्यक्रम सञ्चालन गर्नका लागि बोस्टर मिडिया प्रा.लि (६०१३७२८५६) वडा नं ८ सँग मिति २०८१/०५/३१ मा रु.८०,०००/- (कर सहित) सम्झौता भएको छ । यसै गरी उक्त कार्यक्रमका लागि मिति २०८१/०५/२५ मा नगर उपप्रमुखबाट उद्यमविकास कार्यक्रम शिर्षकबाट रु.८०,०००/- को कार्यक्रम अगाडी बढाउन तोकादेश गरेको छ । तर फर्मले २५४-०८१/०६/१५ को पान बिलमा उक्त कार्यक्रमको खर्च रकम रु.९९,०००/- पेश गरेकोमा सो मा १५% कर कट्टी गरी रु.८४,१५०/- भुक्तानी भएको छ । यसरी सम्झौता र तोकादेशका आधारमा १५ प्रतिशत कर कटाइ उक्त फर्मलाई रु.६८,०००/- भुक्तानी हुनुपर्नेमा सम्झौता र तोकादेश भन्दा बढी रकम भुक्तानी दिएकोले बढी भुक्तानी रकम सम्बन्धित फर्मबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१६,१५०

६५ **सोझै खरिद**

६५.१ **लागत अनुमान-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ को उपदफा १ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागी तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले आर्थिक वर्ष २०८१।८२ मा कार्यालयबाट कोटेशन माग गरी खरिद भई भुक्तानी गरिएका योजनाको लागत अनुमान तयार नगरी सोझै कोटेशन माग गरी भुक्तानी गरेको देखिन्छ। कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी खरिद ऐनमा उल्लेख भएको व्यवस्था पालना गर्नुपर्दछ।केही उदाहरण निम्न छन् ।

भौचर नं. र मिति	मालसामानको विवरण	भुक्तानी रकम
५५।२०८१।६।२१	नगरअस्पताल ICU BED खरिद	९८३०००
८१।२०८१।७।१२	सर्जिकल सामाग्री अक्सिजन कन्सिनेटर खरिद	९०००००
१०६।२०१।८।१४	सिसि क्यामारा जडान तथा मर्मत	२६३८००
११३।२०८१।८।१७	कार्पेट लगायतका ७ प्रकारका सामान	५६७९३२
१४०।२०८१।९।२	वडाको विभिन्न ठाउँमा सडक वत्ती जडान वडा नं. ९	९९९९३७
१६२।२०८१।९।८	फर्निचर तथा फिक्चर्स खरिद	९९९४८५
९९४। २०८२।३।२५	मेशिनरी औजार खरिद	९९७३३८
९१२।२०८२।३।२२	विभिन्न स्थानमा सडक बत्तीजडान वडा नं.६	९६९९६३

६५.२ **कोटेशन माग गरी कार्य -** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा र नियमावली २०६४ को नियम ८४ मा १० लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउ पत्र माग गरी खरीद गर्नु पर्ने,र प्याकेजमा खरिद गर्न सकिने सामानको प्याकेज बनाई प्रतिष्पर्धी मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृतिका सामान प्रतिस्पर्धी मुल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आर्थिक वर्ष २०८१।८२ मा बोलपत्र वा शिलवन्दी दरभाउ पत्र माग नगरी केही कार्य कोटेशन माग गरी गरेको देखिन्छ । विभिन्न योजनाको निमार्ण गराएको कार्य गुणस्तरीय भए नभएको कार्यालयले अनुगमन गर्नुपदर्छ । केही उदाहरण निम्नानुसार रहेका छन।

भौचर नं. र मिति	योजनाको नाम	लागत अनुमान रु	सम्झौता रु	घटी प्रतिशत
३७।२०८१।६।१६	सडक वत्ती हाइमाष्ट मर्मत	९७२७४२	९६६५९०	०.६३
८४।२०८१।७।१३	सडक विजुली केवल तथा अन्य तार मर्मत	८७०१००	८६४९०२	०.५९
८५।२०८१।७।५	सडक वत्ती जडान ८	८४५८००	८४२८१५	०.३५
८७।२०८१।७।१३	सडक वत्ती हाइमाष्ट मर्मत	९७३२६९	९६७११६	०.६३

६६ **विभिन्न संघ संस्थाको निर्माण कार्य**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै पूर्वाधार निर्माण तथा दिर्घकालिन पूँजि निर्माण हुने क्षेत्रमा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ। उक्त ऐनले संघसंस्था, समुह, मेला, पर्व, जात्रा, यात्रा, संस्कृति लगायतमा आर्थिक सहायता र संस्थागत अनुदान दिन मिल्ने कानूनी व्यवस्था गरेको देखिदैन । पालिकाले पूर्वाधार निर्माण तथा दीर्घकालीन पूँजि निर्माण हुने क्षेत्रमा खर्च गर्नुपर्नेमा निम्नानुसारका संघसंस्थाको भवन निर्माण र अन्य निर्माणका लागि बजेट व्यवस्था गरी खर्च गरेको देखिन्छ । यस्तो कार्यमा पालिकाले सुधार गर्नुपर्ने देखिन्छ ।

भौचर नं र मिति	संघसंस्थाको विवरण	निर्माण कार्यको विवरण	भुक्तानी रकम
१७६।२०८१।९।८	नेपाल स्काउट तालिम केन्द्र	भवन निर्माण	१००००००
२१८।२०८१।९।२५	भूतपूर्व सैनिक क्लव	भवन निर्माण	५०००००
२४९।२०८१।१०।६	ओखेली युवा क्लव	भवन निर्माण	७०००००
७३९।२०८२।३।११	नेपाल अर्थोपेडिक अस्पताल	भौतिक संरचना निर्माण	१२५४८२२
६०५।२०८२।१।२३	नेपाल अर्थोपेडिक अस्पताल	कम्पाण्ड वाल निर्माण	७९५५८३
५६०।२०८२।।११	नेपाल अर्थोपेडिक अस्पताल	वाल निर्माण	९६९५६२

६७ **प्रमाण नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले निम्न भौचरबाट भुक्तानी दिई खर्च गरेको रकमबाट गरेका कार्यको पुष्टयाई हुने कागजात राखेको देखिएन । पालिकाले खर्च पुष्टयाई गर्ने कागजात तथा प्रमाण पेश गर्नुपर्ने देखिएको रू

भौचर नं र मिति	कार्यालयको नाम	रकम	कैफियत
५०९।२०८१।१२।१४	नेपाल विधुत प्राधिकरण वडा नं. ७ ट्रान्समिटर लाईन	१९७९०००	कार्य सम्पन्न प्रतिवेदनको प्रमाण नभएको ।
३९५।२०८१।११।२१	कोष तथा लेखा नियन्त्रक कार्यालय बबरमहल	१८२२५६	कार्य सम्पन्न प्रतिवेदनको प्रमाण नभएको ।
		प्रमाण पेश नगरेको	२१,६१,२५६

६८ **फरक शिर्षक**

फरक शिर्षक- स्थनीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत बार्षिक बजेटको अधिनमा रही कुनै शिर्षकबाट पुँजीगत शिर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । यस पालिकामा कार्यपालिकाले निर्णय गरी नगरसभाबाट पारित गराई सुत्रमा प्रवृष्टि गरी सम्वन्धित शिर्षकमा खर्च लेख्नुपर्नेमा सो नगरी फरक शिर्षकबाट खर्च लेखेको देखिन्छ । पालिकाले एउटा शिर्षकमा विनियोजित रकम अर्को शिर्षकमा रकमान्तर गरेकोमा उक्त रकम सूत्रको सम्वन्धित शिर्षकमा प्रवृष्टि गरी खर्च लेख्नुपर्नेमा सो नगरी साविक शिर्षकबाट नै खर्च लेखेको छ । पालिकाले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

भौचर नं. मिति	कायम शिर्षक	खर्च शिर्षक	रकम
२६।२०८१।६।१३	स्वास्थ्य चौकी भवन निर्माण	राम मन्दिर निर्माण	६००००
१०५२।।२०८२।३।२५	भुक्तानी दिन बाँकी	राज वरालको घरको पहिरो नियन्त्रण	१४३०००
१०५५।२०८२।३।२५	भुक्तानी दिन बाँकी	बालुवा खानेपानी	२८८०००
१००२। २०८२।३।२५	भुक्तानी दिन बाँकी	खानेपानी योजना वडा नं.१,२,३	४४४७८८८
१००२। २०८२।३।२५	भुक्तानी दिन बाँकी	वडा नं.५पोल रङ्गरोगन	७७०२५२
९९४। २०८२।३।२५	भुक्तानी दिन बाँकी	मेशिनरी औजार खरिद	९९७३३८
९६७।२०८२।३।२५	भुक्तानी दिन बाँकी	सिसि क्यामारा मर्मत	९६५५८५
९५६।२०८२।३।२३	भुक्तानी दिन बाँकी	वडा नं. ५ सिसि क्यामारा जडान	६४८०५५
७९९।२०८२।३।१४	नगर अस्पताल	वडा नं.९ आरूबारी पुरानो भवन अगाडी सडक निर्माण	७७३०७९
५८३।२०८२।१।१३	भुक्तानी दिन बाँकी	सुनगाभा समाज भवन निर्माण	१००००००
४८५।२०८१।१२।१२	नगर अस्पताल	वडा नं. ५ सडक बत्ती जडान स्थान नखुलेको १०६ थान स्टेट लाईट	९६९९६९
४८५।२०८१।१२।१२	नगर अस्पताल	वडा नं.३ सडक बत्ती जडान	९७०६४१
३८५।२०८१।।११।२०	प्रशासकिय भवन	वडा नं.७ र ९ सडक वत्ती जडान	९६८३९८
३३२।२०८१।११।५	भुक्तानी दिन वाँकी	तारेभिर आधारभुत विद्यालय निर्माण	२००००००
३२६।२०८१।११।४	जोरपाटी चोकमा लिफ्ट सहितको अपाङ्गमैत्री आकाशे पुल निर्माण ।	सिर्जना टोल वडान ६ बाटो ढलान	४९४१४९

६९ **सफ्टवेयर खर्च**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । नगरपालिका यस वर्ष सफ्टवेयर सञ्चालन वापत रु. ३२,५६,३२१/- खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत गरेको देखिएन । पालिकाले निर्मित सफ्टवेयर विभागबाट स्वीकृति लिएर प्रयोगमा ल्याउनुपर्दछ । यस सम्बन्धमा थप बेहोरा निम्न रहेका छन् ।

भौ.नं	मिति	सफ्टवेयर प्रणालीको नाम	सफ्टवेयर निर्माण गर्ने कम्पनी	भुक्तानी रकम रु.
९४३	२०८२।०३।२३	सूचना बाकस प्रणाली	श्री गोभर्नेन्स अटोमेशन सोलुसन्स प्रा.लि.	१९२३४८६
२३४	२०८१।०९।२९	नगर अस्पताल लेखा प्रणाली	श्री ए वान नेशनल टेक्नोलोजी प्रा.लि.	३४९७३५
९४५	२०८२।०३।२३	स्वास्थ्य संस्थाहरूको लागि सफ्टवेयर	श्री सफ्टटेक फाउण्डेशन प्रा.लि.	९८३१००
		जम्मा		३२५६३२१

लागत अनुमान - कम्प्युटर प्रणाली (सफ्टवेयर) निर्माणमा उक्त कार्यको लागि चाहिने जनशक्तिको पारिश्रमिक र अन्य खर्च खुलाई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले लागत अनुमान तयार नगरी एकमुष्ट प्रस्ताव आह्वान गरेको देखिन्छ । प्रचलित कानूनी व्यवस्था अनुरुप लागत अनुमान तयार गरेर खरिद गर्नुपर्दछ ।

प्रणालीको सुरक्षा र व्यवस्थापन - निर्माण गरिएका सफ्टवेयरको सुरक्षा जाँच (Vulnerability Assessment and Penetration Testing - VAPT) गराएको नपाइएकोले तोकिए अनुसार सेक्युटरी प्रोटोकल र सुरक्षण विधि लागु गरेको पाइएन । साथै खरिद गरिएका सफ्टवेयरको अभिलेख म.ले.प. फाराम ९०३ मा राख्नुपर्नेमा सो गरेको देखिएन । प्रणाली व्यवस्थापनमा पालिकाको पहुँच हुनेगरी यस्ता सफ्वेयरको Source Code लिई प्रणाली सञ्चालन गर्नुपर्दछ ।

७० **विपद् व्यवस्थापन कोष**

गोकर्णेश्वर नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६ को दफा २४ मा प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरणसहितको वार्षिक प्रतिवेदन तयार गरी नगर सभामा पेस गर्नुपर्ने र सार्वजनिक समेत गर्नुपर्ने उल्लेख छ । यस नगरपालिकाले विपद् व्यवस्थापन समितिको सिफारिसमा यस वर्ष रु. १,६०,७६,२८०/- भुक्तानी दिएको देखिन्छ । नगरपालिकाले विपद्मा भएको खर्चको विवरण तयार गरी सार्वजनिक गरेको पाइएन । ऐनमा भएको व्यवस्था पालना हुनुपर्दछ ।

७१ **उपभोक्ता समितिको काम**

७१.१ **उपभोक्ताको काम -**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्री हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना र सिचाई कुलो निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन। सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्नेतर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ । केही उदाहरण निम्नानुसार रहेका छन्।

क्र सं.	उपभोक्ता समितिको नाम	कार्यको विवरण	भुक्तानी रकम
१	राधाकृष्ण मन्दिर संरक्षण समिति	मन्दिर निर्माण	१४६००००
२	गोकर्णेश्वर पाखाथोक सडक उपभोक्ता समिति	सडक निर्माण	५००००००
३	सन्तुखानतारेभिर सडक निर्माण. उपभोक्ता समिति	सडक निर्माण	५००००००
४	आन्नद नगर कल्व नि.उपभोक्ता समिति वडा ८	व्याटमिन्टन कोड निर्माण	१८८६५००
५	चण्डीका भन्ज्याङ्ग बाटो नि उ स	बाटो निर्माण	१००००००
६	चिलाउने खेल मैदान निर्माण उपभोक्ता समिति	खेल मैदान निर्माण	१५०००००
७	वडा नं. ८ मुल सडक सम्म बाटो निर्माण उपभोक्ता समिति	बाटो निर्माण	१४२२०००
८	वडा नं.६ छयोतर्न टासी तामाङ्ग गुम्वा नि उपभोक्ता समिति	गुम्वा निर्माण	१९४००००
९	चामुणंडा क्षेत्र विकास तथा संरक्षण कोष उपभोक्ता समिति	भवन निर्माण	३५०४०००
१०	गोकर्णेश्वर ३ कलभर्ट निर्माण उपभोक्ता समिति	कभर्ड हल निर्माण	२००००००
११	खानेपानी व्यवस्थापन उपभोक्ता समिति वडा नं. ६	खानेपानी योजना निर्माण	१५०००००
१२	थापाचोक सडक स्तरउन्नती उपभोक्ता समिति	सडक निर्माण	५००००००

७१.२ **सरकारी संरचना निर्माण** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्राविधिक क्षमता आवश्यक नपर्ने, लाभग्राही वा उपभोक्ता समितिबाट गर्दा मितव्यीता गुणस्तरीयता र दिगोपना वृद्धि हुने, स्थानीय स्रोत साधन र सीपको उपयोग गरी स्थानीय स्तरमा कार्य सम्पादन हुने, स्थानीय तहमा रोजगारी सृजना हुने, निर्माण कार्यबाट लाभ प्राप्त गर्ने समुदायलाई सहभागी गराउन सकिने, निर्माण पश्चात मर्मत सम्भार र सञ्चालन लाभग्राही समुदायबाटै हुने निर्माण कार्यहरु उपभोक्ता समूहबाट गराउन सकिने उल्लेख छ।पालिकाले निम्न सरकारी कार्यालय भवन उपभोक्ता समितिबाट गराई रु ७७,३०,०००।०० खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउँदा सम्बन्धित उपभोक्ताहरुले लाभ प्राप्त गर्ने, निर्माण पश्चात मर्मत संभार तथा सञ्चालन तिनीहरुबाटै हुने हस्तान्तरण योग्य र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको पालना नगरी गराएको नियमसम्मत नदेखिएको रु.

भौचर नं र मिति	कार्यको विवरण	उपभोक्ता समितिको नाम	रकम रु
२२०।२०८१।९।२५	वडा नं ५ भवन निर्माण	साविक वडा ५ भवन निर्माण उपभोक्ता समिति	१००००००
३१२।२०८१।१०।२८	गोकर्णेश्वर नगर अस्पतालको केहि भाग निर्माण	गोकर्णेश्वर नगर अस्पताल उपभोक्ता समिति	१००००००
१०४१।२०८२।३।२५	गोकर्णेश्वर नगर अस्पतालको वाल निर्माण	वाल निर्माण उपभोक्ता समिति	५०००००
७६४।२०८२।३।।१२	उत्तरवाहिनी स्थित प्रहरी पोष्ट निर्माण	उत्तरवाहिनी स्थित प्रहरी पोष्ट निर्माण उपभोक्ता समिति	१००००००
७६७।२०८२।३।१२	वडा नं. १ प्रहरी चौकी निर्माण	वडा नं. १ प्रहरी चौकी निर्माण उपभोक्ता समिति	८०००००
७५५।२०८२।३।११	गोकर्णेश्वर नगर अस्पताल	गोकर्णेश्वर नगर अस्पताल उपभोक्ता समिति	१९३००००
६०८।२०८२।१।२५	बेशी गाउँ शहरी स्वास्थ्य केन्द्र भवन निर्माण	बेशी गाउँ शहरी स्वास्थ्य केन्द्र भवन उपभोक्ता समिति	१५०००००

अनियमित भएको	७७,३०,०००

७१.३ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली, २०६४को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनु पर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले

सम्पन्न गर्नु पर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनु पर्दछ ।

७१.४ **बिजक बेगर मूल्य अभिवृद्धि कर भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई कार्यालयलले जाँच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष निम्न उपभोक्ता समिति लाई सामान खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही वमोजिम कार्यसम्पन्न भई भुक्तानी भएकोमा बील पेश नभएको सामानको मु.अ कर भुक्तानी भएको देखिन्छ । पालिकाले मूल्य अभिवृद्धि कर बिजक भन्दा फरक रकम भूक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्ने देखिएको रु

भौचर नं.र मिति	उपभोक्ता समितीको नाम	कार्यको विवरण	मु.अ. कर भुक्तानी रकम	बिजक पेश भएको रकम	बिजक पेश नभएको रकम
१७६।२०८१।९।८	सुन्दरीजल ऐतिहासिक दरवार निर्माण उपभोक्ता समिति	ईटा १५।१९को ८०५० ईटा	१६७४४	१०४६५	६२७९
८६७।२०८२।३।२०	बुद्ध पार्क निर्मण उपभोक्ता समिति	ईटा ४४।२५ घ मी को२३४५२	४८७८०	३३५३६	१५२४४
६३१।२०८२।२।६	थाचोक सडक स्तरउन्नती उपभोक्ता समिति	६९५४ के जी डण्डी	९०३७४	८३०५४	७३१९
५५१।२०८२।	गणेश मन्दिर सडक ढलान उपभोक्ता समिति	९६६३ ईटा	२०२९२	११५९५	८६९६
५२६।२०८२।१।७	रक्तकाली युवा समुह उपभोक्ता समिति वडा ९सडक निर्माण	११०।८०Dwc pipe	६४७३६	५६९४२	७७९४
५१३।२०८१।१२।१५	गोकर्ण मा वि भवन निर्माण उपभोक्ता समिति ४	६२८१ के जी डण्डी	७८१५१	६४९६०	१३१९०
४६१।२०८१।१२।५	वडा नं. ३को डिल खेल मैदान निर्माण उ.स.	२३६ घ मी जाली	४५१४०	३५८५२	९२८८
३३२।२०८१।११।५	श्रीतारे भिर आधारभुत विद्यालय भवन निर्माण उ.स.	८२।९९ वर्ग मी एल्मुनियम	८८१०८	६६५९३	२१५१५
३४६।२०८१।११।७	वडा नं. ३ तारेभिर तामाङ्गदगुम्वा निर्माण उपभोक्ता समिति	Upvc sliding windows 58.38 वर्ग मिटर	५७४८९	५०६२२	६८६७
१८।२०८१।६।११	गोकर्ण पाखाथोक सडक उपभोक्ता समिति	एम २० ढलान	२५१४७८	२२९१२५	२२३५३
१०६६।२०८२।३।२५	छ्योर्तेन टाँसी तामाङ्ग गुम्वा उपभोक्ता समिति	ग्रेनाईट २१२।२२वर्ग मी	११९४७९	७०२४४	४९१२५
७५५।२०८२।३।११	गोकर्णेश्वर नगर अस्पताल निर्माण उपभोक्ता समिति	Upvc पाईप खरिद	१५६३९३	६९०४१	८७३५२

असुल गर्नुपर्ने	२,५५,०२२

७१.५ **अनुगमन समीक्षा नभएको**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ (ख) ५ मा उप प्रमुख वा उपाध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन सुपरिबेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समिक्षा गर्ने/गराउने व्यवस्था छ । यस पालिकामा आर्थिक वर्ष २०८१।८२ मा संचालन भएका योजना तथा कार्यक्रम कार्यान्वयन भई सम्पन्न भएका योजनाको प्राविधिक प्रतिवेदनका आधारमा खर्च भुक्तानी गरेकोमा सोको पालिका उप प्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन गरेको प्रतिवेदन पेश गरेको देखिन्छ भने पालिकाद्वारा संचालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए भएन भनी पालिकाले समिक्षा गरेको प्रतिवेदन छैन । पालिकाद्वारा संचालित योजना तथा कार्यक्रमको ऐनमा व्यवस्था भए बमोजिम अनुगमन गरी समिक्षा गरेको प्रतिवेदन राख्नुपर्दछ ।

७१.६ **पालिकाको निर्णय कार्यान्वयन –** गोकर्णेश्वर नगरपालिकाको निर्णय अनुसार रु. २० लाख भन्दा बढीको निर्माण कार्य वोलपत्रको माध्यमबाट गर्ने भन्ने निर्णय गरेको देखिन्छ । पालिकाले यस आर्थिक वर्षमा उक्त सीमा भन्दा बढी रकमको काम उपभोक्ता समितिबाट गराई भुक्तानी गरेको देखिन्छ । पालिकाले गरेको निर्णय तथा नीतिलाई कार्यान्वयन गर्नुपर्दछ । केहि उदाहरण निम्नानुसार रहेका छन् ।

क स	योजनाको विवरण	उपभोक्ता समितिको नाम	भूक्तानी रकम
१	ओखेनी सिचाई योजना	ओखेनी सिचाई योजना उपभोक्ता समिति	२०८९०००
२	विपी चोकदेखि गराडोल सडक मर्मत	विपी चोकदेखि गराडोल सडक मर्मत उपभोक्ता समिति	२२७९५००
३	वडा नं. २ व्याटमिन्टन कोर्ड निर्माण	वडा नं. २ व्याटमिन्टन कोर्ड निर्माण उपभोक्ता समिति	२३६७७००
४	वडा नं. ३ ढाडफेदी देखिघलानटोल सडक मर्मत	वडा नं. ३ ढाडफेदी देखिघलानटोल सडक मर्मत उपभोक्ता समिति	२०८१०००
५	वडा नं. ५ चामुण्डा देविको मन्दिर निर्माण	वडा नं. ५ चामुण्डा देविको मन्दिर निर्माण उपभोक्ता समिति	३३८४०००
६	वडा नं. ५ जम्मुडाडामा विधुतिय शवदाह निर्माण	वडा नं. ५ जम्मुडाडामा विधुतिय शवदाह निर्माण उपभोक्ता समिति	२५८५०००
७	वडा नं. ५ तामाङ मौलमिसस्कृति हवाई संरक्षण भवन निर्माण	वडा नं. ५ तामाङ मौलमि स ्स्कृति हवाई संरक्षण भवन निर्माण उपभोक्ता समिति	३०८६०००
८	वडा नं. ५ दलायन्स क्लव मार्ग सडक निर्माण	वडा नं. ५दलायन्स क्लव मार्ग सडक निर्माण उपभोक्ता समिति	२३६३०००
९	खगेन्द्र नवजिवन विशेष विद्यालयवाल निर्माण	खगेन्द्र नवजिवन विशेष विद्यालय वाल निर्माण उपभोक्ता समिति	२४२५०००
१०	वडा नं. ७ चारधाम मन्दिरभित्र भवनको तला थप	वडा नं. ७ चारधाम मन्दिरभित्र भवनको तला थप उपभोक्ता समिति	३१३८०००
११	वडा नं. ८ ढोल्का धारादेखि राइ स्कुल सम्म सडक निर्माण	वडा नं. ८ ढोल्का धारादेखि राइ स्कुल सम्म सडक निर्माण उपभोक्ता समिति	२४२५०००
१२	नेपाल बेनसास्कृतिक संरक्षण समुदायको भवन निर्माण	नेपाल बेनसास्कृतिक संरक्षण समुदायको भवन निर्माण उपभोक्ता समिति	२५७५०००
१३	वडा नं. ८ सडक पेटी स्तरोन्नती तथा हरियाली प्रवद्धन	वडा नं. ८ सडक पेटी स्तरोन्नती तथा हरियाली प्रवद्धन उपभोक्ता समिति (सडक विभागको अनुमती नलिएको)	४८५००००
१४	गोकर्णेश्वर सामुदायिक पुस्तकालय निर्माण	गोकर्णेश्वर सामुदायिक पुस्तकालय निर्माण उ. स . (जग्गा धनि पुर्जा कस्को नाममा भएको नखुलेको)	४८४३०००
१५	गम्चा कालदह निर्माण	गम्चा कालदह उपभोक्ता समिती	३२६१२०४
१६	सडक पेटी स्तर ोन्तती तथा हरियाली प्रवद्धन कार्यक्रम	सडक पेटी स्तर ोन्तती तथा हरियाली प्रवद्धन उपभोक्ता समिति	५००००००

७१.७ **सामुदायिक भवन निर्माण -** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २७ मा नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ भने दफा ९७ मा गाँउपालिका तथा नगरपालिका आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको संरक्षण गर्ने जिम्मेवारी स्थानीय तहको रहेने व्यवस्था छ।पालिकाले निम्नानुसारको कार्यमा भवन निर्माण गर्दा नक्सा पास लगायतको प्रक्रिया पुरा गरेको देखिएन । केहि उदाहरण निम्नानुसार रहेका छन् ।

भौचर नं. र मिति	योजनाको नाम	उपभोक्ता समितिको नाम	रकम
७५१।२०८२।३। ११	आरूखर्क सामुदायिक भवन निर्माण	वनदेवि संरक्षण तथा आरू खर्क उत्थान समाजउपभोक्ता समिति	१००००००
७६५।२०८२।३। १२	चारधाम मन्दिर भित्र सामुदायिक भवन निर्माण	चारधाम मन्दिर भित्र सामुदायिक भवन निर्माणउपभोक्ता समिति	३२४००००
५९७।२०८२।१। २२	शेर्पा भवन निर्माण	शेर्पा भवन निर्माण उपभोक्ता समिति	५०००००
५८३।२०८२।१। १३	सुनगाभा समाज भवन निर्माण	सुनगाभा समाज भवन निर्माण उपभोक्ता समिति	१००००००
५७६।२०८२।१। १३	शेर्पा समाज सेवा भवन निर्माण	शेर्पा समाज सेवा भवन निर्माण उपभोक्ता समिति	१००००००
५६७।२०८२।१। ११	वडा २ नमोबुद्ध महिला सामुदायिक भवन निर्माण	वडा २ नमोबुद्ध महिला सामुदायिक भवन निर्माण उपभोक्ता समिति	५०००००
५२८।२०८२।१। ७	गरुडटोल कभर्डहल निर्माण	गरूडटोल कभर्डहल निर्माण उपभोक्ता समिति	५००००००
५६४।२०८२।१। ११	श्र्वेतबाराही बहुउदेश्यीय गुठी भवन निर्माण	श्र्वेतबाराही बहुउदेश्यीय गुठी भवन निर्माण उपभोक्ता समिति	१००००००
५६२।२०८२।१। ११	नयाँपाटी तामाङ्ग परिवार गुठी भवन निर्माण	नयाँपाटी तामाङ्ग परिवार गुठी भवन निर्माण उपभोक्ता समिति	१४८४००००
५७४।२०८२।१। १३	ब्रह्मकुमारी भवन निर्माण ८	ब्रह्मकुमारी भवन निर्माण उपभोक्ता समिति	५००००००
२४।२०८१।६। ११	सुनगाभा गुठी समाज तथा सांस्कृतिक संग्राहालय	सुनगाभा गुठी समाज तथा सांस्कृतिक संग्राहालय उपभोक्ता समिति	१४९७०००
२४९।२०८१। १०।६	ओखेली युवा क्लव भवन निर्माण उ.स.	ओखेली युवा क्लव भवन निर्माण उ.स.	७०००००

७१.८ **नापी किताव-** निर्माण सम्बन्धी कामको विवरण नापी किताबमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापी किताबहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयबाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी किताबको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकीकृत रुपमा नराखेको कारण परिक्षण तथा मूल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी किताबको रुपमा राखी सोको नियन्त्रणका लागि नापी किताब नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । पालिकामा गत आ.व.मा संचालित योजनाहरुको भुक्तानी यस वर्ष कार्यसम्पन्न भएको आधारमा भुक्तानी दिएको देखिन्छ । पालिकाले क्रमागत योजनाहरुको नापी किताब एकीकृत गरी राख्नुपर्ने देखिन्छ।

७१.९ **जन श्रमदान** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली ,२०७७ को नियम ३९ को १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाँच गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सहयोगी माध्यामिक विद्यालय लाई भौचर नं. ८३२।२०८२।३।१७ बाट प्राविधिक मुल्याङ्कन बिल अनुसार रू. १०,५०,०००।०० को श्रमदान घटाई रु.९,७०,०००।०० भुक्तानी दिनुपर्नेमा रू. १०,००,०००।०० भुक्तानी दिएकोले रू. ३०,०००।०० बढी भुक्तानी भएको असुल गर्नुपर्ने देखिएको रु.

असुल गर्नुपर्ने	३०,०००

७१.१० **जटिल संरचना -**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका पार्केटिङ्ग, दरबार निर्माण, कालोपत्रे निर्माण, सडक बत्ती जडान लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य निर्माण व्यवसायी तथा फर्मबाट प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्

भौचर नं.र मिति	योजनाको नाम	भुक्तानी रकम
१०५।२०८१।८।१३	आन्नद नगर क्लब वडा नं ८ काठको पार्केटिङ्ग उ.स	१८८६५००
१७६।२०८१।९।८	सुन्दरीजल ऐतिहासिक दरबार निर्माण उ.स	१००००००
७५७।२०८२।३।११	दक्षिणढोका मुख्य सडकबाट कालोपत्रे निर्माण उ.स	१६९६०००
३१।२०८१।६।१५	सडक बत्ती जडान उपभोक्ता समिति	४९५०००

७१.११ **निर्माण कार्यको लागत अनुमान -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रहि गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले खरिद नियमावली अनुसार दरभाउ लिई लागत अनुमान तयार गर्नुपर्नेमा सो नगरी उपभोक्ता समितिबाट दरभाउ लिई लागत अनुमान तयार गरेको देखिन्छ । यसरी कार्यालयले देहायका कार्यको कार्यालय स्वयमले दरभाउ लिई लागत अनुमान तयार गर्नुपर्नेमा उपभोक्ता समितिबाट दरभाउ लिई लागत अनुमान तयार गरी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रू.

भौचर नं.र मिति	उपभोक्ता समितिको नाम	भुक्तानी रकम	सामानको विवरण	दर	**रकम**
५५१। २०८२। १।१	सडक पेटी स्तरोन्ती तथा हरियाली प्रवदन कार्यक्रम	५००००००	Great m 35 muti colur block 669.64 m	४२३०	२१८८१६९
८५७। २०८२। ३।१८	आट घरे उपभोक्ता समिती	३००१०३१	विभिन्न आर्ट निर्माण १४	विभिन्न	२७२००००
१०५। २०८१। ८।१३	वडा नं. ८ आन्नदनगर व्याडमिन्टन कोर्ट	१८८६५००	काठको पार्केटिङ्ग को काम	वर्ग मी को १०६५०का दरले १६०।०६	१९२६४०२मु अ कर सहित

अनियमित भएको	६८,३४,५७१

७२ **भूक्तानी दिन बाँकिको कच्चावारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को १३ मा चालु वर्षको बजेटले नखामेको खर्च बेहोर्न पर्ने भएमा बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनुपर्ने कारण खोली महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाइ श्रावण ७ गते भित्र प्रमाणित गरी राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ को भुक्तानी दिन बाँकी कच्चावारी भनी रू. २०,००,००,०००।०० राखी यस वर्ष रू. ७,२२,०२,५४२।०० खर्च लेखेको देखिन्छ । पालिकाले राखेको अभिलेख भिडान गर्दा वास्तविक दायित्व सृजना भएको रकमको अभिलेख नराखी बहुबर्षिय योजनाको सम्झौता समेतको रकम राखेको देखिन्छ । यसरी नियमावलीमा भएको व्यवस्था अनुसार वास्तविक भुक्तानी दिन बाँकी कच्चावारी रकम मात्र प्रमाणित गरी राख्नु पर्नेमा सो गरेको नदेखिएकोले वास्तविक कच्चावारी रकम कति हो एकिन गर्न सकिएन । पालिकाले आर्थिक दायित्व सृजना भएको बिल भरपाईको मात्र कच्चावारी प्रमाणित गरी राख्नु पर्दछ ।

७३ **सडक वत्ती जडान तथा मर्मत**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४(१) अनुसार सार्वजनिक निकायले मालसामानको खरिद गर्दा स्पेशिफिकेशन र खरिद विवरण वमोजिम प्राप्त भएको एकिन गर्ने, स्पेशिफिकेशन बमोजिम छ छैन भनी एकिन गर्न मालसामानको गुणस्तर र निश्चित वारेन्टी तथा मर्मत

दायित्व समेत किटान गरी सम्झौता गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले सडक बत्ती मर्मत बापत पालिका र वडागत बजेटबाट भुक्तानी खर्च लेखेकोमा खरिद गरिएका मालसामानको खरिद गर्दाका बखत नै वारेन्टी अवधि यकिन गरी मर्मत सम्भारको दायित्वमा निश्चित समयको लागि सम्बन्धित आपूर्तिकर्तालाई जिम्मेवार बनाई कार्य गराउनु पर्नेमा सो नगरी साथै कुन वर्ष खरिद भएको सडक बत्तीको मर्मत भएको हो, वारेन्टी र मर्मत दायित्व कति वर्षको थियो भनी खुल्ने अभिलेख बेगर विभिन्न फर्महरुबाट सोझै पटक पटक खरिद तथा भुक्तानी गरेको छ । सडक बत्ती मर्मतमा न्यूनतम २ वर्षको मर्मत सम्भारको वारेन्टी हुनेमा आपूर्तिकर्तालाई मर्मत सम्भारमा जिम्मेवार गराएको प्रमाण पेश नभएकोले २ वर्ष भित्रको मर्मत हो होइन भन्ने यकिन हुन सकेन । केही उदाहरण निम्न छन ।

भौ.नं र मिति	खरिद शिर्षक	भुक्तानी रकम
२३८।२०८१।१०।३	सडक वत्ती हाइमाष्ट मर्मत	९६६५५६
९१२।२०८२।३।२२	विभिन्न स्थानमा सडक बत्ती जडान वडा नं.. ६	९६९९६३
८०२।२०८२।३।१५	वडा उज्यालो कार्यक्रम मर्मत तथा जडान	१९९२१९
८०७।२०८२।३।१५	वडा उज्यालो कार्यक्रम मर्मत तथा जडान ५	९०६२६
६४६।२०८२।२।१९	सडक वत्ती जडान वडा नं. ९	९७०३८७
५५८।२०८२।१।१०	वडा नं.८ सडक बत्ती जडान	४८६३२३
८७६।२०८२।।३।२१	वडा उज्यालो कार्यक्रम मर्मत तथा जडान वडा नं.५	७१८४६०
४८५।२०८१।१२।१२	वडा नं.५ सडक बत्ती जडान	९६९९६९
४८५।२०८१।१२।१२	वडा नं.३ सडक बत्ती जडान	९७०६४१
४५६।२०८१।१२।५	सि सि क्यामारा जडान तथा मर्मत	९२८०१२

कार्यालयले वार्षिक रूपमा सडक बत्ती जडान गर्ने र कुन वडाको कुन स्थानमा कति जडान भएको अभिलेख राखेको देखिएन । जसले गर्दा गत विगत वर्ष सम्मको अभिलेख भिडान गर्न सकिएन । अतः पालिकाले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

७४ **सिसिटिभी खरिद तथा मर्मत**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४(१) अनुसार सार्वजनिक निकायले मालसामानको खरिद गर्दा स्पेशिफिकेशन र खरिद विवरण वमोजिम प्राप्त भएको एकिन गर्ने, स्पेशिफिकेशन बमोजिम छ छैन भनी एकिन गर्न मालसामानको गुणस्तर र निश्चित वारेन्टी तथा मर्मत दायित्व समेत किटान गरी सम्झौता गर्नुपर्ने व्यवस्था रहेकोमा नगरपालिकाले सिसिटिभी मर्मत बापत खर्च लेखेकोमा यी मालसामानको खरिद गर्दा नै वारेन्टी अवधि यकिन गरी मर्मत सम्भारको दायित्वमा निश्चित समयको लागि सम्बन्धित आपूर्तिकर्तालाई जिम्मेवार बनाई कार्य गराउनुपर्नेमा यो वर्ष पालिकाले सिसिटिभी लगायत अन्य मर्मत तथा जडान शिर्षकमा निम्नानुसार खर्च गरेकोमा कुन वर्ष खरिद भएको सिसिटिभीको मर्मत हो, वारेन्टी र मर्मत दायित्व कति वर्षको थियो भनी खुल्ने अभिलेख बेगर विभिन्न फर्महरुबाट सोझै पटक पटक खरिद तथा भुक्तानी गरेको छ । सिसिटिभी मर्मतमा न्यूनतम २ वर्षको मर्मत सम्भारको वारेन्टी हुनेमा आपूर्तिकर्तालाई मर्मत सम्भारमा जिम्मेवार गराएको प्रमाण पेश नभएकोले २ वर्ष भित्रको मर्मत हो होइन भन्ने यकिन हुन सकेन । खरिद तथा मर्मत भएका सम्पूर्ण सिसिटिभिको पाम्समा दाखिला र सम्बन्धित संस्थाहरुमा हस्तान्तरण हुनुपर्दछ । यस्ता केही उदाहरण निम्न छन् ।

भौ.नं र मिति	खरिदको विवरण	भुक्तानी रकम
१०६।२०१।८।१४	सिसिटिभी क्यामरा जडान तथा मर्मत	२६३८००
६३।२०८१।६।२२	सिसि क्यामरा खरिद	२०२२७०
२४४।२०८१।१०।६	सडकका विभिन्न ठाउमा सडक वत्ति तथा सि सि क्यामरा व्यवस्थापन	९९९००३
९६७।२०८२।३।२५	सिसि क्यामरा मर्मत	९६५५८५
९५६।२०८२।३।२३	वडा नं. ५ सिसि क्यामरा जडान	६४८०५५
७८८।२०८२।३।१४	सिसि क्यामरा जडान वडान ९	९६५६९८
७१४।२०८२।२।२९	सिसि क्यामरा जडान तथा मर्मत	५७१८०३
५७०।२०८२।१।१२	सिसि क्यामरा जडान तथा मर्मत वडा नं. ४ र ५	१९३०१५२

कार्यालयले सिसिटिभी क्यामरा वार्षिक रूपमा खरिद तथा मर्मतमा खर्च गर्ने र कुन वडाको कुन स्थानमा कति जडान भएको अभिलेख राखेको देखिएन । जसले गर्दा गत विगत वर्षसम्मको अभिलेख भिडान गर्न सकिएन । पालिकाले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सोधभर्ना नलिएको

७५ **मर्मत खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ को ५ मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत सम्भारको लागत अनुमान तयार गर्दा त्यस्तो निकायमा त्यस सम्बन्धी विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गराउनु पर्ने व्यवस्था छ । यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ को १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाचँ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आर्थिक वर्ष २०८१।८२ मा मर्मत सम्बन्धी निम्न कार्यको लागत अनुमान तयार नगर्नुको साथै मर्मत गरेका कार्य कुन शाखासँग सम्बन्धित छन, कुन कुन कर्मचारीले प्रयोग गरेका सामानको मर्मत गरिएको हो, सो सामान मर्मत गर्दा खरिद भएका सामान सम्बन्धित जिन्सी खातामा दाखिला गरेको अभिलेख नराखी जिन्सी शाखाबाट सोझै मर्मत आदेश मात्र राखी खर्च लेखेको देखिन्छ । यसरी अभिलेख नराखी खर्च लेखेको सामान वास्तविक हो भन्न सक्ने अवस्था देखिएन । कार्यालयले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

भौचर नं. र मिति	योजनाको नाम	रकम	विवरण	भुक्तानी भएको फर्म
८३८।२०८२।३।१८	मेशिनरी तथा औजार सम्भार	१५८८२१	८ प्रकारका सामान खरिद भएकोमा प्रयोग नखुलेको ।	आर्नबी ईन्टर प्राईजेज
८३९।२०८२।३।१८	मेशिनरी तथा औजार सम्भार	९८३१०	४ वटा सामान तर प्रयोग नखुलेको ।	सेवक डेकोर एण्ड फर्निचर
७०७।२०८२।२।२९	मेशिनरी तथा औजार सम्भार	९८९८८	१२ वटा सामान तर प्रयोग भएको विवरण नखुलेको ।	सेवक डेकोर एण्ड फर्निचर
७०६।२०८२।२।२९	मेशिनरी तथा औजार सम्भार	११०७४०	२ वटा सामान पाम्स दाखिला नभएको ।	सेवक डेकोर एण्ड फर्निचर
७०५।२०८२।२।२९	मेशिनरी तथा औजार सम्भार	२९८७७२	४ वटा सामानको ९९६६६ को अभिलेख नखुलेको ।	एक्टिभ कम्पयूटर टेड्रस
७०३।२०८२।२।२९	मेशिनरी तथा औजार सम्भार	३८०००	२ वटा सामान पाम्स दाखिला नभएको ।	
६९८।२०८२।२।२९	मेशिनरी तथा औजार सम्भार	९९९४८	६ प्रकारका सामान प्रयोग अभिलेख नभएको ।	
६९६।२०८२।२।२९	मेशिनरी तथा औजार सम्भार	९९७७९	७ प्रकारका सामान प्रयोग अभिलेख नभएको ।	
४७१।।२०८१।१२।७	वडा भित्रका सिसि क्यामारा टिभी जडान तथा मर्मत ५	१६४६४१	६ प्रकारका सामान प्रयोग अभिलेख नभएको ।	प्रशान्त ईन्टरप्राइजेज
३७८।२०८१।१।१९	वडा नं. ५ सि सि क्यामारा मर्मत	९७१८०	६ प्रकारका कहाँ गरेको उल्लेख नभएको ।	

७६ **पुँजीगत शिर्षकबाट चालु खर्च**

नगरपालिकाको कुल खर्च रू. १ अर्व ३८ करोड २९ लाख भएकोमा चालु शिर्षकमा रु. ७९ करोड ४४ लाख (५७.४४ प्रतिशत) र पुँजीगत शिर्षकमा रू. ५८ करोड ८५ लाख (४२.५५ प्रतिशत) खर्च गरेको देखिन्छ । पालिकाले खर्च गरे अनुसार पुँजीगत शिर्षकको श्रेस्ता परीक्षण गर्दा पुँजीगतको मेशिनरी तथा औजार शिर्षकबाट निम्नानुसार चालु प्रकृतिको शिर्षकमा खर्च गरेको देखिन्छ । पुँजीगत शिषर्कमा बजेट राखी चालु प्रकृतिको खर्च लेखेको मनाशिव देखिएन । पालिकाले वजेट खर्च गर्दा पुँजीगत शिर्षकमा पुँजीगत बजेट मात्र खर्च गर्नुपर्दछ । यस सम्बन्धी केहि उदाहरण निम्नानुसार रहेका छन् ।

भौचर नं. र मिति	खरिदको विवरण	योजनाको नाम	रकम	**कैफियत**
५८७।२०८२।०१।१६	मेशिनरी तथा औजार	ल्यापटप मर्मत	१९७७५०	शाखा उल्लेख नभएको
५८८।२०८२।१।१६	मेशिनरी तथा औजार	ल्यापटप मर्मत	२६०८०४	
८९०।२०८२।३।२२		प्रिन्टर लगायत सामान मर्मत ।	१०२८३०	शाखा उल्लेख नभएको
८९१।२०८२।३।२२		प्रिन्टर लगायत सामान मर्मत ।	९९४४०	
८९२।२०८२।३।२२		जेनेरेटर लगायतका सामान मर्मत ।	९९७७९	लागत अनुमान नभएको ।
८८९।२०८२।३।२२		ल्यापटप लगायतका सामान मर्मत	९८८८७५	लागत अनुमान नभएको ।
८९५।२०८२।३।२२		सोफासेट लगायतका सामान मर्मत	९९८९२	लागत अनुमान नभएको ।
८४२।२०८२।३।१८		कुर्सी लगायतका सामान मर्मत	९९८३६	लागत अनुमान नभएको ।
८४२।२०८२।३।१८		दराज लगायतका सामान मर्मत	९९१०१	लागत अनुमान नभएको ।
८४२।२०८२।३।१८		फोटोकपी मेशिन लगायतका सामान मर्मत ।	९९४४०	लागत अनुमान नभएको ।
८४५।२०८२।३।१८	सिसि क्यमरा शिर्षक	क्यामरा मर्मत ।	९९१०१	लागत अनुमान नभएको ।
८४८।२०८२।३।१८	मेशिनरी तथा औजार	ल्यापटप लगायतका सामान मर्मत ।	९८८७५	लागत अनुमान नभएको ।

७७ **अमानतको कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ को ३ मा अमानतबाट निर्माण कार्य गर्नु परेमा त्यस्तो काम एक लाख रूपैयामा नबढाई खण्ड खण्ड गरी वार्ताबाट गराउन वा निर्माण सम्बन्धी काममा आवश्यक निर्माण सामाग्री उपलब्ध गराई ज्यालामा दिन सक्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न शिर्षकबाट अमानतको कार्य नगरपालिका कर्मचारी बाहेकका व्यक्तिलाई रकम भुक्तानी दिई गराएको देखिन्छ । यसरी नियमावलीको व्यवस्था विपरीत सामाग्री सहितको रकम भुक्तानी दिई कार्य गरेको नियमसम्मत नदेखिएको रू.

भौचर नं. र मिति	योजना तथा कार्यक्रमको नाम	रकम	भुक्तानी पाउनेको नाम	कैफियत
८।२०८१।६।९	वडा उज्यालो कार्यक्रम वडा नं. ५	१३२५२७५	सुभास पुडाशैनी। २४ वटा भौचरबाट	लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन नभएको । कार्यालय बाहेकको व्यक्ति मार्फत खरिद कार्य ।
४२।२०८१।१६।१६	विपद व्यवस्थापन	९८५५२	रामप्रसाद परिवार	अमानत काम, व्यक्तिको नाममा चेक, कार्यालय भन्दा बाहिरको व्यक्ति ।
२८।२०८१६।१४	सडक बत्ती मर्मत	९९४४०	रामप्रसाद परिवार	
४५।२०८१।६।१६	ढल मर्मत सरसफाई	४१५८६२	चमन सुबेदी ११ वटा भौचरबाट	अमानत काम, व्यक्तीको नाममा चेक, कार्यालय भन्दा बाहिरको व्यक्ति ।
७२।८१।६।२३	भैपरी आउने पुँजीगत खर्च	२९१०००	३ जनाको नाम	
७०।२०८१।६।२२	भैपरी आउने पुँजीगत खर्च	९६०००	विकास राणा मगर	

अनियमित भएको	२३,२६,१२९

७८ **जनप्रतिनिधिबाट खरिद कार्यमा सम्झौता**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिनुपर्ने व्यवस्था छ भने ऐनको दफा १६ को (ग) मा वडा अध्यक्षको काम कर्तव्य र अधिकार स्पष्ट तोकिएको छ । नगरपालिकाले उक्त ऐनमा भएको व्यवस्थाको पालना नगरी जनप्रतिनिधिबाट प्रदान गरिएको अधिकारको पुनः जनप्रतिनिधिले नै प्रयोग गरी वडा अध्यक्ष्यबाट एक लाख लाखसम्मको लागत अनुमान, नापी किताब र कार्य सम्पन्न प्रतिवेदन प्रमाणित गर्ने गरेको देखिन्छ । नगरपालिकाले अख्तियारी प्राप्त अधिकारीबाट मात्र खरिद र निर्माण कार्यको लागत अनुमान, नापी किताब र कार्य सम्पन्न प्रतिवेदन प्रमाणित गर्नुपर्दछ । केही उदाहरण निम्न छन्

भौचर नं. र मिति	योजनाको नाम	रकम	कैफियत
७२।८१।६।२३	भैपरी आउने पुँजीगत खर्च	२९१०००	३ वटा योजना,ो वडा नं. ४ वडा अध्यक्ष, व्यक्तिको नाममा चेक जारी ।
७०।२०८१।६।२२	भैपरी आउने पुँजीगत खर्च	९६०००	वडा नं. १, विकास राणाको नाममा चेक ।
१२२।२०८१।८।१९	विपद व्यवस्थापन	९८५१०	वडा नं. ४ व्यक्तिको नाममा चेक र अमानत
१२३।२०८१।८।१९	विपद व्यवस्थापन	९५९२४	वडा नं. ४ व्यक्तिको नाममा चेक र अमानत
१२४।२०८१।८।१९	विपद व्यवस्थापन	९८०७४	वडा नं. ४ व्यक्तिको नाममा चेक र अमानत
१२५।२०८१।८।१९	विपद व्यवस्थापन	९९८८०	वडा नं. ४ व्यक्तिको नाममा चेक र अमानत
१२६।२०८१।८।१९	विपद व्यवस्थापन	९५९१६	वडा नं. ४ व्यक्तिको नाममा चेक र अमानत
१२८।२०८१।८।१९	विपद व्यवस्थापन	९७२५६	वडा नं. ४ व्यक्तिको नाममा चेक र अमानत
१३१।२०८१।८।१९	विपद व्यवस्थापन	९९११९	वडा नं. ४ व्यक्तिको नाममा चेक र अमानत
१३५।२०८१।८।२८	वडा स्तरीय साना सिचाई	९९११९	वडा नं. ४ व्यक्तिको नाममा चेक र अमानत
१८७।२०८१।९।१६	गैरीगाउँ टोल सुधार संस्था		वडा नं ९ का वडा अध्यक्षबाट प्रमाणित ।

७९ **मर्मत सम्भार कोष**

स्थानिय सरकार संचालन ऐन, २०७४ मा गाउँपालिका वा नगरपालिकालाई प्राप्त भएको जुनसुकै प्रकारको आम्दानी पालिकाको सभाबाट निर्णय भए बमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकामा विगत लामो समयदेखि रहेको मर्मत सम्भार कोषको रू. १,२६,९५,३०७।०० नगर सभाको निर्णय र कार्यपालिकाको निर्णय वेगर काम वा योजनाको उपलब्धी मापन नगरी मिति २०८१।११।२७ मा नगरपालिकाले टिप्पणी उठाई आगामी नगरपालिकाबाट अनुमोदन गराउने गरी काठमाण्डौ उपत्यका खानेपानी कार्यालयले पेश गरेका २३ वटा टुक्रा कोटेशन बिलको आधारमा भुक्तानी गरेको देखिन्छ। पालिकाले नगरसभा र नगरपालिकाको निर्णय नगरी साथै खर्च गर्ने निकायले सार्वजनिक खरिद नियमावलीको पालना नगरी खर्च लेखेको मनासिव देखिएन । नगरपालिकाले भुक्तानी गरेको रकमबाट नगरपालिकाको कुन ठाउँमा खानेपानी कार्यालयले के काम गर्यो, त्यसबाट के उपलब्धी भयो सो सम्बन्धमा पालिकाले अनुगमन तथा मुल्याङ्कन गरी अभिलेख समेत राखेको देखिएन । यसमा पालिकाले सुधार गर्नुपर्ने देखिएको छ ।

८० **खर्च पुष्ट्याई गर्ने प्रमाण नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले निम्न भौचरबाट भुक्तानी दिई खर्च गरेको रकमबाट गरेका कार्यको पुष्टयाई हुने कागजात राखेको देखिएन । निम्न कार्यलाई रकम भुक्तानी गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रू

भोैचर नं.र मिति	**योजनाको नाम**	**रकम**	**कैफियत**
१४।२०८१। ६।११	ल्यापटप खरिद	१४१२५०	लागत अनुमान नभएको, सोझै खरिद, सिरियल नं सहित दाखिला नभएको ।
११३।२०८१। ८।१७	कार्पेट लगायतका ७ प्रकारका सामान	५६७९३२	सुन्दरी जल स्वास्थ्य चौकीले जिन्सी दाखिला गरेको प्रमाण पेश नभएको ।
९९४। २०८२।३।२५	मेशिनरी औजार खरिद	९९७३३८	पाम्स दाखिला नभएको।
९६५।२०८२। ३।२२	सर्जिकल सामाग्री खरिद	५०८५००	लागत अनुमान, हस्तान्तरण र लार्ज एल. सि. डि. खरिदको दाखिला नभएको ।
६९१।२०८२। २।२९	सर्जिकल सामाग्री अक्सिजन कन्सिनेटर खरिद	९०००००	हस्तान्तरण, लार्ज एल सि डि खरिदको दाखिला र लागत अनुमान नभएको ।
५३०।२०८२। १।७	सवारी साधन portable fire pamp	९९८९२०	पाम्स दाखिला, प्राविधिक परीक्षण र वारेण्टी कार्ड नभएको ।
४५८।२०८१। १२।५	पानी फिल्टर खरिद वडा नं. ९ (२ थान)	१९४००८	वडा र पालिकामा दाखिला नभएको ।
४५७।२०८१। १२।५	१० वटा स्वास्थ्य संस्थालाई कम्प्युटर खरिद	९८९८८०	स्वास्थ्य संस्थामा दाखिला भएको प्रमाण पेश नभएको ।
४२०।२०८१। ११।२५	वडा नं. २ मा १० प्रकारका सामान खरिद	३०१३५९	दाखिला प्रतिवेदन र वितरण भरपाई नभएको ।
३६७।२०८१। ११।७	जिल्ला प्रहरी कार्यालय काठमाण्डौ आई फाइप कम्प्युटर खरिद (५ थान)	४२३७५०	पाम्स दाखिला र लागत अनुमान नभएको
५१२।२०८१। १२।१५	ढुंगेधारा महिला समुह वडा नं. ९ को लागि ५० थान कुर्ची लगायत ३ प्रकारका सामान	१४९७२५	दाखिला र हस्तान्तरण नभएको।
६३।२०८१। ६।२२	सि सि क्यामरा खरिद	२०२२७०	इलागत अनुमान र पाम्स दाखिला नभएको ।

प्रमाण पेश नगरेको	६३,७४,९३२

८१ **ठेक्का व्यवस्थापन**

८१.१ **कार्य सम्पन्न प्रतिवेदन**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएका निर्माण कार्य आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको व्यहोरा राखी प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले खरिद सम्झौता संख्या, सम्पन्न भएको निर्माण कार्य, प्राप्त भएको माल सामान वा सेवाको विवरण, निर्माण कार्य सम्पन्न भएको वा मालसामान वा सेवा प्राप्त भएको मिति र सम्पन्न निर्माण कार्य, प्राप्त मालसामान, वा सेवा स्वीकृत भएको मिति लगायतको व्यहोरा सहितको प्रतिवेदन तयार भएपछि सार्वजनिक निकायले आवश्यक प्रक्रिया पुरा गरी भुक्तानीको लागी आर्थिक प्रशासनमा लेखी पठाउनु पर्ने व्यवस्था छ ।कार्यालयले यो वर्ष संचालित र गत वर्षका योजना यस वर्ष सम्पन्न भएका आधारमा कार्य स्वीकार प्रतिवेदन तयार गरी भुक्तानी गरेको देखिन्छ । कार्यालयले आर्थिक वर्ष २०८०।८१ मा कार्य स्वीकार गरी भुक्तानी दिएका योजनाको निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भए पछी सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग डिजाइन वा स्पेशिपीकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँच बुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्नेमा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको विवरण लेखापरीक्षणको समयमा उपलब्ध भएन । कार्य सम्पन्न प्रतिवेदन बेगर कार्यालयले स्वीकार गरेका योजनाहरूको कार्य, स्वीकृत ड्रइङ्ग

डिजाइन गुणस्तर र स्पेसिफिकेशन अनुसार भएको छ भन्न सकिने आधार देखिएन । अतः कार्यालयले सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम सम्पन्न योजनाको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ।

८१.२ **विमा अवधि नभएको -** सार्वजनिक खरिद नियमावली, २०६४को नियम १२० को १ मा सम्झौता बमोजिमको काम खरिद सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यावसाय, आपुर्तिकर्ता सेवा प्रदाय वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तीमा एक्काइस दिन अगावै निधारित अवधिको कार्यसम्पादन, जमानत, बीमा र पेश्की सम्वन्धी जमानत तथा शंशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्वन्धित सार्वजनिक निकायमा अवधि थपको लागिनिवेदन दिनु पर्ने व्यवस्था छ । यस कार्यालयले बृहत खानेपानी निर्माण कार्यको म्याद थप गर्दा विजय स्ट्रक्चर प्रा. लि. को रू. १,००,०००।०० को बीमाको म्याद पोलिसि मिति २०८३।४।३० सम्म हुनुपर्नेमा मिति २०८२।४।३० सम्मको मात्र लिएको देखिन्छ । कार्यालयले खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम निर्माण कार्यको विमा पोलिसिको म्याद थप गरेको प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	१,००,०००

८१.३ **ठेक्का व्यवस्था -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वयन गरेको छ । यस्ता योजना लागत अनुमान भन्दा २०.४८ देखि ४०.२७ प्रतिशत सम्म घटेको देखिन्छ । केही योजनाको उदाहरण निम्नानुसार रहेका छन् ।

क.सं.	योजनाको विवरण	ठेक्का नं.	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
१	माईति नेपालबाट वडा नं. ३ जाने बाटो निर्माण	०१।२०८१।८२	३८२०४६३०	२६८१३४३८	२९.८१
२	ओखेनी मुलखर्क सडक निर्माण	२।२०८१।८२	३५७२७१६६	२६११११६९	२६.९१
३	श्वेतवाराही मार्ग स्तरोन्नती	४।२०८१।८२	३५६४६२६	२३८५९१३	३३.०६
४	गो. न. पा. ३ फ्लोरिकल्चर टोलमा मोटर बाटो निर्माण	५।२०८१।८२	५९९७९२७	४७६९२५०	२०.४८
५	गोकर्णेश्वर वडा. न. ३ नमुना वस्ती जाने बाटो निर्माण	१३।२०८१।८२	८३५२३२४	४९८८७५०	४०.२७
६	वडा नं. १, २, ३ र ४ पहिरो रोकथाम	१४।२०८१।८२	५९९८५१९	३८३५२५६	३६.०६
७	गोकर्णेश्वर वडा नं. ३ गाम्चा ट्रान्समिटर चोक हुदै सडक निर्माण	७।२०८१।८२	६२७५१५४	३९२८६२२	३७.३९

८१.४ **बिओ क्युमा सवारी साधन -** सार्वजनिक लेखा समितिको मिति २०६९/०१/०८ को निर्णयले निर्माण कार्यको बिल अफ क्वान्टिटी (BOQ) मा सवारीसाधन, साईट अफिस भाडाजस्ता निर्माण कार्यसँग असम्बन्धित खर्च समावेश नगर्न निर्देशन दिएको छ । पालिकाले गोकर्णेश्वर अस्पतालको भवन निर्माण कार्यको लागत अनुमानको BOQ मा चारपाङ्ग्रे सवारी साधन राखी रू. २३,७३,०००।०० मा खरिद गरेको देखिन्छ । यसरी समितिले गरेको निर्णय विपरित लागत अनुमानको BOQ मा सवारी साधन राखी खरिद गरेको कार्य उचित देखिएन । यसबाट योजनाको लागत बढ्ने हुनाले योजनामा आवश्यक परिमाणको मात्र लागत अनुमान तयारी गरी खरिद कार्य गर्नुपर्दछ ।

८२ **लघुउद्यम विकास कार्यक्रम**

८२.१ **फरक क्रियाकलापमा खर्च (२७३।२०८२।०३।२३)** – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वियन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्ने र सम्बन्धित स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने उल्लेख छ। पालिकाले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम शीर्षकमा विनियोजित बजेट बाट कर्मचारीलाई विभिन्न मितिमा बसेको बैठकको बैठक भत्ता रु. ४७,६०० भुक्तानी गरेको देखिन्छ। सशर्त कार्यक्रमको बजेटबाट बैठक भत्ता भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	४७,६००

८२.२ **प्रविधि हस्तान्तरण (२३१।२०८२।०३।१६)** - गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ अनुसार सीप विकास सम्बन्धी तालिम प्राप्त व्यक्तिलाई समूहमा प्रविधि हस्तान्तरण गर्दा २० प्रतिशत लाभग्राहीको सहभागिता हुनुपर्ने व्यवस्था रहेको छ । प्रविधि हस्तान्तरणको लागि अन्सार हाउसबाट सिलाइ कटाइ मेसिन रु. १,६७,००० मा खरिद गरी समूहमा हस्तान्तरण गरेकोमा लाभग्राहीको सहभागितावापतको रु. ३३,४०० समावेश नगरी पुरै भुक्तानी दिएको देखिन्छ । नियममा भएको व्यवस्थाअनुसार समूहको सहभागितावपतको रकम रु. ३३,४०० हजार फिर्ता गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३३,४००

संपरीक्षणबाट थप भएको बेरुजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ५ मा स्थानीय तहले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो सर्वेक्षणमा तोकेको आधारमा पालिकामा आवश्यक दरबन्दी र पदपूर्ति गर्नुपर्ने उल्लेख छ। पालिकाले वङ्ला ईन्जिनियरिङ्ग एण्ड डेभ्लपरबाट पालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी गोकर्णेश्वर नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८० तयार गरेको छ। जुन प्रतिवेदनले पालिकामा स्थायी र करार तर्फ ३६२ जनाको दरबन्दी स्वीकृत गरेकोमा सो बाहेक पालिकाले निम्नानुसार पदमा दरबन्दी भन्दा बढि कर्मचारी पदस्थापना गरी रु.१,२६,७५,७६७/- तलब भत्ता भुक्तानी गरेकोले अनियमित देखिएको रु.	१,२६,७५,७६७

क्र. सं	पद	स्वीकृत दरबन्दी संख्या	आ. व २०८१ / ८२ मा कार्यरत संख्या	दरबन्दी भन्दा बढी संख्या	मासिक तलब	जम्मा वार्षिक भुक्तानी तलब भत्ता
१	आ. ले . प पाचौँ	१	३	२	३४७३०	९२२९८०
२	असिस्टेन्ट सव ईन्जिनियर	६	७	१	३२९०२	४३७७२६
३	हे. अ अधिकृत सातौँ	१	२	१	४५८५१	६०६०६३
४	हे. अ अधिकृत छैठौँ	१३	१९	६	४३६८९	३४६७७४२
५	हे. अ पाचौँ	४	१४	१०	३४९३०	४६१४९००
६	रेडियोग्राफर	१	३	२	३२९०२	८७५४५२
७	फार्मेसी सहायक	१	५	४	३२९०२	१७५०९०४
जम्मा						१२६७५७६७

क्र.सं.	बेरुजुको विवरण	रकम
२	बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ५ मा स्थानीय तहले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी तोकेको आधारमा पदपूर्ति गर्नुपर्ने उल्लेख छ। पालिकाले गोकर्णेश्वर नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८० तयार गरी विभिन्न पदमा स्थायी र करार सेवामा जम्मा ३६२ जनाको दरबन्दी स्वीकृत गरेकोमा निम्नानुसार पदमा दरबन्दी बेगर कर्मचारी पदस्थापना गरी रु.१,१८,५२,७९८/- तलब भत्ता भुक्तानी गरेकोले अनियमित देखिएको रु.	१,१८,५२,७९८

क्र. सं	पद	आ. व २०८१ / ८२ मा कार्यरत संख्या	मासिक तलब	जम्मा वार्षिक भुक्तानी तलब भत्ता
१	प. हे . न पाचौँ	२०	३४७३०	९२२९८००
२	अ. न . मी पाचौँ	३	३४७३०	१३०९८२०
३	एम्बुलेन्स चालक	३	३२९०२	१३१३१७८
जम्मा				११८५२७९८

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : गोकर्णेश्वर नगरपालिका , गोकर्णेश्वर नगरपालिका , काठमाडौं

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	याम नारायण गौली	२०८१-१-२०	हाल सम्म कार्यरत
लेखा प्रमुख	रामजी. रायमाझी.	२०७७-७-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
८,६४०,७२३	६६,८३३,१११	१९,८७१,६४३	०	०	४,५०६,८७५
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	९९,८५२,३५२
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	४४,५८४,४६९
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	२४,५२८,५६५
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	७९,७९६,४४८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१७८४५८८२६.८२	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	५६६३७४३३२	चालु खर्च	७९४४७१७३०.१३
प्रदेश सरकारबाट अनुदान	३१३३५३२७२	पूँजीगत खर्च	५८८५१८७९८.९५
राजश्व बाँडफाँट	१८३६२५७५९.७२	वित्तीय/अन्य व्यवस्था	३६५७३९२१७.५१
आन्तरिक आय	३४१८५४२८७.९८		
अन्य आय	३१६०८४७०७.४५		
कुल आय	१७२१२९२३५९.१५	कुल खर्च	१७४८७२९७४६.५९
बाँकी मौज्दात		१५१०२१४३९.३८	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

बजेट र गैरबजेट निकायको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०-१)

क्र.स./आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार	गत आ.ब. को कारोबार
	राजस्व, अनुदान र अन्य प्राप्ति		
११०००	कर	५७,३६,४१,८३१.२४	५५,३४,६२,४८५.५४
१३०००	अनुदान	६०,४०,४८,१९४.३५	५५,३६,५९,३३१.३९
१४०००	अन्य राजस्व	१८,८६,१८,९१४.२३	११,१४,५७,७७९.०८
१५०००	विविध प्राप्ति	३६,४८,२८६.००	०
क	**कुल जम्मा प्राप्ति**	१,३६,९९,५७,२२५.८२	१,२१,८५,७९,५९६.०१
३	चालु	७९,४४,७१,७३०.१३	७८,९१,६७,७११.४५
२१०००	पारिश्रमिक / सुविधा	३१,७७,१०,६७३.६९	३०,६०,९९,९११.३८
२२०००	मालसामान तथा सेवाको उपयोग	३५,९८,०६,६३६.८७	३८,५४,६१,१४३.०७
२५०००	सहायता (Subsidy)	७,३९,३२,४९१.५७	५,९०,२९,२३६.००
२६०००	अनुदान	२५,००,०००.००	१५,००,०००.००
२७०००	सामाजिक सुरक्षा	२,८४,५४,४५८.००	२,४०,८७,१७१.००
२८०००	अन्य खर्च	१,२०,६७,४७०.००	१,२९,९०,२५०.००
४	पूंजीगत	५८,८५,१८,७९८.९५	४१,९४,२४,१७५.००
३१११०	भवन तथा संरचना	६,००,२३,६९०.००	३,७३,३९,७३२.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	२,२७,३८,१३३.००	२,२२,८७,८९६.००
३११३०	अन्य पूँजीगत खर्च	५४,९७,६७६.००	१७,९५,९२९.००
३११४०	सुरक्षा उपकरण	०	२०,३३,५७१.००
३११५०	सार्वजनिक निर्माण	४७,७६,८९,०७०.९५	३५,५१,४७,०४७.००
३११६०	निर्मितसरचनाको सुधार खर्च	१,३३,०५,८५२.००	८,२०,०००.००
३११७०	पूँजीगत सुधार खर्च	९२,६४,३७७.००	०
५	वित्तीय	०	०
ख)	**कुल जम्मा भुक्तानी**	१,३८,२९,९०,५२९.०८	१,२०,८५,९१,८८६.४५
ग)	**बचत /कमी (ग = क-ख)**	-१,३०,३३,३०३.२६	९९,८७,७०९.५६
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**	-१,६४,०१,४४३.२१	९०,७८,९६७.४८

घ.१)	**कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी**	२,६४०.४३	-१,८४२.९६
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**	-२,९४,३४,७४६.४७	१,९०,६६,६७७.०४
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**	१६,६९,९२,५५९.२८	१४,७९,२५,८८२.२४
छ)	**विनिमय नाफा/घाटा तथा अन्य समायोजन**		
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**	१३,७५,५७,८१२.८१	१६,६९,९२,५५९.२८

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।